संघीय नेपालमा

# तहगत सरकारबीच अधिकार र कार्यजिम्मेवारीको बाँडफाँड

संक्षिप्त संस्करण

संघीय नेपालमा

# तहगत सरकारबीच अधिकार र कार्यजिम्मेवारीको बाँडफाँड

संक्षिप्त संस्करण

यो संक्षिप्त संस्करण अस्ट्रेलिया सरकार र दि एशिया फाउण्डेशनको साझेदारीमा सञ्चालित स्थानीय सरकार सबलीकरण कार्यक्रमको सहयोगमा तयार गरिएको हो । यसमा अभिव्यक्त विचारहरूले संस्थागत धारणालाई प्रतिनिधित्व गर्दैनन् ।

**सल्लाहकार समूह**
मेघन नाल्बो
प्रिति थापा
विष्णु अधिकारी

**पुनरावलोकन**
डा. श्याम भूर्तेल
डा. सोमलाल सुवेदी

**सम्पादन**
परशुराम उपाध्याय, अमोल आचार्य

**लेखन**
कृष्ण प्रसाद सापकोटा, रूद्र सापकोटा, नवराज कोइराला

**पहिलो संस्करण** असोज २०७६ (September 2019)

**छापिएको प्रति** १०००

**प्रेस** क्रिएटिभ प्रेस प्रा.लि.
हाँडिगाउँ, काठमाडौं

# प्राक्कथन

एकात्मक शासन व्यवस्थाबाट संघीयतामा रूपान्तरण नेपालका लागि नौलो अभ्यास हो । संघीयतामा प्रवेशसँगै संविधानबाटै संघ, प्रदेश र स्थानीय तहका सरकारहरूबीच अधिकार र कार्यजिम्मेवारीको बाँडफाँड भएको छ । तहगत सरकारका संवैधानिक अधिकारक्षेत्रलाई कानून अनुसार थप विस्तृतीकरण र व्याख्या गरी कार्यान्वयन भइरहेको छ । ती अधिकारक्षेत्रहरूको व्याख्या र बाँडफाँडमा तहगत सरकारबीच साझा मत बन्ने क्रममा रहेको छ । यद्यपि तहगत सरकारबीच अधिकारक्षेत्रको प्रयोगमा नीतिगत, संस्थागत र कार्यान्वयन तहमा केही अस्पष्टताहरू रहेका छन् ।

यस सन्दर्भमा तहगत सरकारबीच अधिकारक्षेत्रको व्याख्या र बाँडफाँडमा देखिएका अस्पष्टताहरू पहिचान गर्ने उद्देश्यले यो अध्ययन गरिएको छ । यस अध्ययनबाट तहगत सरकारबाट संविधानप्रदत्त एकल तथा साझा अधिकारक्षेत्रको प्रभावकारी प्रयोग र आवश्यक नीतिगत तथा संस्थागत सुधार गर्नका लागि आधार पुग्ने विश्वास लिइएको छ । तथापि, यो अध्ययन यसखालको सुरूवाती अभ्यास भएकोले आगामी दिनमा थप अध्ययन र विश्लेषण गरी सुधारका लागि पहल निरन्तर हुनेछ भन्ने विश्वास लिएको छु ।

अध्ययनका क्रममा सन्दर्भ सामग्रीहरूको पुनरावलोकन, स्थलगत अध्ययन तथा सरोकारवालाहरूसँग परामर्श तथा मूल अध्ययन प्रतिवेदन लेखन गर्नुहुने अध्ययन टोलीका प्रमुख संविधानसभाका सदस्य कृष्ण प्रसाद सापकोटा र विषयविज्ञ रूद्र सापकोटा एवं नवराज कोइरालाप्रति हार्दिक आभार व्यक्त गर्दछु । मूल अध्ययन प्रतिवेदनका आधारमा यो संक्षिप्त संस्करण लेखन तथा सम्पादन गर्नुहुने परशुराम उपाध्याय र अमोल आचार्यलाई धन्यवाद दिन्छु ।

यस अध्ययनको आवश्यकता पहिचान एवं सुरूवात गर्न तथा मस्यौदा प्रतिवेदनमाथि राय, सुझाव प्रदान गर्नुभएकोमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगका अध्यक्ष श्री बालानन्द पौडेल, नेपाल सरकारका पूर्व मुख्यसचिव डा. सोमलाल सुवेदी, स्थानीय तह पुनःसंरचना आयोगका सदस्य डा. श्यामकृष्ण भूर्तेल र डा. दामोदर अधिकारीप्रति आभार व्यक्त गर्दछु । साथै, यस प्रकाशनको अन्तिम मस्यौदाको भाषिक शुद्धता र प्रस्तुतिकरण सम्बन्धमा आवश्यक सुझाव दिनुभएकोमा शरदचन्द्र वस्ती प्रति आभारी छु ।

अध्ययनबाट पहिचान भएका मुख्य विषयको प्रस्तुतिका लागि साउन १४, २०७६ मा आयोजित नीति संवाद कार्यक्रममा सहभागी भई महत्वपूर्ण राय सुझाव प्रस्तुत गर्नुहुने नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकारका प्रतिनिधिहरु तथा दातृ निकायमा प्रतिनिधि र विषयविज्ञहरु प्रति समेत यस अवसरमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै, अध्ययनलाई मूर्तरूप दिन आवश्यक राय, परामर्श, सल्लाह र सुझाव प्रदान गर्नुहुने नेपाल सरकार, प्रदेश सरकार, नगरपालिका तथा गाउँपालिकाका पदाधिकारी, कर्मचारीहरु र संलग्न विज्ञहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**विष्णु अधिकारी**
कार्यक्रम निर्देशक

# विषय सूची

**परिच्छेद १ : तहगत सरकारबीच अधिकार बाँडफाँडको आधार र संरचनागत प्रबन्ध**

१.१ पृष्ठभूमि ... ३
१.२ संवैधानिक आधार ... ६
१.३ कानूनी आधार र कामको विस्तृतीकरण ... ७
१.४ तहगत सरकारबीच अधिकारको दोहोरोपना र अस्पष्टता ... १०
१.५ अधिकार प्रयोग तथा कार्यजिम्मेवारी सम्पादनको संरचनागत प्रबन्ध ... १६
१.६ संघ, प्रदेश र स्थानीय तहमा जनशक्ति व्यवस्थापन ... २२

**परिच्छेद २ : वित्तीय अधिकारक्षेत्रको बाँडफाँड**

२.१ तहगत सरकारको राजस्व अधिकारक्षेत्र ... २७
२.२ केही मुख्य सवाल तथा अस्पष्टताहरू ... ३०
२.३ अन्तर सरकारी वित्तीय हस्तान्तरण ... ३५
२.४ केही मुख्य सवालहरू ... ४७

**परिच्छेद ३ : तहगत सरकारबीच विषयक्षेत्रगत अधिकार तथा कार्यजिम्मेवारीको बाँडफाँड**

३.१ शिक्षा ... ५३
 ३.१.१ कार्यअधिकार क्षेत्रको बाँडफाँड ... ५३
 ३.१.२ केही प्रमुख सवाल तथा अस्पष्टताहरू ... ५७
३.२ स्वास्थ्य ... ६१
 ३.२.१ कार्य अधिकारक्षेत्रको बाँडफाँड ... ६१
 ३.२.२ केही मुख्य सवाल तथा अस्पष्टताहरू ... ६७

३.३ कृषि तथा पशु विकास ... ७१
३.३.१ कार्यअधिकार क्षेत्रको बाँडफाँड ... ७१
३.३.२ केही प्रमुख सवाल तथा अस्पष्टताहरू ... ७८
३.४ भौतिक पूर्वाधार विकास ... ८१

**परिच्छेद ४ : मौलिक हकको कार्यान्वयनमा तहगत सरकारको कार्यजिम्मेवारी र दायित्व**

४.१ रोजगारीको हक सम्बन्धमा ... १०१
४.२. सामाजिक सुरक्षाको हक सम्बन्धमा ... १०३
४.३ सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धमा ... १०३
४.४ उपभोक्ताको हक सम्बन्धमा ... १०४
४.५ बालबालिकाको हक सम्बन्धमा ... १०६
४.६ केही अन्तरराष्ट्रिय सन्धि महासन्धि र अभिसन्धिहरूको कार्यान्वयनमा तहगत सरकारको कार्यजिम्मेवारी र दायित्व सम्बन्धमा ... १०८

**परिच्छेद-५ : निष्कर्ष तथा सुझावहरू**

५.१ सूचीकृत संवैधानिक अधिकारबारेको साझा बुझाई निर्माण ... ११६
५.२ राजस्व अधिकारक्षेत्रको बाँडफाँडमा प्रष्टता ... ११७
५.३ विषयक्षेत्रगत सुझाव ... १२०
५.३.१ शिक्षा ... १२०
५.३.२ स्वास्थ्य ... १२२
५.३.३ कृषि तथा पशुसेवा विकास ... १२४
५.३.४ सडक यातायात ... १२५
५.३.५ खानेपानी तथा सरसफाई ... १२६
५.३.६ सिचाईं ... १२७
५.३.७ आवास तथा शहरी विकास ... १२८
५.३.८ जलस्रोत/ऊर्जा ... १२८

५.४ मौलिक हकको कार्यान्वयनमा तहगत सरकारको दायित्व ........ १२९
५.५ अधिकारको हस्तान्तरण तथा मानव संशाधन र क्षमता विकास कार्ययोजना निर्माण ........ १३०
५.६ योजना तथा बजेट प्रणालीमा तादम्यता ........ १३१
५.७ संस्थागत सुधार र समन्वय सुदृढीकरण ........ १३२
५.८. नीतिगत तथा कानूनी सुधार ........ १३५
५.९. तहगत सरकारबीच साझा धारणा निर्माण गर्न प्रक्रियागत सुझाव ........ १३६

**अनुसूची १ : तहगत सरकारको संविधानमा सूचीकृत अधिकार एवं कार्यजिम्मेवारी ........ १४१**

**सन्दर्भ सामाग्री ........ १६२**

परिच्छेद १

# तहगत सरकारबीच अधिकार बाँडफाँडको आधार र संरचनागत प्रबन्ध

# १ तहगत सरकारबीच अधिकार बाँडफाँडको आधार र संरचनागत प्रबन्ध

## १.१ पृष्ठभूमि

संघीयतामा राज्यका तहहरूबीच संविधानबाटै अधिकार तथा राज्य शक्तिको बाँडफाँड गर्नु एक राजनीतिक पूर्व शर्त मानिन्छ । विश्वका परिपक्व संघीय लोकतान्त्रिक प्रणाली भएका देशहरूको अनुभव समेतलाई हेर्दा एक केन्द्रबाट मात्र अधिकारको बृहत अभ्यास गर्नु व्यवस्थापनका हिसावले कठीन र अप्रभावकारी तथा राजनीतिक सन्तुष्टीका हिसावले कमजोर हुन्छ । शासन प्रक्रियामा नागरिक सहभागिता, समावेशी प्रतिनिधित्व र अपनत्व स्थापित गर्न गराउन र राज्यको सेवा प्रवाहलाई जनताको नजिक पुऱ्याउन र जवाफदेही शासन प्रणाली सञ्चालन गर्न तहगत प्रदेश (राज्य वा क्षेत्रीय) तथा स्थानीय तहमा अधिकार र जिम्मेवारीको बाँडफाँड अनिवार्य हुन्छ ।

नेपालको संविधानले खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने व्यवस्था गरेको छ । यसका साथै तहगत सरकारको स्वायत्त अधिकारक्षेत्र र जनतालाई पुऱ्याउनु पर्ने सेवाका आधारमा राजस्व बाँडफाँड गर्ने व्यवस्था गरेको छ । खर्चको आवश्यकता र राजस्व क्षमताको यथार्थ आंकलन गर्न तहगत सरकारबीच अधिकार एवं कार्यजिम्मेवारीको स्पष्ट बाँडफाँड गर्नु अनिवार्य हुन्छ । कार्यजिम्मेवारीको स्पष्ट बाँडफाँड भएमा त्यस्तो कार्य सम्पादनका लागि तहगत सरकारलाई कति खर्च आवश्यक पर्छ सोको लेखाजोखा गर्न सम्भव हुन्छ । कुन तहका सरकारले जनतालाई कुन सेवा पुऱ्याउनु पर्ने हो सो स्पष्ट हुन सकेमा मात्र त्यस्तो सेवा प्रवाहका लागि तहगत सरकारको उपयुक्त संगठन संरचना, जनशक्ति र कार्यप्रणालीको निर्धारण

गर्न सहज हुन्छ । यसबाट राजस्वको सम्भाव्यता र उपयोगको अवस्था मापन गरी तहगत सरकारबीच न्यायोचित वित्तीय हस्तान्तरण प्रणालीको अभ्यास गर्न र सार्वजनिक सेवामा सुधार ल्याउन मद्दत पुग्दछ ।

यस अध्ययनको प्रमुख उद्देश्य संविधानको भावना र प्राबधान बमोजिम तहगत सरकारबीच अधिकार तथा कार्यजिम्मेवारीको प्रयोगमा देखिएका बेमेल वा बाझिएका कार्यजिम्मेवारीका क्षेत्रहरू, दोहोरोपना र सम्वोधन हुन बाँकी कार्यअधिकार (खर्चाधिकार र राजस्व अधिकार क्षेत्रसमेत) सँग सम्वन्धित विषयहरू पहिचान गर्नु रहेको छ । यसबाट तहगत सरकारबीच कार्यअधिकार क्षेत्रको वितरण एवं पुनर्वितरणका सम्बन्धमा थप स्पष्टता आउने र नीतिगत, कानूनी तथा संस्थागत सुधारका साथै तहगत सरकारबीच समन्वयात्मक कार्य प्रणालीको विकास गर्न थप आधार प्राप्त हुने विश्वास लिइएको छ ।

संघ, प्रदेश र स्थानीय तहबीच बाझिएका, दोहोरोपना र सम्वोधन हुन बाँकी कार्यअधिकारको विश्लेषण गर्दा मूलतः नेपालको संविधानमा सूचीकृत अधिकारक्षेत्रका साथै मूलभूत रूपमा नेपाल सरकार र प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, मौलिक हकसम्बन्धी कानूनहरू कार्यान्वयन सम्बन्धी ऐनहरू, केही सन्धी–अभिसन्धीहरू र अन्य प्रचलित नेपाल कानूनहरूलाई आधार लिइएको छ ।

अध्ययनका क्रममा सन्दर्भ सामग्रीको पुनरावलोकन गर्नुका अतिरिक्त नमूनाका रूपमा प्रदेश र स्थानीय सरकारहरू छनौट गरी प्राथमिक सूचना संकलन तथा तत् तहका सरकारका कानूनी व्यवस्था समेतको विश्लेषण गरिएको छ । साथै प्रचलित नेपाल कानूनका साथै छनौट गरिएका प्रदेश र स्थानीय सरकारका कानूनी दस्तावेजहरू, बजेट विनियोजन तथा योजना दस्तावेजहरूलाई आधार लिइएको छ । प्रदेशका हकमा कानूनी स्रोतहरूको विश्लेषण गर्दा स्थलगत अध्ययन नभएका प्रदेशको सान्दर्भिक कानूनहरू समेतको पुनरावलोकन गरिएको छ ।

अध्ययनका लागि प्रदेशको छनौट गर्दा तराई, पहाड र हिमालको प्रतिनिधित्व हुने गरी प्रदेश नं. २, ३ र कर्णाली प्रदेश छनौट गरिएको छ । साथै मानव विकास सूचकांकमा तुलनात्मक बलियो र कमजोर प्रदेशहरु छनौट गरिएको छ । स्थानीय तहहरु छनौट गर्ने क्रममा सम्बन्धित प्रदेशभित्र रहेका स्थानीय शासन सबलीकरण कार्यक्रम[1] लागू भएका तीन वटा नगरपालिका र सो नगरपालिका आसपासका केही गाउँपालिकाहरूलाई नमूनाका रूपमा छनौट गरी २०७५ साल मंसिर र पौष महिनामा स्थलगत अध्ययन र परामर्श गरिएको थियो ।

| प्रदेश | नगरपालिका | गाउँपालिका |
|---|---|---|
| प्रदेश नं. २ | कलैया (बारा) | बटेश्वर (धनुषा) |
| प्रदेश नं. ३ | भिमेश्वर (दोलखा) | मेलुङ (दोलखा) |
| कर्णाली प्रदेश | वीरेन्द्रनगर (सुर्खेत), र<br>चामुण्डा बिन्द्रासैनी (दैलेख) | सिम्ता (सुर्खेत) |

अध्ययन प्रतिवेदनको अन्तिम मसौदा तयार हुने वित्तिकै २०७५ साल फागुनमा लगभग डेढ सयभन्दा बढी प्रचलित नेपाल कानूनमा संशोधन भए । नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ मार्फत तहगत सरकारको भूमिका र कार्यअधिकार क्षेत्रमा संशोधन एवं परिमार्जन भएकोले सोसमेतलाई पुनरावलोकन गरी यस अध्ययनलाई अद्यावधिक गरिएको छ ।

अध्ययनमा तहगत सरकारको विषयक्षेत्रगत अधिकार र जिम्मेवारीहरूको विश्लेषण गर्दा मूलतः तीन वटै तहको साझा अधिकारक्षेत्रसँग सम्बन्धित तथा सार्वजनिक सेवा प्रवाहसँग प्रत्यक्ष सम्बन्धित वित्तीय व्यवस्था, कृषि तथा पशु विकास, शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधार (सडक यातायात, आवास तथा शहरी विकास, विद्युत/ऊर्जा, सिचाईं, खानेपानी तथा सरसफाई) सम्बन्धी विषयक्षेत्रमा केन्द्रित गरिएको छ । अध्ययनमा संघीय संसद एवं प्रदेशसभामा विचाराधीन रहेका केही

१ स्थानीय शासन सबलीकरण कार्यक्रम दि एशिया फाउण्डेशनबाट अष्ट्रेलियन सरकारको आर्थिक सहयोगमा सञ्चालित रहेको छ । यो कार्यक्रमको अवधि सन २०१७ को फेब्रुअरी देखि २०२१ को फेब्रुअरी महिनासम्म गरी चार बर्षको रहेको छ ।

सान्दर्भिक विधेयकहरूको विश्लेषण गरिएकोमा विधेयक पारित हुँदाका वखतको थपघटलाई भने अध्ययनले समेट्न सकेको छैन ।

यस अध्ययनमा नेपालको संविधान, प्रचलित कानून र विद्यमान अभ्यासहरूको पुनरावलोकन एवं विश्लेषण गरी तहगत सरकारको अधिकारक्षेत्र एवं कार्यजिम्मेवारीमा रहेको अस्पष्टता, दोहोरोपना, बाझिएका र सम्वोधन हुन बाँकी व्यवस्थाहरूको पहिचान गरी सोको सुधारका लागि आवश्यक सुझाव प्रस्तुत गरिएको छ ।

संघीय राज्य संरचनामा सरकारका तहहरूबीच संविधान तथा प्रचलित कानून बमोजिम अधिकार र कार्यजिम्मेवारीको बाँडफाँडको के कस्तो व्यवस्था भएको छ? के कुन अधिकार एकल अधिकारमा रहेका छन? के कस्ता विषय साझा अधिकारमा रहेका छन? त्यस्तो अधिकारक्षेत्र र कार्यजिम्मेवारीमा दोहोरोपना तथा छुटेका विषयहरु के रहेका छन? त्यस्तो अधिकारको प्रयोगका लागि के कस्तो संस्थागत प्रबन्ध रहेको छ? तहगत सरकारमा वित्तीय अधिकारक्षेत्र (खर्चाधिकार र राजस्व अधिकारको बाँडफाँड) कस्तो रहेको छ? तहगत अधिकारको प्रयोगका लागि के कस्तो मानव संशाधन/जनशक्तिको प्रबन्ध गरिएको छ भन्ने विषयको विश्लेषण यस खण्डमा गरिएको छ ।

## १.२ संवैधानिक आधार

नेपालको संविधान (२०७२) ले संघीय लोकतान्त्रिक ढाँचामा राज्यको पुनःसंरचना गर्दै राज्यको मूल संरचनाका रूपमा संघ, प्रदेश र स्थानीय तहका सरकारको व्यवस्था गरेको छ । संविधानका विभिन्न धारामा तहगत सरकारका अधिकारक्षेत्रको सारभूत व्यवस्था गर्नुका साथै सूचीकृत अधिकारको व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय सरकारको एकल तथा साझा अधिकारको अनुसूचीकृत व्यवस्था संविधानले गरेको छ । संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहबाट राज्य शक्तिको प्रयोग हुने विषय प्रष्ट उल्लेख गरिएको छ ।

तहगत सरकारबीच कार्यअधिकार क्षेत्रको बाँडफाँड गर्दा संघ, प्रदेश र स्थानीय तहमा क्रमशः ३५, २१ र २२ वटा बुँदाहरूमा विभिन्न कार्यअधिकार क्षेत्रको सूचीकृत गरिएको छ । यसका साथै, २५ वटा बुँदामा संघ र प्रदेशको साझा अधिकारक्षेत्रको व्यवस्था र १५ वटा बुँदा अन्तर्गत संघ, प्रदेश र स्थानीय

तहको साझा अधिकारक्षेत्रमा पर्ने अधिकार र कार्यजिम्मेवारीको व्यवस्था सूचीकृत गरिएको छ ।[२] संविधानतः संख्यात्मक रूपमा संघले ७५, प्रदेशले ६१ र स्थानीय सरकारले ३७ वटा बुँदा अन्तर्गत विभिन्न विषयक्षेत्रगत अधिकारको प्रयोग र सो अनुसारको कार्यजिम्मेवारी निर्वाह गर्नुपर्ने अवस्था रहेको छ ।[३] यसका अतिरिक्त संविधानका अन्य धाराहरूले समेत अधिकारको बाँडफाँड गरेको छ । छुट्टै धाराहरूमा संघ, प्रदेश र स्थानीय तीनवटै तहले पूरा गर्नुपर्ने कार्य जिम्मेवारीमा मौलिक हकसम्बन्धी व्यवस्था पनि रहेका छन् ।

**तालिका १.१: तहगत सरकारका संवैधानिक अधिकारको संख्यात्मक स्थिति**

| तहगत सरकार | एकल अधिकार (अनुसूची ५, ६ र ८) | साझा अधिकार (अनुसूची ७ र ९) | जम्मा |
|---|---|---|---|
| संघ | ३५ | ४० | ७५ |
| प्रदेश | २१ | ४० | ६१ |
| स्थानीय | २२ | १५ | ३७ |

## १.३ कानूनी आधार र कामको विस्तृतीकरण

संविधान प्रदत्त उल्लिखित कार्यअधिकार क्षेत्रलाई नेपाल सरकारबाट पारित संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरण प्रतिवेदन[४] समेतका आधारमा प्रचलित संघीय, प्रदेश तथा स्थानीय सरकारका कानूनहरूले थप परिभाषित र विस्तृतीकरण गरी कानूनीरूप प्रदान गरेको छ ।

---

२ संविधानको अनुसूची ५ देखि ९ सम्ममा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको विषयक्षेत्रगत अधिकार र कार्यजिम्मेवारीहरूको तुलनात्मक विस्तृत विवरण अनुसूची १ मा दिइएको छ ।

३ तहगत सरकारको अधिकारको संख्या गणना गर्दा संविधानमा उल्लिखित बुँदागत संख्यालाई आधार लिइएको छ । एउटै बुँदा अन्तर्गत दुई वा सोभन्दा बढी अधिकारक्षेत्रहरु समेत उल्लेख भएकोमा सोलाई आधार लिइएको छैन । साझा अधिकारको संख्या गणना गर्दा संविधानको अनुसूची ७ र ९ समेतलाई जोडी गणना गरिएको छ ।

४ नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७३ माघ १८ गतेको निर्णय अनुसार तहगत सरकारबीच कार्यअधिकार क्षेत्रको विस्तृतीकरण गरियो । यो राम्रो सुरूवात थियो जसले तहगत सरकारका संविधानप्रदत्त कार्यजिम्मेवारीलाई थप प्रष्ट पार्ने उद्देश्य लिएको थियो । जस अनुसार त्यसपछि बनेका कानूनलाई प्रभाव पार्न सफल पनि भयो । तथापि, तहगत सरकारमा निर्वाचित जनप्रतिनिधित्व नहुँदै भएको यस नीतिगत निर्णयले कतिपय अधिकारका वितरण संवैधानिक व्यवस्था अनुरूप नभएको र तहगत सरकारका धारणालाई समेत समेट्न नसकेको गुनासो प्रदेश तथा स्थानीय सरकारको रहने गरेको छ ।

नेपाल सरकारको कार्य विभाजन नियमावली, २०७४ (संशोधित २०७५) ले संघीय सरकारको विषयगत कार्यक्षेत्र, प्रदेश सरकारको कार्य विभाजन नियमावली (२०७४) ले सम्वन्धित प्रदेश सरकारको विषयगत कार्यक्षेत्र र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारको विषयगत कार्य अधिकारक्षेत्रको विस्तृतीकरण व्यवस्था गरेको छ, जसको संख्यात्मक अवस्था तल तालिका बमोजिम रहेको छ ।[५]

**तालिका १.२: विषयक्षेत्रगत कार्य तथा अधिकारक्षेत्रको संख्यात्मक स्थिति**

| क्र. सं. | विषयक्षेत्र/उपक्षेत्र | तहगत सरकारको विषयगत अधिकार एवं कार्यजिम्मेवारीको संख्या | | | जम्मा |
|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | |
| | रक्षा र सेना (युद्ध र प्रतिरक्षा समेत) | २२ | – | – | २२ |
| | परराष्ट्र मामिला | २२ | – | – | २२ |
| | गृह मामिला (शान्ति सुरक्षा, प्रहरी, विपद् व्यवस्थापन, मानवअधिकार, शान्ति व्यवस्थापन र सत्य निरूपण समेत) | ५१ | २६ | २५ | १०२ |
| १ | आर्थिक मामिला (कर, राजस्व, बैंक, विनिमय, अनुदान, सहयोग र ऋण समेत) | ४३ | २४ | २० | ८७ |

५ संघको कार्यअधिकार क्षेत्रको संख्या उल्लेख गर्दा नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ (संशोधन २०७५ सहित) बाट स्थापित २२ वटा मन्त्रालयलहरूको कार्यअधिकार क्षेत्रलाई आधार लिइएको छ । नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको कार्यविवरणलाई विषयक्षेत्रगत आधारमा छुट्याई जुन विषयसँग सम्बन्धित छ सोही क्षेत्रमा पर्ने गरी गणना गरिएको छ ।

प्रदेशको कार्यअधिकार क्षेत्रको संख्यात्मक गणना गर्दा सबै प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय लगायत ७ वटा मन्त्रालय अन्तर्गत विषयक्षेत्रगत कार्य विभाजन भइरहेकोले सम्बन्धित विषयक्षेत्र अन्तर्गत रहने गरी संख्या गणना गरिएको छ । यसैगरी प्रदेश सरकारको कार्यअधिकार क्षेत्रको विश्लेषण गर्दा प्रदेश नं. २ को प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ लाई आधार लिइएको छ । यस विश्लेषणका क्रममा कर्णली प्रदेश, सुदुरपश्चिम प्रदेश तथा प्रदेश नं. ३ को कार्यविभाजन नियमावलीसँग तुलना गर्दा सामान्यतया नेपाल सरकारबाट प्रेषित नमूना नियमावली सबै प्रदेश सरकारले जस्ताको त्यस्तै पारित गरी लागू गरेको देखिन्छ ।

स्थानीय सरकारको कार्यअधिकार क्षेत्रको विश्लेषण गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई आधार लिइएको छ । स्थानीय सरकारका कार्यअधिकार क्षेत्रहरु तालिकामा प्रस्तुत विषयक्षेत्र बमोजिम वर्गीकरण नभएकोले मिल्दो शीर्षक अन्तर्गत गणना गरिएको छ ।

| क्र.सं. | विषयक्षेत्र/उपक्षेत्र | तहगत सरकारको विषयगत अधिकार एवं कार्यजिम्मेवारीको संख्या | | | जम्मा |
|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | |
| २ | कार्यपालिका (मन्त्रिपरिषद) सम्बन्धी | ४८ | १५ | ० | ६३ |
| ३ | संघीय मामिला तथा सामान्य प्रशासन (प्रदेश र स्थानीय सेवा) | २९ | ८ | ७ | ४४ |
| ४ | कानून, न्याय तथा संसदीय मामिला (सभा, न्याय प्रशासन, कानून, अदालत सम्बन्धी समेत) | ३२ | ७ | ९ | ४८ |
| ५ | शिक्षा (माध्यमिक शिक्षा, प्राविधिक शिक्षा, विश्वविद्यालय शिक्षा, विज्ञान प्रबिधि, प्रज्ञा प्रतिष्ठान, पुस्तकालय समेत) | ३४ | ११ | २३ | ६८ |
| ६ | स्वास्थ्य तथा जनसंख्या | ३५ | २१ | २९ | ८५ |
| ७ | संस्कृति, पर्यटन र नागरिक उड्डयन | ३३ | ११ | ६ | ५० |
| ८ | पूर्वाधार विकास र यातायात | २१ | ७ | ९ | ३७ |
| ९ | शहरी विकास (योजना तथा तथ्याङ्क समेत) | १२ | ६ | ३७ | ५५ |
| १० | खानेपानी तथा सरसफाई | ६ | ५ | ५ | १६ |
| ११ | सञ्चार तथा सूचना प्रबिधि (दूरसञ्चार, पत्रपत्रिका, छापाखाना, रेडियो, टेलिभिजन र हुलाक समेत) | २७ | १३ | ५ | ४५ |
| १२ | ऊर्जा, जलस्रोत तथा सिचाईं | ३० | ९ | ९ | ४८ |
| १३ | वन तथा वातावरण (वन, वातावरण, जलाधार, वन्यजन्तु, भूसंरक्षण, जलवायू परिवर्तन समेत) | ३२ | २८ | ३७ | ९७ |
| १४ | भूमि व्यवस्था तथा सहकारी (भूउपयोग, बस्ती विकास समेत) | २४ | १५ | १८ | ५७ |

| क्र.सं. | विषयक्षेत्र/उपक्षेत्र | तहगत सरकारको विषयगत अधिकार एवं कार्यजिम्मेवारीको संख्या | | | जम्मा |
|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | |
| १५ | कृषि तथा पशुपन्छी विकास | २५ | १७ | २३ | ६५ |
| १६ | श्रम, रोजगार र सामाजिक सुरक्षा | १५ | ५ | ६ | २६ |
| १७ | उद्योग, वाणिज्य तथा आपुर्ति (खानी खनिज समेत) | ४४ | २८ | १९ | ९३ |
| १८ | महिला, बालबालिका, जेष्ठ नागरिक (संघसंस्था समेत) | १२ | ७ | १० | २७ |
| १९ | युवा तथा खेलकुद | ९ | ४ | ५ | १८ |
| जम्मा | | ६०६ | २६७ | ३०२ | ११७५ |

तालिकामा उल्लेख भए बमोजिम संघ, प्रदेश र स्थानीय तहको कार्यअधिकार क्षेत्रलाई हेर्दा संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारक्षेत्रको रूपमा क्रमशः ७५, ६१ र ३७ वटा कार्यजिम्मेवारीहरु रहेका छन् । साथै नेपाल सरकार र प्रदेश सरकारको कार्यविभाजन नियमावली र स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था बमोजिम संघमा ६०६ वटा र प्रदेश र स्थानीय सरकारमा क्रमशः २६७ र ३०२ को संख्यामा विषयक्षेत्रगत कार्यजिम्मेवारीको बाँडफाँड गरिएको छ ।

## १.४ तहगत सरकारबीच अधिकारको दोहोरोपना र अस्पष्टता

संविधान र प्रचलित कानून बमोजिमको तहगत सरकारमा कार्यअधिकार क्षेत्र बाँडफाँड हेर्दा एउटै तहले मात्र गर्ने भनी प्रष्ट किटान भएका कार्यअधिकार क्षेत्रहरु कममात्र रहेका छन । कुनै एउटा तहमात्रको एकल अधिकारक्षेत्रमा रही अन्य तहको एकल वा साझा अधिकारक्षेत्रभित्र नपर्ने अधिकारक्षेत्रहरु संघको तुलनामा प्रदेश र स्थानीय तहको हकमा नगण्य मात्र रहेको देखिन्छ ।[६]

६ प्रदेशको मात्र एकल अधिकारक्षेत्रमा कृषि आयमा कर, प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, परिवहन, प्रदेश लोकमार्ग, प्रदेश सभा, प्रदेश निजामती सेवा र अन्य सरकारी सेवा, संग्रहालय र गुठी व्यवस्थापन रहेको छ । स्थानीय तहमात्रको एकल अधिकारमा सम्पत्ति कर, घर बहाल कर, भूमिकर

कतिपय विषयमा संघ, प्रदेश र स्थानीय तीन वटै तहको एकल अधिकारक्षेत्र अन्तर्गत समान प्रकृतिको अधिकार र कार्यजिम्मेवारी रहेको हुँदा कुन तहको एकल अधिकार हुने हो र सोको पुनर्वितरणका सिद्धान्तहरु के हुने हुन भन्ने विषयका साथै सोको अभ्यास र व्याख्यामा तहगत सरकारबीच समान धारणा बनी सकेको छैन ।[७]

**तालिका १.३: दुई वा तीन तहका सरकारको सह एकल अधिकारमा रहेको समान प्रकृतिको कार्य अधिकारक्षेत्र**

| विषयक्षेत्र | संघ र प्रदेश दुबैको सह एकल अधिकारक्षेत्र | प्रदेश र स्थानीय दुबैको सह एकल अधिकारक्षेत्र | संघ, प्रदेश र स्थानीय तीन वटै तहको सह एकल अधिकारक्षेत्र |
|---|---|---|---|
| कर तथा राजस्व | | घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर | पर्यटन दस्तुर, पर्यटन र पर्यटन शुल्क, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना |
| स्वास्थ्य | स्वास्थ्य सेवा | | |
| सहकारी | | सहकारी संस्था | |
| सिचाई | | | सिचाई |
| सञ्चार | रेडियो, टेलिभिजन | एफ. एम | |

(मालपोत), व्यवसाय कर, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई, वैकल्पिक ऊर्जा, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, गाउँ सभा, नगर सभा, जिल्ला सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, घरजग्गा घनीपूर्जा वितरण, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन, स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्याङ्क, स्थानीयस्तरका विकास आयोजना रहेको छ ।

७ नेपालमा संघीयताको अनुभव नभएको अवस्थामा निर्माण भएको नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहबीच कार्यजिम्मेवारी र अधिकारक्षेत्र बाँडफाँड गर्दा सीमित सिकाई र राजनीतिक शक्ति गठजोडका आधारमा गर्नुपऱ्यो । प्रदेश र स्थानीय तहमा निर्वाचित सरकारहरूको तत्कालीन अनुपस्थितिले कार्यअधिकार क्षेत्रको बाँडफाँडमा ती सरकारका संस्थागत भावना समावेश हुन नसकेको गुनासो प्रदेश र स्थानीय तहका प्रतिनिधिहरूले विभिन्न परामर्श तथा छलफलका क्रममा व्यक्त गरेका छन् ।

| विषयक्षेत्र | संघ र प्रदेश दुबैको सह एकल अधिकारक्षेत्र | प्रदेश र स्थानीय दुबैको सह एकल अधिकारक्षेत्र | संघ, प्रदेश र स्थानीय तीन वटै तहको सह एकल अधिकारक्षेत्र |
|---|---|---|---|
| संस्कृति | | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास | |
| खानेपानी | | खानेपानी | |
| शान्ति सुरक्षा | शान्ति सुरक्षा | | |
| वातावरण | वातावरण व्यवस्थापन | | |

*स्रोतः नेपालको संविधानको अनुसूची ५-९*

कुनै एउटा तहको एकल अधिकारक्षेत्र अन्तर्गत सूचीकृत अधिकारहरु अन्य तहको साझा अधिकारमा पनि परेकोले त्यस्ता अधिकारको व्याख्या र प्रयोगमा द्वन्द्व रहेको छ । अधिकारक्षेत्रको यस्तो दोहोरोपनाले गर्दा केही विषयमा कुन तहको सरकारले कतिसम्म अधिकारक्षेत्रको प्रयोग गर्ने र कुन तहको सरकारले के कति जिम्मेवारी लिनुपर्ने भन्ने विषयमा अन्यौल रहेको छ ।

**तालिका १.४: संघ, प्रदेश र स्थानीय तहको एकल र तीन वटै तहको साझा रहेको समान प्रकृतिको अधिकारक्षेत्र**

| विषयक्षेत्र | संघको एकल अधिकार | प्रदेशको एकल अधिकार | स्थानीय तहको एकल अधिकार | तीनवटै तहको साझा अधिकार |
|---|---|---|---|---|
| शिक्षा | केन्द्रिय विश्वविद्यालय | प्रदेश विश्वविद्यालय र उच्च शिक्षा | आधारभूत तथा माध्यमिक शिक्षा | शिक्षा |
| पर्यटन, संस्कृति | पुरातात्विक महत्वका स्थान र प्राचीन स्मारक | संग्रहालय | | पुरातत्व, प्राचीन स्मारक र संग्रहालय |

| विषयक्षेत्र | संघको एकल अधिकार | प्रदेशको एकल अधिकार | स्थानीय तहको एकल अधिकार | तीनवटै तहको साझा अधिकार |
|---|---|---|---|---|
| स्वास्थ्य | स्वास्थ्य नीति, स्वास्थ्य सेवा, स्वास्थ्य मापदण्ड, गुणस्तर र अनुगमन, राष्ट्रिय वा विशिष्ट सेवा प्रदायक अस्पताल, परम्परागत उपचार सेवा, सरूवा रोग नियन्त्रण | स्वास्थ्य सेवा | आधारभूत स्वास्थ्य र सरसफाइ | स्वास्थ्य |
| कृषि | | कृषि तथा पशु विकास | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण | कृषि |
| सामाजिक सुरक्षा र गरीबी निवारण | सामाजिक सुरक्षा र गरीबी निवारण | | | सामाजिक सुरक्षा र गरीबी निवारण |
| वातावरण | वातावरण व्यवस्थापन, अनुकूलन | वातावरण व्यवस्थापन | वातावरण संरक्षण | वातावरण |
| वन्यजन्तु, चराचुरूंगी | वन्यजन्तु आरक्ष तथा सीमसार क्षेत्र | | वन्यजन्तु | वन्यजन्तु, चराचुरूङ्गी |
| विपद व्यवस्थापन | | | विपद व्यवस्थापन | विपद व्यवस्थापन |
| जैविक विविधता | | | जैविक विविधता | जैविक विविधता |

| विषयक्षेत्र | संघको एकल अधिकार | प्रदेशको एकल अधिकार | स्थानीय तहको एकल अधिकार | तीनवटै तहको साझा अधिकार |
|---|---|---|---|---|
| पूर्वाधार विकास सेवा | केन्द्रस्तरको ठूला विद्युत, सिचाई | प्रदेशस्तरको विद्युत, सिचाई, खानेपानी सेवा | विद्युत, सिचाई, खानेपानी | विद्युत, सिचाई, खानेपानी जस्ता सेवाहरु |
| वन | राष्ट्रिय वन नीति, राष्ट्रिय निकुन्ज | प्रदेशभित्रको राष्ट्रिय वन | | वन, जंगल |
| जलस्रोत | (जलस्रोतको संरक्षण र बहुआयामिक उपयोगसम्बन्धी नीति र मापदण्ड) | जल उपयोग | | जल उपयोग |
| तथ्याङ्क, पञ्जीकरण | केन्द्रिय तथ्याङ्क (राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक र गुणस्तर) | प्रदेशको तथ्याङ्क, जग्गाको अभिलेख | स्थानीय तथ्याङ्क अभिलेख संकलन र व्यवस्थापन, बेरोजगारको तथ्याङ्क संकलन | व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क |
| कर तथा राजस्व | पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना | पर्यटन , सेवा शुल्क दस्तुर, दण्ड जरिवाना | पर्यटन शुल्क, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना | पर्यटन शुल्क, दस्तुर, दण्ड जरिवाना |
| सहकारी | | सहकारी संस्था | सहकारी संस्था, सहकारी | सहकारी |
| खानी तथा खनिज | खानी उत्खनन | खानी अन्वेषण र व्यवस्थापन | खानी तथा खनिज पदार्थको संरक्षण | खानी तथा खनिज |

*स्रोतः नेपालको संविधानको अनुसूची ५-९*

साझा अधिकारक्षेत्रको प्रयोग गर्दा संघीय कानूनसँग नबाझिने गरी प्रदेश र स्थानीय कानून बनाई गर्नुपर्ने व्यवस्था छ । साथै प्रदेश कानूनसँग नबाझिने गरी स्थानीय कानून बनाई कार्यान्वयन गर्न सकिने र बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्यवस्था छ । तहगत सरकारबीचको यस्तो अन्तरसम्वन्धित व्यवस्थाले गर्दा संघीय कानून नबनेको आधारमा प्रदेश र स्थानीय तहले तथा प्रदेश कानून नबनेको अवस्थामा स्थानीय तहले कानून बनाई साझा अधिकारक्षेत्रको प्रयोग गर्न नमिल्ने हो कि भन्ने आशंकाले कानून नै नबनाएको स्थिति पनि छ । साझा अधिकारक्षेत्रको विषयमा कानून बनाउँदा तहगत सरकारले के कति विषयक्षेत्र समेटी बनाउने र अन्य तहका सरकारको भूमिका के हुने भन्ने विषयमा नीतिगत स्पष्टता हुन सकेको छैन । कानून तथा नीति निर्माण प्रक्रियामा तहगत सरकारसँग वार्ता र छलफल गर्ने कार्यप्रणाली व्यवस्थित हुन सकेको छैन ।

कार्यजिम्मेवारीको दोहोरोपना र बाझिएको प्रभाव तहगत सरकारका बार्षिक योजना तथा बजेटमा पर्ने गरेको छ । एउटै प्रकृतिका योजनामा सवै तहका सरकारले बजेट विनियोजन गर्ने र स्थानीय तहको क्षेत्रभित्रका ससाना योजना तथा कार्यक्रम पनि संघ र प्रदेशबाट कार्यान्वयन गर्ने प्रवृत्ती देखिएको छ । यस प्रकारको दोहोरोपनले तहगत सरकारबाट भइरहेको सेवा प्रवाह अपेक्षित रूपमा प्रभावकारी र जिम्मेवार हुन नसक्ने संकेतहरु देखिन थालेका छन् ।

कार्यअधिकार क्षेत्रको प्रभावकारी सम्पादनका लागि तहगत सरकारबीच समन्वयात्मक नीति, कानून र संरचना विकासको क्रममा रहेका छन । तहगत सरकारबीच देखिएका समस्याहरु समाधान गर्न तथा नीतिगत सामञ्जस्य कायम गर्न समन्वयात्मक संरचना र कार्य प्रणाली प्रभावकारी हुन सकेको छैन । संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय कायम गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा विचाराधीन रहेको छ । अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ बमोजिम गठित अन्तर सरकारी वित्त परिषद र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गठित प्रदेश समन्वय

परिषदको बैठक प्रक्रिया शुरू भएता पनि ती संरचनाहरूको कार्यप्रणाली पर्याप्त र व्यवस्थित हुन सकेको छैन ।

## १.५ अधिकार प्रयोग तथा कार्यजिम्मेवारी सम्पादनको संरचनागत प्रबन्ध

तहगत सरकारको संविधानप्रदत्त अधिकारक्षेत्र र कार्यजिम्मेवारीको प्रभावकारी कार्यान्वयन गर्न तत् तत् तहमा कार्यगत स्वायत्तता सहित उपयुक्त संरचनागत व्यवस्था गर्नु आवश्यक हुन्छ । संविधान र कानून बमोजिम संघ, प्रदेश र स्थानीय सरकारले आफ्नो संगठन संरचना निर्माण गरी अधिकारको प्रयोग गरिरहेका छन ।

संघले २२ वटा मन्त्रालय, मन्त्रालय अन्तर्गत ५४ वटा विभाग तथा प्रदेश तथा जिल्लास्तरमा विभिन्न कार्यालय र निकायहरु गठन गरी कार्यसम्पादन गरिरहेको छ । प्रदेशहरूले नेपाल सरकारले गरेको अन्तरिम संगठन व्यवस्थापन सर्वेक्षणका आधारमा प्रत्येक प्रदेशमा ७ वटा विषयक्षेत्रगत मन्त्रालय, लगभग १६४ सम्मको संख्यामा विभिन्न निर्देशनालय तथा जिल्ला वा स्थानीय तहको समूहलाई समेट्ने गरी डिभिजन वा कार्यालय स्थापना गरी कार्य सञ्चालन गरिरहेका छन । उक्त सर्वेक्षणका आधारमा ७५३ गाउँपालिका तथा नगरपालिकाहरूले कार्यपालिका अन्तर्गत विभिन्न विभाग, शाखा, इकाई, सेवा केन्द्र स्थापना गरी कार्य सम्पादन गरिरहेका छन ।

संघीयता कार्यान्वयनको यस अवधिमा तत्काल कायम रहेका नेपाल सरकारका क्षेत्रीय, अञ्चल, जिल्ला, इलाका तथा सोभन्दा तलका निर्देशनालय, कार्यालय/डिभिजन कार्यालय, सेवा केन्द्र र निकायहरु संविधानको भावना बमोजिम जुन तहको अधिकारभित्र पर्ने हो तत् तहमा हस्तान्तरण तथा समायोजन गर्ने प्रक्रिया टुङ्गिसकेको देखिदैन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले २०७४ चैत्र सम्ममा स्थानीय तहको अधिकारसँग समान कार्यविवरण भएका कार्यालय (डिभिजन, जिल्ला र मातहतका), जनशक्ति, भौतिक संरचना र सम्पत्ति स्थानीय तहमा हस्तान्तरण गर्ने व्यवस्था गरेको

थियो । यद्यपि, एक अर्को तहको अधिकारक्षेत्रसँग समान प्रकृतिको कार्यविवरण रहेका नेपाल सरकारका कतिपय सरकारी संरचना, कार्यालय, निकायहरु अझै विद्यमान रहेको र केही निकायहरु मात्र प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएको देखिन्छ ।

संघीयताको सफल कार्यान्वयनका लागि त्यस्ता कार्य, संरचना वा कार्यालयहरु र खर्चाधिकार सम्वन्धित प्रदेश र स्थानीय सरकारमा हस्तान्तरण र सुधार गनुपर्ने आवश्यक रहेको छ । प्रदेश वा स्थानीय तहमा विद्यमान संघ र प्रदेशका विषयक्षेत्रगत कार्यालयहरु देहाय बमोजिम रहेको देखिन्छ ।

**तालिका : १.५ प्रदेश, जिल्ला वा गाउँ/नगरपालिकास्तरमा विद्यमान नेपाल सरकार र प्रदेश सरकारका कार्यालय**

| क्र.सं. | विषयक्षेत्र/उपक्षेत्र | नेपाल सरकारका कार्यालय तथा निकायहरू | प्रदेश सरकारका कार्यालयहरू |
|---|---|---|---|
| | गृह मामिला (शान्ति सुरक्षा, प्रहरी, विपद् व्यवस्थापन समेत) | जिल्ला प्रशासन कार्यालय (७७), इलाका प्रशासन कार्यालय (७३) | |
| | आर्थिक मामिला | कोष तथा लेखा नियन्त्रक कार्यालय (७७), करदाता (सेवा) कार्यालय (१७), आन्तरिक राजस्व कार्यालय (३८), तथ्याङ्क कार्यालय (३३) | प्रदेश लेखा नियन्त्रक कार्यालय |
| | कानून, न्याय तथा संसदीय मामिला (न्याय प्रशासन, अदालत समेत) | जिल्ला अदालत, जिल्ला सरकारी वकिलको कार्यालय | |
| | शिक्षा | जिल्ला शिक्षा विकास इकाइ (जिल्ला प्रशासन कार्यालय) | शिक्षा तालिम केन्द्र |

| क्र.सं. | विषयक्षेत्र/उपक्षेत्र | नेपाल सरकारका कार्यालय तथा निकायहरू | प्रदेश सरकारका कार्यालयहरू |
|---|---|---|---|
| | स्वास्थ्य तथा जनसंख्या | स्वा.वि.प्र. अन्तर्गतका उपक्षेत्रीय, क्षेत्रीय तथा जुम्ला अस्पताल (राप्ती, पोखरा, कर्णाली) | जिल्ला अस्पताल, |
| | | | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र |
| | पूर्वाधार विकास र यातायात | सडक डिभिजन कार्यालयहरु, | पूर्वाधार विकास कार्यालय |
| | | सवारी परीक्षण कार्यालयहरु | सवारी चालक अनुमतिपत्र, यातायात व्यवस्था कार्यालय, यातायात व्यवस्था (सेवा) कार्यालय, |
| | शहरी विकास | एकीकृत शहरी विकास आयोजना, काठमाडौं उपत्यका विकास प्राधिकरण, नगर विकास समिति | |
| | खानेपानी तथा सरसफाई | खानेपानी उत्पादन बृद्धि कार्यक्रम, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना, काठमाडौं उपत्यका ढल व्यवस्थापन आयोजना, ढल प्रशोधन केन्द्र, ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति, खानेपानी संस्थान | खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरु |
| | सञ्चार तथा सूचना प्रबिधि (दूरसञ्चार, पत्रपत्रिका, रेडियो, टेलिभिजन र हुलाक समेत) | जिल्ला हुलाक कार्यालय, इलाका हुलाक कार्यालय | |

| क्र.सं. | विषयक्षेत्र/उपक्षेत्र | नेपाल सरकारका कार्यालय तथा निकायहरू | प्रदेश सरकारका कार्यालयहरू |
|---|---|---|---|
| | ऊर्जा, जलस्रोत तथा सिचाईं | | जलस्रोत तथा सिचाईं विकास डिभिजन कार्यालयहरु, भूमिगत जलस्रोत तथा सिचाईं विकास डिभिजन कार्यालयहरु |
| | वन तथा वातावरण (वन, वातावरण, जलाधार, वन्यजन्तु, भूसंरक्षण, जलवायू परिवर्तन समेत) | | डिभिजन वन कार्यालय (प्रत्येक जिल्ला) |
| | | | भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु |
| | भूमि व्यवस्था तथा सहकारी (भूउपयोग, बस्ती विकास समेत) | नापी कार्यालय (१३१), मालपोत तथा भूमि सुधार कार्यालय (२१), मालपोत कार्यालय (११०) | |

| क्र.सं. | विषयक्षेत्र/उपक्षेत्र | नेपाल सरकारका कार्यालय तथा निकायहरू | प्रदेश सरकारका कार्यालयहरू |
|---|---|---|---|
| | कृषि तथा पशुपन्छी विकास | केन्द्रीय कृषि प्रयोगशाला, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, (५) डिभिजन कार्यालयहरु (३६) | कृषि ज्ञान केन्द्र कृषि व्यवसाय प्रबर्द्धन सहयोग तथा तालिम केन्द्र |
| | | केन्द्रीय रिफरल पशु चिकित्सालय, क्वारेन्टाइन कार्यालयहरु (१५), पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, भेटेरिनरी गुणस्तर तथा औषधि नियमन प्रयोगशाला, राष्ट्रिय खोप उत्पादन प्रयोगशाला, | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,<br><br>भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र |
| | | वाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, | बाली संरक्षण प्रयोगशाला |
| | | बिउबिजन गुणस्तर नियन्त्रण केन्द्र, आलु, तरकारी तथा मसला बाली विकास केन्द्र, तरकारी वीउ उत्पादन केन्द्र | बिउ विजन प्रयोगशाला |
| | | मत्स्य प्रबर्द्धन तथा संरक्षण केन्द्र | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय मत्स्य विकास केन्द्र |
| | | पशु प्रजनन कार्यालय, राष्ट्रिय पशु आहारा तथा लाइभष्टक गुण व्यवस्थापन प्रयोगशाला, | पशु सेवा तालिम केन्द्र |
| | | याक, गाई, बाख्रा, भेडा, घाँसेवाली अनुबांशिक स्रोत केन्द्र, कृषि विकास फार्म | बाख्रा विकास फार्म |
| | | फलफूल विकास केन्द्र, वागवानी केन्द्र, सुन्तला जात फलफूल विकास केन्द्र, कफी, अलैची विकास केन्द्र, मौरी, रेशम विकास केन्द्र | माटो तथा मल परीक्षण प्रयोगशाला |

| क्र.सं. | विषयक्षेत्र/उपक्षेत्र | नेपाल सरकारका कार्यालय तथा निकायहरू | प्रदेश सरकारका कार्यालयहरू |
|---|---|---|---|
| | श्रम, रोजगार र सामाजिक सुरक्षा | श्रम तथा रोजगार कार्यालयहरु (१०) | |
| | उद्योग, वाणिज्य तथा आपूर्ति (खानी खनिज समेत) | गुणस्तर तथा नापतौल कार्यालयहरु (११),<br>वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरु (५),<br>व्यवसायिक कीट विकास केन्द्र, प्रयोगशाला | उद्योग बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,<br>घरेलु तथा साना उद्योग कार्यालयहरु |

*स्रोतः नेपाल सरकार, अन्तरिम संगठन संरचना २०७५, तथा नेपाल सरकार, अर्थ मन्त्रालय, व्यय अनुमानको विवरण, २०७६/७७*

नेपाल सरकारका कतिपय विषयक्षेत्रगत निकाय र कार्यालयहरु तथा तिनको कार्य प्रकृति प्रदेश तथा स्थानीय सरकारको संवैधानिक अधिकार रहेको विषयसँग प्रत्यक्ष सम्बन्धित देखिन्छ । सेवामा सहज पहुँचका हिसावले प्रदेश वा स्थानीय तहबाट सम्पादन गर्दा थप प्रभावकारी हुने र प्रदेश वा स्थानीय तहले गरिरहेका समान प्रकृतिका कार्यहरु पनि ति निकाय र कार्यालयहरुबाट सम्पादन भएको देखिन्छ । प्रदेश र स्थानीय सरकारबाट अधिकारक्षेत्रको प्रभावकारी सम्पादन गर्न संघले प्रदेश र स्थानीय तहलाई तथा प्रदेशले स्थानीय तहलाई आवश्यक क्षमता, स्रोत र प्रविधि हस्तान्तरण गर्ने विषयमा योजनाबद्ध खाका आवश्यक छ । सेवाको व्यवस्थापन गर्ने कार्यअधिकार प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरी समन्वयात्मक कार्य प्रणालीको विकास गर्नु अपरिहार्य हुन्छ ।

संविधानको भावना बमोजिम स्थानीय सरकारका विषयक्षेत्रगत विभाग, शाखा, इकाई वा केन्द्रहरु स्थापना गरी सोमार्फत सेवा प्रवाह गर्न एकद्वार प्रणाली स्थापना गर्ने संविधानको भावना रहेको छ । जिल्ला वा स्थानीय तहमा कायम रहेका नेपाल सरकारका विषयक्षेत्रगत कार्यालय, इकाई, निकाय, केन्द्रहरु सम्वन्धित गाउँपालिका/नगरपालिकामा हस्तान्तरण र मिलान गर्ने भावना संविधानको रहेको छ । जनप्रतिनिधिमूलक संस्था र निकायसँग आवद्ध

भएर मात्र सरकारका निक्षेपित वा विकेन्द्रित कार्यालय/निकायहरूमार्फत कार्य सम्पादन व्यवस्थापन गर्ने र एक अर्को तहको सरकारको अधिकारक्षेत्रका विषयमा कार्य गर्ने गरी समानान्तर संरचना र कार्यप्रणाली नराख्ने कुराको प्रत्याभूति अपेक्षित छ । तथापि, तहगत सरकारको विद्यमान संस्थागत प्रबन्ध हेर्दा यस भावनालाई पूर्णतया आत्मसात गरिसकेको देखिदैन ।

नेपाल सरकारबाट गठित सार्वजनिक खर्च पुनरावलोकन आयोगले समेत विद्यमान नेपाल सरकारका कतिपय बोर्ड, आयोग र परिषद्जस्ता निकायहरू खारेज गर्न सिफारिश गरेकोबाट समेत संस्थागत पुनःसंरचना र सुधार आवश्यक देखिएको छ ।[८]

## १.६ संघ, प्रदेश र स्थानीय तहमा जनशक्ति व्यवस्थापन

संघीयताको सफल कार्यान्वयनका लागि तहगत सरकारमा कार्यविभाजनको प्रष्टता एउटा अनिवार्य शर्त हो भने सुम्पिएका कार्यजिम्मेवारीको तत् तत् तहबाट प्रभावकारी सम्पादन गर्नु अर्को महत्वपूर्ण पक्ष हो । प्रदेश र स्थानीय तहमा अधिकार र कार्यजिम्मेवारीको हस्तान्तरणसँगै सोको प्रभावकारी सम्पादनका लागि आवश्यक संयन्त्र र जनशक्तिको व्यवस्थापन अनिवार्य हुन्छ । संविधानले संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारको कार्यान्वयन गर्न प्रशासनिक रूपमा कार्यगत स्वायत्तता प्रदान गरेको छ । तीन वटै तहले संविधानको धारा २८५ बमोजिम आफ्नो सरकारी सेवा गठन गरी काम गर्न पाउने व्यवस्था गरेको छ ।

प्रदेश र स्थानीय तहले संगठन व्यवस्थापन सर्वेक्षण गरी आफ्नो आवश्यकता अनुसार विभिन्न सरकारी सेवा एवं समूहहरू गठन गरी जनशक्ति व्यवस्थापन

---

८ आयोगका अनुसार भू-बहालकर तथा शिक्षा र तालिम कार्यालय, प्रविधि विकास कोष, भूमिगत जलस्रोत विकास समिति, कृषि तथा पशुविकास फार्म कार्य सञ्चालन कोष, वनक्षेत्रको कार्यसञ्चालन कोष, विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति, जग्गा विकास चक्रकोष, दुर्गम क्षेत्र विकास समिति, उपेक्षित, उत्पीडित र दलित बर्ग उत्थान विकास समितिजस्ता विद्यमान संस्थाहरू प्रदेश वा स्थानीय तहको संवैधानिक क्षेत्राधिकारभित्र पर्ने समान प्रकृतिका कार्य गर्ने गरी गठन भएकोले खारेज गर्न सुझाव गरिएको छ (नयाँ पत्रिका, असार १४, २०७६)

गर्नसक्ने व्यवस्था अपेक्षित छ । यस व्यवस्थाको कार्यान्वयनका लागि संघीयता कार्यान्वयनको पहिलो चरणमा विद्यमान कर्मचारीहरूलाई संघ, प्रदेश र स्थानीय तहमा समायोजन गर्ने प्रक्रिया एउटा निष्कर्षमा पुगेको छ । नेपाल सरकारले संघ, प्रदेश र स्थानीय तहको अन्तरिम संगठन संरचना तयार गरी ती संरचनामा आवश्यक देहायको संख्यामा कर्मचारी दरबन्दी स्वीकृत गरी कर्मचारी समायोजन गरेको छ ।

**तालिका १.६: तहगत सरकारमा स्वीकृत अन्तरिम दरबन्दी तथा कर्मचारी समायोजनको स्थिति**

| तहगत सरकार | स्वीकृत दरबन्दी (स्वास्थ्य र निजामति) जम्मा | समायोजन विवरण (स्वास्थ्य, निजामति र अन्य) जम्मा | समायोजन प्रतिशत | अपुग कर्मचारी | अपुग कर्मचारी प्रतिशत |
|---|---|---|---|---|---|
| संघ | ४८६०६ | ३९५३३ | ८१.३३ | ९०७३ | १८.६७ |
| प्रदेश | २२२९७ | १३७९० | ६१.८५ | ८५०७ | ३८.१५ |
| स्थानीय | ६७७१९ | ४३८०५ | ६४.६९ | २३९१४ | ३५.३१ |
| फाजिल | ० | २४४३ | | | |
| जम्मा | १३८६२२ | ९९५७१ | ७१.८३ | ३९०५१ | २८.१७ |

*स्रोत : नेपाल सरकार, आर्थिक सर्वेक्षण, २०७५/७६, (पेज १२२), मिति २०७५/१२/१४ गतेसम्मको अद्यावधिक विवरणका आधारमा ।*

नेपाल सरकारबाट स्वीकृत स्थानीय तहको अन्तरिम संगठन संरचना अनुसार संघमा कुल ४८,६०६, प्रदेशमा कुल २२,२९७ र स्थानीय तहमा ६७,७१९ गरी कुल १ लाख ३८ हजार ६२२ कर्मचारी दरबन्दी स्वीकृत गरेको छ । तालिकामा उल्लिखित मितिसम्मको अवस्था हेर्दा प्रदेशमा अझै ३८ प्रतिशत र स्थानीय तहमा ३५ प्रतिशत स्वीकृत दरबन्दी बमोजिमका पदहरूमा कर्मचारी अपुग रहेको अवस्था छ । प्रदेश र स्थानीय तहको रिक्त पदहरूमा कर्मचारी पदपूर्ति गर्ने संवैधानिक एवं कानूनी निकायका रूपमा संघीय कानूनले तोकेको मापदण्ड र प्रदेश कानून बमोजिम प्रदेश लोकसेवा आयोग रहने व्यवस्था छ ।

प्रदेशहरु कानून तर्जूमा र आयोग गठनको क्रममा अगाडी बढीरहेका छन । तहगत सरकारमा कर्मचारीको पर्याप्त व्यवस्था हुन नसकेको कारणले मूलतः प्रदेश र स्थानीय तहहरु आफ्नो कार्यजिम्मेवारी निर्वाह गर्न कठिनाई भोगिरहेका छन । प्रदेश र स्थानीय तहको अधिकारक्षेत्रको कार्यान्वयन गर्न आवश्यक जनशक्ति/कर्मचारीको व्यवस्थापन पूर्ण भइसकेको छैन ।

## परिच्छेद २

# वित्तीय अधिकारक्षेत्रको बाँडफाँड

# २ वित्तीय अधिकारक्षेत्रको बाँडफाँड

वित्तीय संघीयतासँग तहगत सरकारको कर अधिकारक्षेत्र, अन्तर सरकारी वित्तीय हस्तान्तरण, राजस्वको बाँडफाँडसँग सम्बन्धित संविधान तथा कानूनका व्यवस्थाहरु र सोको अभ्यासका आधारमा देखिएका मूलतः दोहोरो तथा बाझिएका अधिकारक्षेत्रहरु र वित्तीय अधिकारक्षेत्रसँग सम्बन्धित मुख्य मुख्य विषयहरुको विश्लेषण यस खण्डमा गरिएको छ ।

## २.१ तहगत सरकारको राजस्व अधिकारक्षेत्र

संविधानले तहगत सरकारमा विभिन्न राजस्व अधिकारक्षेत्रको व्यवस्था गरेको छ । संविधान बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा नेपाल सरकार, आर्थिक ऐन, २०७५ तथा २०७६ समेतले उक्त अधिकारक्षेत्रहरुको कार्यान्वयनको थप व्यवस्था गर्नुका साथै नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले कानून बनाई लागू गरेका छन् ।[९]

---

९ संवैधानिक व्यवस्थाका अतिरिक्त आर्थिक ऐन तथा विनियोजन ऐन र प्रदेशको अन्तर सरकारी वीत्त व्यवस्थापन ऐन समेतले तहगत सरकारका वित्तीय अधिकारक्षेत्रको बारेमा व्यवस्था गरेको ।

**तालिका २.१: तहगत सरकारको एकल तथा साझा राजस्व अधिकारक्षेत्र**

| संघको एकल अधिकार | प्रदेशको एकल अधिकार | स्थानीय तहको एकल अधिकार | तीन वटै तहको साझा अधिकार |
|---|---|---|---|
| भन्सार | घरजग्गा रजिष्ट्रेशन शुल्क | घरजग्गा रजिष्ट्रेशन शुल्क | |
| अन्तःशुल्क | सवारी साधन कर | सवारी साधन कर | सवारी साधन अनुमति |
| मूल्य अभिवृद्धि कर | मनोरञ्जन कर | मनोरञ्जन कर | |
| संस्थागत आयकर | विज्ञापन कर | विज्ञापन कर | |
| व्यक्तिगत आयकर | | घर बहाल कर | |
| पारिश्रमिक कर | | व्यवसाय कर | |
| राहदानी शुल्क | | सम्पत्ति कर | |
| भिसा शुल्क | | | |
| पर्यटन दस्तुर | पर्यटन | पर्यटन शुल्क | पर्यटन शुल्क, |
| सेवा शुल्क दस्तुर | सेवा शुल्क दस्तुर | सेवा शुल्क दस्तुर, (केवलकार, ट्रेकिङ्, कायाकिङ्, बञ्जीजम्प, जिपफ्लायर, ऱ्याफ्टिङ्, प्याराग्लाइडिङ् जस्ता स्थानीय पर्यटन, मनोरञ्जन र साहसिक खेलकूद सम्बन्धी सेवा वा व्यवसाय तथा स्थानीय तहले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधारमा र पार्किङ् शुल्क) | सेवा शुल्क दस्तुर, |
| दण्ड जरिवाना | दण्ड जरिवाना | दण्ड जरिवाना | दण्ड जरिवाना |
| | | भूमिकर (मालपोत) | |
| | | (जडिबुटी, कवाडी र जीवजन्तु कर) | |

| संघको एकल अधिकार | प्रदेशको एकल अधिकार | स्थानीय तहको एकल अधिकार | तीन वटै तहको साझा अधिकार |
|---|---|---|---|
| | | (ढुंगा गिट्टी बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरिढुंगा, आदि प्राकृतिक तथा खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर संकलन) | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी |
| | कृषि आयमा कर | | |
| (जुवा/चिठ्ठा क्यासिनो) | | | |

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम उठेको एकल अधिकारक्षेत्रभित्रको राजस्व सम्बन्धित तहका सरकारको सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । संघबाट संकलित राजस्वको बाँडफाँडका लागि नेपाल सरकारले एक संघीय विभाज्य कोष खडा गरी उक्त कोषमा जम्मा भएको रकम देहाय बमोजिम संघ, प्रदेश र स्थानीय तहमा बाँडफाँड गर्ने व्यवस्था गरेको छ ।

**तालिका २.२ : संघ, प्रदेश तथा स्थानीय तहबीच राजस्व बाँडफाँडको प्रतिशत**

| स्रोतहरू | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| मूल्य अभिवृद्धि कर (भ्याट) | ७० | १५ | १५ |
| अन्तःशुल्क (आन्तरिक उत्पादन) | ७० | १५ | १५ |
| पर्वतारोहण | ५० | २५ | २५ |
| विद्युत | ५० | २५ | २५ |
| वन | ५० | २५ | २५ |
| खानी तथा खनिज | ५० | २५ | २५ |
| पानी तथा अन्य प्राकृतिक स्रोत | ५० | २५ | २५ |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, परिच्छेद ३ को दफा ६, ७ र अनुसूची ४*

प्रदेश र स्थानीय तहबीचको साझा कर तथा राजस्व कुन तहको सरकारले उठाउने र आपसमा कति बाँडफाँड गर्ने भन्ने विषयमा विभाज्य प्रतिशत देहाय बमोजिम रहेको छ ।

**तालिका २.३ प्रदेश र स्थानीय तहको साझा राजस्व बाँडफाँडका क्षेत्र र सोको प्रतिशत**

| साझा राजस्व अधिकारक्षेत्र | तहगत सरकारमा बाँडफाँडको प्रतिशत | |
|---|---|---|
| | प्रदेश | स्थानीय |
| घर जग्गा रजिष्ट्रेशन शुल्क[क] | ४० | ६० |
| सवारी साधन कर (बस, ट्रक, ट्याक्टर आदि) को दर्ता नवीकरण[ख] | ६० | ४० |
| मनोरञ्जन कर[ग] | ४० | ६० |
| विज्ञापन कर[घ] | ४० | ६० |

## २.१ केही मुख्य सवाल तथा अस्पष्टताहरू

संविधान तथा प्रचलित कानून बमोजिम संघ, प्रदेश तथा स्थानीय गरी तीन वटै सरकार तहबाट आर्थिक ऐन बमोजिम विभिन्न विषयक्षेत्रमा कर लगाई कार्यान्वयन गर्ने गरेका छन् । तहगत सरकारका आर्थिक कानूनहरू तथा छनौट गरिएका प्रदेश र स्थानीय तहमा भएको परामर्श तथा छलफलबाट देखिएका प्रमुख सवाल, पहिचान भएका दोहोरो तथा बाझिएका आर्थिक अधिकारक्षेत्रको बाँडफाँड र प्रयोगमा देहायका केही मुख्य सवालहरू यहाँ उल्लेख गरिएको छ ।

क. प्रदेशले तोकेको दरमा स्थानीय तहले उठाई बाँडफाँड गर्ने ।

ख. बस, ट्रक, ट्याक्टर आदिको दर्ता नवीकरण वापतको राजस्व प्रदेशले तोकेको दरमा प्रदेशले उठाइ स्थानीय तहबीच बाँडफाँड गर्ने । टाँगा, इरिक्सा, अटो रिक्सा स्थानीय तहले दर तोकी उठाउने र खर्च गर्नसक्ने ।

ग. प्रदेशले लगाएको दरमा स्थानीय तहले उठाई प्रदेश तहलाई बाँडफाँड गर्ने ।

घ. स्थानीय तहले दर तोकी उठाउने र प्रदेशलाई बाँडफाँड गर्ने ।

**१. स्थानीय तहले एकल अधिकारक्षेत्रका विषयमा कर लगाउँदा संघीय तथा प्रदेश कानूनको अधीनमा रही लगाउने व्यवस्थाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (घ) बमोजिम संघीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घरबहाल कर, …भूमिकर (मालपोत), … सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन गर्न सक्ने व्यवस्था गरेको छ । संविधानको अनुसूची ८ मा सम्पत्ति कर, घरबहाल कर तथा भूमिकर (मालपोत) स्थानीय सरकारको एकल राजस्व अधिकारको रूपमा प्रत्याभूत गरेको छ । सविधानको धारा ५७ बमोजिम सोको प्रयोग स्थानीय तहले कानून बनाई गर्नसक्ने व्यवस्था छ । कानूनको यस्तो व्यवस्थाले सम्पत्ति कर, घर बहाल कर तथा भूमिकर (मालपोत) लगाउने र उठाउने स्थानीय सरकारको संविधानप्रदत्त एकल अधिकारक्षेत्र र कार्यगत स्वायत्ततालाई संकुचन गरेको देखिन्छ ।

**२. मनोरञ्जन करको व्याख्या तथा प्रयोगमा अस्पष्टता र दोहोरो अधिकारक्षेत्रः**

संविधानको अनुसूची ६ र ८ मा मनोरञ्जन (चलचित्र) कर उठाउने अधिकार प्रदेश तथा स्थानीय तह दुबैको एकल अधिकारक्षेत्रमा रहेको छ । अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संविधान बमोजिम मनोरञ्जन करको दर तोक्ने अधिकार प्रदेशलाई र सो कर उठाई प्रदेश र स्थानीय तहकाबीच बाँडफाँड गर्ने जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । तर, नेपाल सरकार, आर्थिक ऐन, २०७५ को अनुसूची ४ ले[१०] संघीय सरकारले विदेशी चलचित्रको प्रवेश शुल्कमा प्रति टिकट १५ प्रतिशत (सवै श्रेणी) र क्याबिनमा २० प्रतिशत लिने व्यवस्था गरेको छ ।

**३. सवारी साधन करको दर तोक्ने र उठाउने विषयमा अन्तर तहबीच अधिकारक्षेत्रको दोहोरोपनाः**

प्रदेशले स्थानीय तहको अधिकारक्षेत्रभित्रको सवारी साधन कर उठाएकोः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को ६४(१)(क) अनुसार टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा

१० नेपाल सरकार आर्थिक ऐन २०७६ समेतले यस्तो व्यवस्था गरेको छ ।

नगरपालिकाले लगाउने र उठाउने व्यवस्था गरेकोमा उक्त ऐनको प्राबधान विपरित प्रदेशको आर्थिक ऐन २०७५ तथा २०७६ बाट अटोरिक्सा र इरिक्सामा समेत करको दर निर्धारण गरेको छ ।

प्रदेशले अन्तर्राष्ट्रिय सीमामा सवारी प्रवेश शुल्क लगाएको:[११] प्रदेशले सीमामा भारतीय प्लेटका सवारी साधनमा लगाएको प्रवेश शुल्कले सिद्धान्ततः संघको अधिकार क्षेत्रमा प्रवेश गरेको देखिन्छ ।

सवारी साधन करमा नगरपालिकाबाट अतिरिक्त आयकर लगाइएको: नगरपालिकाले आफ्नो क्षेत्रभित्र दर्ता भएका सवारी साधन जस्तै भाडामा चल्ने टेम्पो, अटोरिक्सा, पावर टिलरमा सवारी करका अतिरिक्त आय कर तोकेको छ ।[१२]

## ४. प्रदेश र स्थानीय तहबाट घरजग्गा रजिष्ट्रेसन र सवारी साधन करको संकलनः

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा घरजग्गा रजिष्ट्रेशन प्रदेशले तोकेको दर बमोजिम स्थानीय तहले उठाउने र विभाज्य कोषमा जम्मा गरी ४० प्रतिशत प्रदेशलाई र ६० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गर्ने व्यवस्था गरेको छ । साथै सवारी साधन कर प्रदेशले उठाई ६० प्रतिशत प्रदेश र ४० प्रतिशत स्थानीय सरकारलाई बाँडफाँड गर्ने व्यवस्था गरेको छ ।[१३]

आर्थिक ऐन, २०७६ को दफा २२ ले प्रदेश तथा गाउँपालिका वा नगरपालिकामा साधन, स्रोत, प्रबिधि र जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारको तोकिएको कार्यालयले प्रदेश र स्थानीय सरकारको साझा अधिकारक्षेत्रभित्रको सवारी साधन कर तथा घरजग्गा रजिष्ट्रेसन शुल्क उठाउने गरेको छ ।

---

११ प्रदेश नं ५ ले प्रदेश आर्थिक ऐन, २०७५ बमोजिम भारतबाट नेपाल प्रवेश गरेका भारतीय नम्बर प्लेटका गाडीहरूमा सवारी प्रवेश शुल्क लगाएको देखिन्छ ।

१२ वीरेन्द्रनगर नगरपालिकाको आर्थिक ऐन, २०७५ को दफा ७ सँग सम्वन्धित अनुसूची ४ बमोजिम, अतिरिक्त आयकरका रूपमा रू १,००० देखि १,५०० सम्म तोकेको छ ।

१३ आ.व. २०७५/७६ मा गण्डकी र सुदूरपश्चिम प्रदेशले मात्र घरजग्गा रजिष्ट्रेसन शुल्क स्थानीय तहबाट उठाउने निर्णय गरेका छन् । अन्य प्रदेशमा नेपाल सरकारले तोकेको कार्यालयमार्फत संकलन गर्ने अन्तरिम व्यवस्था गरेका छन ।

प्रदेश र स्थानीय सरकारले कहिलेसम्म यस्तो कर आफै संकलन गर्न सक्ने ? त्यस्तो कर संकलन तथा बाँडफाँड गर्न के कस्तो संस्थागत प्रबन्ध, पूर्वाधार र जनशक्ति आवश्यक पर्ने हो? नेपाल सरकारबाट त्यस्तो कार्यअधिकार कहिले सम्म हस्तान्तरण गर्ने भन्ने कार्ययोजना बनाउनुपर्ने जस्ता विषयहरु मुख्य सवालका रूपमा रहेका छन ।

**५. कृषि आयमा करको परिभाषा तथा दरमा द्विविधा र अन्यौल :**

संविधानले कृषि आयमा कर प्रदेशको एकल कर अधिकारक्षेत्रको रूपमा राखेको छ । आय कर ऐन, २०५८ को दफा ११ ले कुनै फर्म, कम्पनी, साझेदारी तथा संगठित संस्थाको रूपमा दर्ता गरी र कृषि व्यवसाय गरी प्राप्त गरेको आयमा बाहेक अन्य कृषि आम्दानीमा कर नलाग्ने व्यवस्था गरेको छ । साथै मूल्य अभिवृद्धि कर ऐन, २०५२ (संशोधित २०७५ तथा २०७६ समेत) को दफा ५ ले धान, चामल, तरकारी, फलफूल, गेडागुडी आदि जस्ता आधारभूत कृषि उत्पादनमा कर छुट दिने व्यवस्था गरेको छ ।

कतिपय प्रदेशहरूले आर्थिक ऐनबाट कृषि आयमा कर लगाउने व्यवस्था गरेको देखिन्छ भने कतिपयले यस्तो कर लगाउने व्यवस्था नै गरेको देखिदैन ।[१४] साथै कृषि आयमा कर लगाएका प्रदेशहरूले समेत सोको संकलन गर्ने गरेको देखिदैन र यस्तो करबाट कति राजस्व संकलन भयो खुल्न आएको छैन । कृषि आयमा कर संकलन गर्ने विषयमा पनि प्रदेशहरूबीच साझा प्रक्रिया देखिदैन ।[१५]

कृषि आयमा करको परिभाषा, व्याख्या र बुझाइमा तहगत सरकारबीचमा साझा अवधारणा र अभ्यास भएको छैन । कृषि आय करमा के कस्तो आयलाई समेट्ने, प्रदेशको एकल अधिकारक्षेत्रभित्र रहेको कृषि आय सम्बन्धी करको

---

१४ आ.व. २०७५/७६ मा प्रदेश नं ३, गण्डकी, प्रदेश, कर्णाली र सुदुरपश्चिम प्रदेशले कृषि आयमा कर लगाएको देखिन्छ । आ.व. २०७६/७७ मा प्रदेश नं. १ र प्रदेश नं. २ ले कृषि आयमा कर नउठाउने व्यवस्था गरेको छ ।

१५ कर्णाली प्रदेशले आ.व. २०७५/७६ र २०७६/७७ आ.व.का लागि कृषि आयमा लगाइएको कर स्थानीय सरकारले संकलन गरी ६० प्रतिशत स्थानीय तहले राख्ने र ४० प्रतिशत प्रदेश तहमा दिने भन्ने व्यवस्था गरेको तर दुबै आ.व.मा त्यस्तो कर नउठाउने व्यवस्था समेत गरेको छ । सुदुरपश्चिम प्रदेशले स्थानीय तहले त्यस्तो कर संकलन गरी ४० प्रतिशत स्थानीय तहमा राखी ६० प्रतिशत प्रदेशमा दिनुपर्ने व्यवस्था गरेको छ ।

दर र सीमा संघीय कानून बमोजिम तोक्न वा छुट दिन मिल्छ कि मिल्दैन र कृषि आयमा कर प्रदेशहरूले छुट दिन मिल्छ कि मिल्दैन र कसरी उठाउने भन्ने विषयमा द्विविधा र अन्यौल रहेको छ ।

**६. ढुङ्गा, गिट्टी, वालुवा एवं माटोजन्य वस्तु, दाउरा, जराजुरी, दहत्तर वहत्तर आदिको बिक्री गर्ने विषयमा दोहोरो अधिकारक्षेत्रः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधित २०७५) को दफा ६२ (क) ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको तोकिएको परिमाणमा ढुङ्गा, गिट्टी, वालुवा एवं माटोजन्य वस्तु तथा दाउरा, जराजुरी, दहत्तर-वहत्तर आदिको बिक्री गर्न पाउने र सोबाट प्राप्त आमदानी गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा राख्नुपर्ने व्यवस्था गरेकोमा प्रदेशले प्राकृतिक स्रोतमध्ये आफ्नो क्षेत्रभित्र पर्ने ढुङ्गा, गिट्टी, बालुवाको बिक्रीको दर तोकी स्थानीय र प्रदेश सरकारबीच बाँडफाँड हुने दोहोरो अधिकारक्षेत्रको व्यवस्था गरेको छ ।[१६]

**७. प्रदेश कानूनले जिल्ला समन्वय समितिलाई कर संकलनको अधिकारः**

केही प्रदेशले[१७] प्रदेशभित्र उत्पादन भई जिल्ला निकासी हुने कृषिजन्य, पशुजन्य र वनजन्य उत्पादनमा शुल्क तोकी प्रदेशको कानूनले अन्य व्यवस्था नगरेसम्मका लागि जिल्ला समन्वय समितिमार्फत उठाउने व्यवस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को (घ) को बुँदा ४ बमोजिम जडिबुटी, कवाडी, जीवजन्तु करको निर्धारण र संकलन गर्ने अधिकार स्थानीय तहलाई दिएको र दफा ६१ मा गाउँपालिका र नगरपालिका क्षेत्रभित्र कुनै ऊन, खोटो, जडिबुटी आदि लगायत मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक उपयोग गरेवापत गाउँपालिका वा नगरपालिकाले जडिबुटी, कवाडी तथा

---

१६ प्रदेश नं. १ को आर्थिक ऐन, २०७६ को दफा १७ ।

१७ प्रदेश नं १ को प्रदेश आर्थिक ऐन २०७५ को दफा ७ को अनुसूची ५ ऊन, खोटो, यार्सागुम्बा, चिरैतो, पंक्षीको प्वाख, हाड, सिङ्, खुर, काचो छाला, आदि समेतमा करको दर तोकी जिल्ला तहलाई कर संकलनको इकाई मानेको छ ।

जीवजन्तु कर लगाउने व्यवस्था गरेको छ । उल्लिखित कानूनी व्यवस्थासँग बाभिने गरी प्रदेशबाट जिल्ला समन्वय समितिमार्फत यस्तो कर संकलन गर्ने कानूनी व्यवस्था भएको देखिन्छ ।

यस्तो प्रबन्धबाट एकातर्फ प्रदेशले उल्लिखित कर लिन पाउने हुन्छ कि हुँदैन भन्ने रहेको छ भने अर्कोतर्फ जिल्ला तहलाई कर संकलन इकाइका रूपमा लिन संविधान बमोजिम मिल्छ वा मिल्दैन भन्ने विवाद सिर्जना भएको छ ।

**८. मनोरञ्जन कर र विज्ञापन करको राजस्व प्रदेशलाई बाँडफाँड नभएको :** अध्ययन गरिएका नगरपालिका तथा गाउँपालिकाहरूले मनोरञ्जन कर र विज्ञापन करबाट प्राप्त राजस्वको कानून बमोजिमको अंश प्रदेश सरकारलाई मासिक रूपमा बुझाएको देखिँदैन । आ.व. २०७५/७६ को अन्त सम्ममा पनि कर्णाली प्रदेशका कुनै पनि स्थानीय तहले बाँडफाँड योग्य राजस्वहरु प्रदेश सरकारलाई बुझाएको देखिदैन । केही नगरपालिकाहरूले आर्थिक वर्षको अन्त्यमा मात्र राजस्व बाँडफाँडको रकम प्रदेशको संचित कोषमा दाखिला गर्ने तयारी गरेका भन्ने परामर्शका क्रममा जानकारी प्राप्त भएको छ ।

**९. आफूलाई प्राप्त कर अधिकारक्षेत्रको पूर्ण परिचालनमा ध्यान नजानु** : केही प्रदेश र स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रको कर जस्तै प्रदेशले कृषि आयमा कर, स्थानीय तहले मालपोत, आदि नउठाउने र छुट वा मिनाहा दिने गरेको देखिन्छ । यस्तो कार्य उपयुक्त हो कि हैन भन्ने विषयमा छलफल आवश्यक रहेको छ ।

## २.३ अन्तर सरकारी वित्तीय हस्तान्तरण

संविधानको धारा ६० को उपधारा (३) मा प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने व्यवस्था गरेको छ । संविधानको धारा ६० को उपधारा (८) मा राजस्व बाँडफाँड गर्ने आधारहरु दिइएको छ ।

संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (घ) ले प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँड गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई दिएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को परिच्छेद ४ अन्तर्गत दफा १४, १५ र १६ मा रहेका (क) प्राकृतिक स्रोतको परिचालन, (ख) राजस्व बाँडफाँड तथा (ग) वित्तीय समानीकरण अनुदान र संविधानको धारा २५१ को उपधारा १ को (ग) बमोजिम सशर्त अनुदानका लागि देहाय बमोजिमका आधारहरु तोकेको छ ।

**तालिका २.४: प्राकृतिक स्रोत, राजस्व र अनुदान बाँडफाँडका आधारहरू**

| **प्राकृतिक स्रोतको परिचालन** (नेपाल सरकार, प्रदेश र स्थानीय तहले गर्ने लगानीको हिस्साका आधार) | **राजस्व बाँडफाँड** (नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच र प्रदेश तथा स्थानीय तहबीच) | **वित्तीय समानीकरण अनुदान** (नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहलाई र प्रदेशबाट स्थानीय तहलाई) | **सशर्त अनुदान** (संविधानको धारा २५१ (ग) बमोजिम प्रदेश र स्थानीय सरकारका लागि सशर्तका आधार) |
|---|---|---|---|
| (क) राजस्वको अवस्था र उठाउन सक्ने क्षमता<br>(ख) लगानी गर्न सक्ने क्षमता<br>(ग) प्राप्त गर्ने उपलब्धीको हिस्सा<br>(घ) प्राप्त उपलब्धीको उपभोगको हिस्सा<br>(ङ) पूर्वाधारको अवस्था र आवश्यकता<br>(च) आर्थिक अवस्था र भौगोलिक वनौट<br>प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने प्रतिफलको हिस्साका आधारहरू :<br>(१) प्राकृतिक स्रोतको अवस्थिति, परिचालन | (क) जनसंख्या र जनसांख्यिक विवरण,<br>(ख) क्षेत्रफल,<br>(ग) मानव विकास सूचकाङ्क,<br>(घ) खर्चको आवश्यकता,<br>(ङ) राजस्व संकलनमा गरेको प्रयास,<br>(च) पूर्वाधार विकास,<br>(छ) विशेष अवस्था । | (क) प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकाङ्क,<br>(ख) अन्य प्रदेश र स्थानीय तहको सन्तुलित विकासको अवस्था,<br>(ग) प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक सामाजिक वा अन्य कुनै प्रकारको विभेदको अवस्था,<br>(घ) प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकता, | (क) राष्ट्रिय नीति तथा कार्यक्रम,<br>(ख) मानक,<br>(ग) पूर्वाधारको अवस्था,<br>राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ (२) बमोजिम थप आधारहरू<br>(घ) प्रदेश र स्थानीय तहको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकाङ्क,<br>(ङ) आर्थिक सामाजिक वा कुनै प्रकारको विभेदको अवस्था,<br>(च) जनतालाई पुर्‍याउनुपर्ने सेवा,<br>(छ) राजस्वको अवस्था र उठाउन सक्ने क्षमता, |

| **प्राकृतिक स्रोतको परिचालन** (नेपाल सरकार, प्रदेश र स्थानीय तहले गर्ने लगानीको हिस्साका आधार) | **राजस्व बाँडफाँड** (नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच र प्रदेश तथा स्थानीय तहबीच) | **वित्तीय समानीकरण अनुदान** (नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहलाई र प्रदेशबाट स्थानीय तहलाई) | **सशर्त अनुदान** (संविधानको धारा २५१ (ग) बमोजिम प्रदेश र स्थानीय सरकारका लागि सशर्तका आधार) |
|---|---|---|---|
| (२) प्राकृतिक स्रोतको परिचालनबाट प्रभावित क्षेत्र,<br>(३) प्राकृतिक स्रोत उपरको निर्भरता, परिचालन<br>(४) प्रतिफलबाट लाभान्वित जनसंख्या<br>(५) प्राकृतिक स्रोतमा आश्रित जनसंख्या<br>(६) प्राकृतिक स्रोतको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता | | (ङ) प्रदेश तथा स्थानीय तहले जनतालाई पुऱ्याउनु पर्ने सेवा ।<br>(च) प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता,<br>(छ) प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता । | (ज) खर्चको आवश्यकता ।<br>• केन्द्रीय सरकारबाट सञ्चालन भईरहेका र प्रदेश र स्थानीय तहमा हस्तान्तरण भईरहेका योजनाका लागि आगामी वर्षमा निरन्तरता दिनुपर्ने कार्यक्रम र आयोजना कार्यान्वयनका लागि ।<br>• कर्मचारी, शिक्षकको तलव भत्ता, अनिवार्य उपलब्ध गराउनुपर्ने अनुदान, संघ अन्तर्गत राष्ट्रियस्तरका कार्यक्रम, विगतमा प्रारम्भ भई निरन्तर हुने कार्यक्रम, बहुवर्षीय स्वीकृत ठेक्का क्रमशः हस्तान्तरण हुने गरी सञ्चालनका लागि आउने अनुदान, वैदेशिक सहायता तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनका लागि |

*स्रोतः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्धारा प्रकाशित जानकारी पुस्तिका, आषाढ २०७५*

उल्लिखित आधारमा नेपाल सरकारबाट प्रदेश र स्थानीय तहलाई देहायको तालिका बमोजिम वित्तीय अनुदान प्रदान गरिएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आ.व. २०७५/०७६ का लागि नेपाल सरकारबाट प्रदेश र स्थानीय तहलाई राजस्व बाँडफाँड तथा समानीकरण अनुदानका लागि देहाय अनुसारका सूचकाङ्क र तिनीहरूको भार (प्रतिशतमा) कायम गरी नेपाल सरकारलाई सिफारिस गरेको छ ।

**तालिका २.५: संघबाट प्रदेश र स्थानीय तहलाई राजस्व बाँडफाँडका लागि सूचकाङ्क र भार**

| क्र.सं. | सूचकाङ्क | भार % | विस्तृत विवरण (आधार र स्रोत) |
|---|---|---|---|
| १ | जनसंख्या तथा जनसांख्यिक विवरण | ७० | राष्ट्रिय जनगणना २०६८ अनुसार प्रदेश तथा स्थानीय तहमा रहेका कुल जनसंख्यालाई ८०% र आश्रित जनसंख्यालाई २०% को भार दिइएको । |
| २ | मानव विकास सूचकाङ्क | ५ | नेपाल मानव विकास प्रतिवेदन २०१४ (जिल्लास्तरीय) का आधारमा प्रदेश तथा स्थानीय तहसमेतको मानव विकास सूचकाङ्क आंकलन गरिएको । |
| ३ | क्षेत्रफल | १५ | |

| क्र.सं. | सूचकाङ्क | भार % | विस्तृत विवरण (आधार र स्रोत) |
|---|---|---|---|
| ४ | न्यून विकास सूचकाङ्क | १० | पूर्वाधार विकासलाई ७०%, सेवा प्रवाहको लागतलाई २०% र आर्थिक सामाजिक विभेदलाई १०%। |

पूर्वाधार सूचकाङ्क

| सरकार | सडक घनत्व | विद्युत उपलब्धता | सूचना तथा सञ्चार प्रविधिको पहुँच |
|---|---|---|---|
| प्रदेश | ८०% | १०% | १०% |
| स्थानीय तह | ५०% | ३०% | २०% |

आर्थिक सामाजिक विभेद सूचकाङ्क

| | आर्थिक विभेद (गरिबी जनसंख्या र पूर्वाधार अवस्था) | सामाजिक विभेद (जातिगत विवरण, अपाङ्गता र जनसंख्या अनुपात, प्रौढ तथा महिला साक्षरता, सुरक्षित खानेपानीको पहुँच) | जलवायु परिवर्तनको जोखिम |
|---|---|---|---|
| प्रदेश | ५०% | ४५% | ५% |
| स्थानीय तह | ५०% | ४५% | ५% |

| | |
|---|---|
| प्रदेश सरकारबाट स्थानीय सरकारलाई सवारी साधन करबाट उठेको राजस्व बाँडफाँडका आधार | आ.व. २०७५/७६ मा लिइएको आधार<br>(क) जनसंख्या, (४५ प्रतिशत) (ख) सडक (५० प्रतिशत) (ग) वन तथा हरियाली (५ प्रतिशत) |

*स्रोतः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्धारा प्रकाशित जानकारी पुस्तिका, आषाढ २०७५*

**संघीय सरकारबाट प्रदेश तथा स्थानीय सरकारका लागि वित्तीय समानीकरण अनुदान :** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आ.व. २०७५/०७६ का लागि नेपाल सरकारबाट प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदानका लागि देहायका सूचकाङ्क र भार (प्रतिशतमा) कायम गरी नेपाल सरकारमा सिफारिस गरी लागू गरेको थियो । आ.व. २०७६/०७७ का लागि पनि यिनै सूचक र भारलाई आधार लिई समानीकरण अनुदान दिइएको छ ।

**तालिका २.६ नेपाल सरकारबाट प्रदेश र स्थानीय तहलाई समानीकरण अनुदानका लागि सूचकाङ्क र भार**

| क्र.सं. | सूचकाङ्क | स्थानीय | प्रदेश | कैफियत |
|---|---|---|---|---|
| १ | खर्चको आवश्यकता र राजस्व क्षमता | ७०% | ६०% | प्रदेशको हकमा लागत खर्च मात्र हेरिएको । |
| २ | मानव गरिबी सूचकाङ्क (HPI) | १०% | | शिक्षा, स्वास्थ्य, खानेपानी आदि |
| ३ | प्रदेश तहको बहुआयमिक गरिबी सूचकाङ्क | | १५% | सन् २०१४ मा तयार गरिएको |
| ४ | सामाजिक तथा आर्थिक विभेद सूचकाङ्क | ५% | १५% | |
| ५ | पूर्वाधार सूचकाङ्क | १५% | १०% | सडक, विद्युत र सूचना प्रविधिमा पहुँच |
| नोटः प्रदेशले स्थानीय तहलाई समानीकरण अनुदान उपलब्ध गराउँदा माथि उल्लिखित स्थानीय तहको सूचकाङ्क र भार बमोजिम हुने । | | | | |

*स्रोतः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्धारा प्रकाशित जानकारी पुस्तिका, आषाढ २०७५*

**प्रदेश तथा स्थानीय तहका लागि सशर्त अनुदान :** नेपालको संविधानको धारा २५१ (ग) तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ (२) बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहका लागि सशर्त अनुदान उपलब्ध गराउने आधारहरू निर्धारण गरेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,

२०७४ को दफा ९ ले प्रदेश र स्थानीय तहलाई कुनै योजना कार्यान्वयनका लागि शर्त तोक्ने र सो शर्तको पालना गर्नु प्रदेश र स्थानीय सरकारको दायित्व हुने कानूनी व्यवस्था रहेको छ । प्रदेश सरकारले प्रदेशस्तरका नीति तथा कार्यक्रम सञ्चालन गर्न र प्रदेशस्तरका पूर्वाधार र मानक स्थापित गर्नका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको शर्त बमोजिम स्थानीय सरकारलाई सशर्त अनुदान दिनुपर्ने व्यवस्था गरेको छ ।

**समपूरक र विशेष अनुदानः** नेपालको संविधानको धारा ६० को उपदफा (६) ले प्रदेश तथा स्थानीय तहलाई सशर्त, समपूरक तथा अन्य प्रयोजनका लागि विशेष अनुदान दिने व्यवस्था गरेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० र ११ मा क्रमशः समपूरक अनुदान र विशेष अनुदान दिने आधार र क्षेत्रहरूको व्यवस्था गरेको छ । नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई योजनाको सम्भाव्यता, लागत एवं यसबाट प्राप्त हुने प्रतिफल, वित्तीय तथा भौतिक क्षमता र जनशक्तिको अवस्था, योजनाको आवश्यकता र प्राथमिकतालाई ध्यानमा राखेर पूर्वाधार विकासका लागि योजनाको कुल लागतको अनुपातमा समपूरक अनुदान दिइने व्यवस्था छ ।

नेपाल सकारले देहाय बमोजिमको खास उद्देश्य कार्यान्वयन गर्नका लागि प्रदेश तथा स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई विशेष अनुदान दिने व्यवस्था गरेको छ :

(क) शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्न,

(ख) अन्तर प्रदेश वा अन्तर स्थानीय तहको सन्तुलित विकास गर्न,

(ग) आर्थिक सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास गर्न ।

उल्लिखित आधारमा तहगत सरकारले गर्ने कार्य जिम्मेवारी र राजस्व क्षेत्राधिकारबीच देखिने अन्तरलाई परिपूर्ति गर्ने उद्देश्यले राजस्व बाँडफाँड र अनुदान अन्तर्गत तल तालिका बमोजिमको वित्तीय हस्तान्तरण भएको छ ।

**तलिका २.७ नेपाल सरकारबाट स्थानीय र प्रदेश तहका लागि विनियोजित अनुदान (समानीकरण र सशर्त) तथा राजस्व बाँडफाँड तर्फको बजेट (आ.व. ०७४।७५ देखि ०७६।७७ सम्म)को तुलनात्मक अवस्था**

रकम रू. लाख

| विवरण | आ.व. ०७४।७५ | | | आ.व. ०७५।७६ | | | | आ.व. ०७६।७७ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | समानीकरण | सशर्त | जम्मा | समानीकरण | सशर्त | राजस्व बाँडफाँड | जम्मा | समानीकरण | सशर्त | राजस्व बाँडफाँड | जम्मा |
| स्थानीय | १,४८६,३९८ | ७६४,१४८ | २,२५०,५४६ | ८५२,०७५ | १,०९८,४५६ | ५७१,२०० | २,५२१,७३१ | ८९९,५०० | १,२३८,७०० | ६५४,४५० | २,७९२,६५० |
| प्रदेश | ७१,४३५ | ० | ७१,४३५ | ५०२,९८६ | ६३१,३५५ | ५७१,२०० | १,७०५,५४१ | ५५३,००० | ४४५,५०० | ६५४,४५० | १,६५२,९५० |
| जम्मा | १,५५७,८३३ | ७६४,१४८ | २,३२१,९८१ | १,३५५,०६१ | १,७२९,८११ | १,१४२,४०० | ४,२२७,२७२ | १,४५२,५०० | १,६८४,२०० | १,३०८,९०० | ४,४४५,६०० |
| कुल बजेट | | | १२,७८९,९४९ | | | | १३,१५१,६१७ | | | | १५,३२९,६७१ |
| कुल ग्राहस्थ उत्पादन | | | २५,९९२,३४० | | | | ३०,०७२,४५० | | | | ३४,६४३,१०० |

**नेपाल सरकारको कुल बजेट र विषयक्षेत्रगत बजेटः**

नेपाल सरकारले आ.व. ०७४।७५ मा मुख्य विषयगत क्षेत्रमा गरेको खर्च तथा प्रदेश र स्थानीय तहमा उपलब्ध गराएको यथार्थ खर्चको अवस्था देहाय बमोजिम देखिन्छ । साथै तलको तालिकाले आ.व. ०७५।७६ र ०७६।७७ मा शिक्षा, स्वास्थ्य, कृषि तथा पशु लगायत पूर्वाधार क्षेत्रमा छुट्याईएको अनुमानित बजेट समेत उल्लेख गरिएको छ ।

## तालिका : २.८ नेपाल सरकारद्धारा कुल बजेटको विषयगत क्षेत्रमा छुट्याइएको बजेटको रकम र अंश प्रतिशतमा

| बिवरण | नेपाल सरकार (रू. लाखमा) | | | | | | | | | कूल बजेटमा क्षेत्रगत बजेटको अंश | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७४।७५ यथार्थ | | | आ.व. ०७५।७६ अनुमानित | | | आ.व. ०७६।७७ अनुमानित | | | आ.व. ०७४।७५ | आ.व. ०७५।७६ | आ.व. ०७६।७७ |
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | | | |
| **कूल बजेट** | ८,०३५,३१५ | ४,७५४,६३४ | १२,७८९,९४९ | ८,४५४,४७५ | ४,६९७,१४२ | १३,१५१,६१७ | ११,२४९,६१२ | ४,०८०,०५९ | १५,३२९,६७१ | | | |
| शिक्षा विज्ञान तथा प्रविधि | ४५९,९६८ | ३,७१७ | ४६३,६८५ | ४६२,०६२ | ३,३०२ | ४६५,३६४ | ६४६७८० | ६०३७ | ६५२८१७ | ३.६३% | ३.५४% | ४.२६% |
| स्वास्थ्य तथा जनसंख्या | २५८,८१३ | ५८,९९८ | ३१७,८११ | २५५,११२ | ८५,७११ | ३४०,८२३ | ३४४९०८ | ८१८०१ | ४२६,७०९ | २.४८% | २.५९% | २.७८% |
| कृषि | २०,४६४ | ३७,९८१ | २४२,६१९ | १९५,२९३ | १४,११७ | २०९,४१० | २५२,१६६ | २८,७६८ | २८०,९३४ | १.९०% | १.५९% | १.८३% |
| पशु विकास | ४३,८७१ | १७,४७६ | ६१,३४७ | १७,९२५ | १२,०३८ | २९,९६३ | | | | ०.४८% | ०.२३% | |
| पूर्वाधार | | | | | | | | | | | | |
| (क) खानेपानी तथा सरसफाई | १६,७०३ | ३०७,६४५ | ३२४,३४८ | ६,६६५ | २८८,०९८ | २९४,७६३ | २७,९४४ | २२६,०४१ | २५३,९८५ | २.५४% | २.२४% | १.६६% |
| (ख) ऊर्जा जलस्रोत तथा सिचाई | ५९,८५५ | ५४०,७९० | ६००,६४५ | ५०,८५९ | ४२१,२७६ | ४७२,१३५ | ६२२४२ | ४०२५६१ | ४६४८०३ | ४.७०% | ३.५९% | ३.०३% |
| (ग) भौतिक पूर्वाधार तथा यातायात व्यवस्थापन | ७०,५०६ | ८९५,०६७ | ९६५,५७३ | ७६,७९६ | ९३७,२८२ | १,०१४,०७८ | ११७,४५५ | १,४४८,८७७ | १,५६६,३३२ | ७.५५% | ७.७१% | १०.२२% |
| (घ) आवास तथा शहरी विकास | ८५,६६६ | २२८,३३४ | ३१४,००० | ४५,५५४ | १८७,४२३ | २३२,९७७ | ७९,६५६ | २८४,५२० | ३६४,१७६ | २.४६% | १.७७% | २.३८% |

*स्रोतः नेपाल सरकार, अर्थ मन्त्रालय, आर्थिक विवरण २०७५ र २०७६*

आ.व. ०७४।७५ देखि ०७६।७७ सम्ममा आइपुग्दा तुलनात्मक रूपमा शिक्षा, स्वास्थ्य कृषि, पशु तथा पूर्वाधार क्षेत्रमा नेपाल सरकारको बजेट बृद्धि हुँदै गएको देखिन्छ । तर कार्यजिम्मेवारी तथा खर्चाधिकार बमोजिम बजेटको बाँडफाँड भए नभएको विषयमा यस अध्ययनमा खर्चको आवश्यकतालाई विश्लेषण गर्न सकिएको छैन ।

**स्थानीय तहलाई समानीकरण तथा सशर्त अनुदान र राजस्व बाँडफाँडः** आ.व. ०७४।७५ देखि ०७६।७७ सम्मको अवस्थालाई हेर्दा आ.व. ०७४।७५ मा स्थानीय तहको समानीकरण अनुदान रू १ खर्ब ४८ अर्ब ६३ करोड ९८ लाख रहेकोमा ०७५।७६ मा समानीकरणको अंश रू ८५ अर्ब २० करोड ७५ लाख रहे को छ । आ.व. ०७५।७६ मा समानीकरणको अंश घटेतापनि राजस्व बाँडफाँडको रकम रू. ५७ अर्ब १२ करोडले बढेकोले अघिल्लो आर्थिक वर्षको समानीकरण अनुदान रकमलाई परिपूर्ति गर्न खोजिएको छ, तापनि कुल रकमको अंशमा आ.व. २०७४/७५ भन्दा आ.व. २०७५/७६ मा कमी नै देखिन्छ । आ.व. ०७५।७६ मा विनियोजन गरिएको समानीकरणको रकमको तुलनामा आ.व. ०७६।७७ मा ५.५७ प्रतिशतले बृद्धि गरी रू. ८९ करोड ९५ लाख विनियोजन गरिएको छ । साथै आ.व. ०७५।७६ को तुलनामा आ.व. ०७६।७७ मा राजस्व बाँडफाँडको रकममा समेत १४.५७ प्रतिशतले बृद्धि भई रू. ६४ अर्ब ४४ करोड ५० लाख स्थानीय तहमा विनियोजन गरिएको छ ।

स्थानीय तहलाई जाने सशर्त अनुदानमा भने बृद्धि हुँदै गएको देखिन्छ । आ.व. ०७४।७५ को तुलनामा ०७५।७६ मा ४३.७५ प्रतिशतले बृद्धि गरिएको थियो भने आ.व. ०७५।७६ को तुलनामा आ.व. ०७६।७७ मा १२.७७ प्रतिशतले बृद्धि गरी रू. १ खर्ब २३ अर्ब ८७ करोड विनियोजन गरिएको छ ।

कुल बजेटमा स्थानीय तहलाई गरिएको वित्तीय हस्तान्तरणको (समानीकरण, सशर्त तथा राजस्व बाँडफाँड वापत) अंश आ.व. ०७४।७५ मा १७.६० प्रतिशत, आ.व. ०७५।७६ मा १९.१७ प्रतिशत र आ.व. ०७६।७७ मा १८.२२ प्रतिशत देखिन्छ ।

**प्रदेश तहलाई समानीकरण तथा सशर्त अनुदान र राजस्व बाँडफाँड**ः आ.व. ०७४।७५ मा सातवटै प्रदेशमा प्रदेश कार्यालय स्थापना तथा सञ्चालनका लागि समानीकरण अनुदानमात्र विनियोजन गरिएको थियो । आ.व. ०७५।७६ मा प्रदेशलाई रू. ५० अर्ब २९ करोड ८६ लाख विनियोजित गरिएको थियो । यो रकमको अंश अघिल्लो बर्षको तुलनामा ६०४.१२ प्रतिशतले बृद्धि देखिन्छ । आ.व. ०७५।७६ मा भन्दा आ.व. ०७६।७७ मा उक्त रकममा ९.९४ प्रतिशतले बृद्धि गरी सातवटै प्रदेशका लागि समानीकरण अनुदानको रकम रू. ५५ अर्ब ३० करोड विनियोजन गरिएको छ ।

कुल बजेटमा प्रदेश तहलाई गरिएको वित्तीय हस्तान्तरणको (समानीकरण, सशर्त तथा राजस्व बाँडफाँड वापत) अंश आ.व. ०७४।७५ मा ०.५६ प्रतिशत, आ.व. ०७५।७६ मा १२.९७ प्रतिशत र आ.व. ०७६।७७ मा १०.७८ प्रतिशत देखिन्छ । प्रदेश तहका लागि विनियोजन गरिएको सशर्त अनुदानको रकम हेर्दा आ.व. ०७५।७६ को तुलनामा आ.व. ०७६।७७ मा रकम घटेको देखिन्छ ।

आ.व. ०७४।७५ संघीयता कार्यान्वयनको पहिलो बर्षका रूपमा यस आर्थिक बर्षमा नेपाल सरकारको कुल बजेटको १८.१६% (प्रदेश ०.५६% प्रदेश तथा स्थानीय तह १७.६०%) बराबरको रकम अनुदान स्वरूप वित्तीय हस्तान्तरण भएको देखिन्छ ।

आ.व. ०७४।७५ देखि ०७६।७७ सम्म स्थानीय र प्रदेश तहमा गएको वित्तीय हस्तान्तरण (अनुदान र राजस्व बाँडफाँड)को कुल अंश हेर्दा कुल बजेटमा क्रमशः १८.१५ प्रतिशत, ३२.१४ प्रतिशत र २९ प्रतिशत रहेको छ ।

## २.४ केही मुख्य सवालहरू

### १. अन्तर सरकारी वित्तीय हस्तान्तरणका लागि सूचक निर्माण गर्न पर्याप्त सूचनाको कमी :

खर्चको आवश्यकता र वित्तीय क्षमताको विश्लेषण गर्न आवश्यक सूचना तथा तथ्याङ्क व्यवस्थित भई नसकेकोले हाल प्रदेश तथा स्थानीय तहलाई उपलब्ध

गराइएको समानीकरण अनुदान पाँच वर्ष अघिको जिल्लास्तरीय मानव विकास प्रतिवेदन, २०१४ मा आधारित छ । यसको निराकरणका लागि प्राकृतिक स्रोत तथा वित्त आयोगले माग गरे बमोजिमको ढाँचामा आवश्यक सूचना उपलब्ध गराउन तहगत सरकारबीच समन्वय र क्षमताको कमी देखिन्छ ।

**२. प्रदेशको कार्य गर्न नगरपालिकालाई सशर्त अनुदान विनियोजनः**

नेपाल सरकारले वित्तीय हस्तान्तरण तथा अनुदानको व्यवस्था गर्दा कतिपय अवस्थामा प्रदेशको कार्यअधिकार क्षेत्रको काम गर्न बजेट तथा कार्यक्रम पनि सोही तहमा जानुपर्ने वा प्रदेशलाई जानकारी गराई पठाउनु पर्नेमा स्थानीय तहमार्फत बजेट निकासा गरेको देखिन्छ । यसो गर्दा प्रदेशसँग समन्वय अभाव रहेको देखिन्छ ।[१८]

**३. स्थानीय तहबाट उच्च शिक्षामा लगानीः**

स्थानीय तहहरूले विषयक्षेत्रगत बजेट विनियोजन गर्दा प्रदेश सरकारको अधिकारक्षेत्रभित्रका कार्य गर्न समन्वय विना नै बजेट विनियोजन गरेको देखिन्छ ।[१९] स्थानीय तहहरु आफ्नो संवैधानिक अधिकारक्षेत्रका प्राथमिकतायुक्त क्षेत्रहरूमा केन्द्रित रही काम गर्न नसकिरहेको देखिन्छ ।

**४. प्रदेश र स्थानीय तहको अधिकारका विषयको अपूर्ण हस्तान्तरणः**

प्रदेश तथा स्थानीय तहको संवैधानिक भूमिका तथा अधिकार बमोजिम सोही तहमा हस्तान्तरण गर्नुपर्ने कतिपय नेपाल सरकारका कार्यक्रमहरु प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण नभई नेपाल सरकारबाट नै सञ्चालन भैरहेको देखिन्छ । हस्तान्तरण भएका कार्यक्रममा समेत स्रोत र जनशक्तिको कमी देखिन्छ । संघ र प्रदेशले स्थानीय तहमा सशर्त अनुदानको कार्यक्रम र बजेट

---

१८ साविकको कलैया जिल्ला अस्पताल प्रदेश मातहतमा रहेकोमा नेपाल सरकारले सशर्त अनुदान अन्तर्गत कलैया अस्पतालका लागि कलैया उपमहानगरपालिकामार्फत तलब भत्ता लगायत बिरामीको खाद्यान्नका लागि बजेट निकासा गरेको छ ।

१९ भिमेश्वर नगरपालिकाको विनियोजन ऐन, २०७५ को अनुसूची ३ को क्र.सं ३० बाट गौरीशंकर बहुमुखी क्याम्पसको भौतिक पूर्वाधारका लागि बजेट छुट्याएको ।

निर्धारण गर्दा स्थानीय तहको कार्यक्षेत्रभित्रका ससाना प्रकृतिका आयोजना, परियोजनामा बजेट विनियोजन गर्ने गरेको देखिन्छ ।[२०]

**५. राजस्व बाँडफाँडको रकम समयमै निकासा हुन नसकेकोः**

प्रदेशस्तरबाट स्थानीय तहमा जाने राजस्व बाँडफाँड अन्तर्गत सवारी साधन करबाट उठेको रकम समयमै निकासा भएको देखिदैन ।[२१] साथै स्थानीय तहबाट पनि प्रदेशलाई बुझाउने राजस्व बाँडफाँडको रकम तोकिएको समयमा पठाउने गरेको देखिदैन । राजस्व प्रशासनमा पारदर्शिता दुबै तहका सरकारको चासोको विषय रहेको छ ।

---

२० कर्णाली प्रदेशको सुर्खेत जिल्लाको सिम्ता गाउँपालिकाको लागि नेपाल सरकारबाट आ.व. २०७५/७६ मा पठाइएको सशर्त अनुदानमा शिक्षकको शिक्षण सिकाईमा बिताउने समयावधि सुधार योजना कार्यान्वयनका लागि रू १ हजार, पशुसेवा गाइनोकोलोजिकल उपचारका लागि रू ६ हजार, बाखापालन समूह गठन र परिचालनका लागि रू ३ हजार जस्ता पशुसेवामा ६१ वटा गतिविधि तोकी रू १८ लाख ९७ हजार र कृषि विकास तर्फ ३६ वटा गतिविधि तोकी रू १५ लाख ५० हजार बजेट पठाएको छ । प्रदेश नं २ ले कृषकलाई मेशिनरी औजार, कृषि सामाग्री, उन्नत विऊ बिजन, गौशालाहरूको पूर्वाधार निर्माण, चुरे क्षेत्रका किसानहरूलाई इनार निर्माण जस्ता स्थानीय कार्यक्रम आफैले कार्यान्वयन गर्ने गरी बजेट छुट्याइएको छ । प्रदेश नं ३ ले  २० वटा नमूना विद्यालयमा एक विद्यालय एक नर्स कार्यक्रम, २० वटा शहरी क्षेत्रमा शहरी स्वास्थ्य केन्द्र, दुग्ध पकेट क्षेत्रहरूमा दुध चिस्यान केन्द्र, प्रशोधन केन्द्र एवं मिल्क पार्लर, बागवानी आदि जस्ता स्थानीय तहका अधिकार क्षेत्रका कार्यक्रममा समेत बजेट छुट्याएको देखिन्छ ।

आ.व. २०७५|७६ मा नेपाल सरकारले दोलखा जिल्लामा अवस्थित मेलुङ गाउँपालिकालाई विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत शिक्षकको शिक्षण सिकाईमा बिताउने समयावधी सुधार योजना कार्यान्वयन गर्न रू २ हजार, महिला विकास कार्यक्रम अन्तर्गत समूह गठन र परिचालनका लागि रू ५ हजार, परिवार स्वास्थ्य कार्यक्रमको लागि रू. ५ हजार, पुनः उपचार क्याटागोरीमा भएका सवै पी.वि.सी. बिरामीहरूलाई उपचार अवधिभर पोषण भत्ता रू. ४ हजार जस्ता गतिविधिहरूको कार्यान्वयनका लागि बजेट पठाएको देखिन्छ ।

कर्णाली प्रदेशको आ.व. ०७५/७६ को बार्षिक बजेट तथा कार्यक्रममा स्थानीय तहको अधिकार क्षेत्रका कतिपय कार्यक्रमहरु पनि प्रदेश सरकारले गर्दै आएको छ । जस्तो : सीप विकास तालिम, प्रत्येक वडामा बर्थिङ्ग सेण्टर, साना किसान लक्षित घरदैलो कार्यक्रम, कृषि सडक, कृषि सिचाई, हाट बजार आदिमा करोडौं बजेट छुट्याई आफैले कार्यान्वयन गरेको छ ।

२१ कर्णाली प्रदेशले आ.व. २०७५/७६ मा स्थानीय तहमा सशर्त अनुदान नपठाएको र स्थानीय तहबाट गर्दा प्रभावकारी हुने कार्यहरु प्रदेश तहबाट गरिएको देखिन्छ ।

परिच्छेद ३

# तहगत सरकारबीच विषयक्षेत्रगत अधिकार तथा कार्यजिम्मेवारीको बाँडफाँड

# ३ तहगत सरकारबीच विषयक्षेत्रगत अधिकार तथा कार्यजिम्मेवारीको बाँडफाँड

## ३.१ शिक्षा

### ३.१.१ कार्यअधिकार क्षेत्रको बाँडफाँड

संविधान बमोजिम शिक्षा सम्बन्धी अधिकार संघ, प्रदेश र स्थानीय गरी तीन वटै तहको एकल अधिकारक्षेत्रभित्र तथा साझा अधिकारक्षेत्रको रूपमा समेत व्यवस्था गरिएको छ । संवैधानिक व्यवस्थाको कार्यान्वयनको लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरूले शिक्षासम्बन्धी ऐन, नियमावली तथा कार्यविधिहरु निर्माण गरी सोको कार्यान्वयन गरिरहेका छन् । संविधान अनुसार तहगत सरकारको शिक्षासम्बन्धी अधिकार देहाय बमोजिम रहेको छ ।

**तालिका ३.१ : शिक्षा सम्बन्धी तहगत सरकारको संवैधानिक अधिकारक्षेत्र**

| संघको एकल अधिकार | प्रदेशको एकल अधिकार | स्थानीय तहको एकल अधिकार | तीन वटै तहको साझा अधिकार |
|---|---|---|---|
| केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरका प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय | प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्राहलय | आधारभूत र माध्यमिक शिक्षा | शिक्षा, खेलकूद र पत्रपत्रिका |

शिक्षामा तहगत सरकारको अधिकार तथा कार्यजिम्मेवारीका सम्वन्धमा व्यवस्था गर्न विभिन्न कानूनी तथा नीतिगत व्यवस्था भएका छन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकारको कार्यविभाजन नियमावली २०७४, प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०७४, शिक्षा ऐन, २०२८ (नवौं

संशोधन, २०७५), अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद ऐन, २०४५ ले शिक्षा सम्बन्धी देहायका समान प्रकृतिका कार्यहरु सबै तहका सरकारबाट सम्पादन हुने गरी व्यवस्था गरेको छ ।

**तालिका ३.२ तहगत सरकारको शिक्षा सम्बन्धी अधिकार तथा कार्यजिम्मेवारी**

| नेपाल सरकार (मन्त्रिपरिषद्) कार्यविभाजन नियमावली, २०७४ | प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ |
|---|---|---|
| १५ (१) शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,<br>१५ (२) केन्द्रीय विश्वविद्यालय सम्बन्धी नीति, कानून र मापदण्ड, | ५ (१) प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, | ११ ज (१) प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अविभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन |
| १५ (४) केन्द्रीय पुस्तकालय सम्बन्धी नीति, कानून र व्यवस्थापन | ५ (३) प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, | ११ ज (१९)स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन र व्यवस्थापन |
| १५ (७) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको राष्ट्रिय नीति, पाठ्यक्रम प्रारूप, योग्यता निर्धारण, सीप परीक्षणको मापदण्ड | ५ (४) प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्पुस्तक तथा पाठ् यसामाग्री निर्माण, उत्पादन र वितरण | ११ ज (३) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, सञ्चालन अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन, |

| नेपाल सरकार (मन्त्रिपरिषद्) कार्यविभाजन नियमावली, २०७४ | प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ |
|---|---|---|
| १५ (८) विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता एवं समकक्षताको नीति र मापदण्ड | ५ (६) प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन | |
| ११ (५) मानव संशाधन आवश्यकता प्रक्षेपण, राष्ट्रिय शैक्षिक योजना एवं मानवस्रोत विकास योजना | ५ (५) प्रदेशस्तरको मानव संशाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन | |
| १५ (११) (१२) कुटनीतिक नियोग तथा विदेशी शैक्षिक संस्थाबाट सम्बन्धन लिई सञ्चालन हुने शैक्षिक संस्थाको स्वीकृति, प्रत्यायन तथा नियमन | | ११ ज (१२) विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन |
| १५ (१७) राष्ट्रिय प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन | ५ (८) प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन | ११ ज (१८) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रबर्द्धन र स्तरीकरण |
| १५ (१३) प्रदेश तथा स्थानीय तहको शैक्षिक विषयमा समन्वय | | ११ ज (२०) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन, |
| १५ (१९) ..., प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् | | |

तालिकामा उल्लेख भएका केही मुख्य अधिकारक्षेत्रहरूमा तहगत सरकारबीच दोहोरो र बाझिएको अधिकारक्षेत्र रहेको छ । मौलिक हकको कार्यान्वयन सम्बन्धमा बनेको आधारभूत तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ समेतले देहायको तालिकामा उल्लेखित विषयमा तहगत सरकारबीच शिक्षा सम्बन्धमा दोहोरो कार्यजिम्मेवारी तथा दायित्वको सिर्जना गरेको छ ।

**तालिका नं. ३.३ : आधारभूत तथा नि:शुल्क शिक्षा सम्बन्धमा तहगत सरकारको साझा दायित्व**

| दफा | संघ, प्रदेश र स्थानीय तहको साझा दायित्व |
|---|---|
| १६ | परम्परागत शिक्षा प्रदान गर्न सकिनेः गुरूकुल, गुम्बा, मदरसा जस्ता संस्था स्थानीय तहमा दर्ता गर्नुपर्ने । सोको शर्त र मापदण्ड संघले वनाउने र सो सम्बन्धी कानून स्थानीय तहले वनाउने । |
| १७ (१) र (२) | प्राविधिक शिक्षा सम्बन्धी व्यवस्थाः (१) आधारभूत तह पूरा गरेको प्रत्येक नागरिकलाई प्रचलित कानून बमोजिम प्राविधिक शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।<br>(२) यस ऐनमा लेखिए देखि बाहेक आधारभूत तहपछि प्रदान गरिने प्राविधिक शिक्षा सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ । |
| १८ | अभिभावक पहिचान नभएका बालबालिकाको आधारभूत तहसम्मको शिक्षा उपलब्ध गराउने जिम्मेवारी स्थानीय तहको हुने । |
| २२ | शैक्षिक सामाग्री प्रदान गर्नेः (१) आधारभूत तहसम्म आर्थिक रूपले विपन्न बालबालिकालाई कापी, कलम लगायत शैक्षिक सामाग्री प्रदान गर्न सक्ने ।<br>(२) आधारभूत तहसम्म प्रयोगशाला, कम्प्यूटर तथा सूचना प्रविधि पहुँचको व्यवस्था गर्नुपर्ने । |
| २३ | छात्रवृत्ति प्रदान गर्न सक्नेः (१) मानव विकास सूचकाङ्कमा तोकिएभन्दा पछाडी परेका क्षेत्रका तोकिएका समुदायका वा आर्थिक रूपले विपन्न नागरिकको परिवारका बालबालिकालाई स्थानीय तहले तोकिए बमोजिम मासिक छात्रवृत्ति प्रदान गर्न सक्नेछ । |
| २४ (१) | प्राथमिक स्वास्थ्योपचारको प्रबन्ध गर्नेः (१) स्थानीय तहले सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई प्रचलित कानून बमोजिम सञ्चालित स्वास्थ्य संस्थासँग सहकार्य गरी स्वास्थ्य परामर्श तथा उपचारसम्बन्धी आवश्यक प्रबन्ध मिलाउन सक्नेछ । |
| २८ (४) | नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गरेका वा अनुदान दिएका शिक्षण संस्था वा सार्वजनिक विद्यालयमा नेपाली नागरिकलाई कुनै खास विषयमा निजको माग बमोजिमको मातृभाषी शिक्षा प्रदान गर्न सकिनेछ । |

| दफा | संघ, प्रदेश र स्थानीय तहको साझा दायित्व |
|---|---|
| २९ (२) र (३) | नेपाल सरकार, प्रदेश वा स्थानीय तहले समुदायको अनुरोध बमोजिम मातृभाषी विद्यालय सञ्चालन गर्न र व्यवस्थापन खर्चमा सघाउ पुऱ्याउन निश्चित रकम प्रत्येक वर्ष अनुदान प्रदान गर्न सक्नेछ । मातृभाषी शिक्षा प्रदान गर्ने सम्बन्धमा प्रदेश सरकार वा स्थानीय तहले स्थानीय विशेषता र आवश्यकता अनुसार थप प्रबन्ध गर्न सक्नेछ । |
| ३४ (१) | सुविधा सम्पन्न नमुना विशिष्टीकृत तथा घुम्ती विद्यालय सञ्चालन गर्नसक्ने : नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले विशेष सुविधा सम्पन्न नमुना विद्यालय वा विशिष्टीकृत विद्यालय वा घुम्ती विद्यालय खोल्न वा यस्तै अन्य विशेष प्रकारको विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ । |
| ३४ (२) | खोलिएका वा सञ्चालन गरिएका विद्यालय जुन तहमा खोलिएको हो सोही तहको सरकारको अनुमतिमा स्थापना गर्नुपर्ने । |

### ३.१.२ केही प्रमुख सवाल तथा अस्पष्टताहरू

**१. माध्यमिक तहसम्मको विद्यालय स्थापना र सञ्चालन गर्नसक्ने दोहोरो तथा बाझिएको अधिकारक्षेत्रः**

संविधानतः माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहको भएकोमा अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले माध्यमिक विद्यालयसम्मका शिक्षणसंस्थाहरु नेपाल सरकार र प्रदेश सरकारले समेत स्थापना गर्नसक्ने व्यवस्था गरेको छ । नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले विशेष सुविधा सम्पन्न नमुना विद्यालय वा विशिष्टीकृत विद्यालय वा घुम्ती विद्यालय खोल्न वा यस्तै अन्य विशेष प्रकारको विद्यालय स्थापना र सञ्चालन गर्न सक्ने व्यवस्था रहेको छ ।[२२]

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् ऐन, २०४५ ले प्राविधिक तथा व्यवसायिक शिक्षण संस्था वा विद्यालय नेपाल सरकारले स्थापना र सञ्चालन गर्ने व्यवस्था गरेको छ । संविधानको भावना बमोजिम उच्च शिक्षासम्मको प्राबिधिक शिक्षा प्रदेशले र माध्यमिक तहसम्मको प्राबिधिक शिक्षा स्थानीय सरकारले व्यवस्थापन गर्नुपर्ने देखिन्छ । साथै नेपाल सरकार

२२ अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, दफा ३४

अन्तर्गतको प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदले स्थानीय तथा प्रदेश सरकारले सम्पादन गर्ने समान प्रकृतिका दोहोरो कार्यजिम्मेवारी निर्वाह गरिरहेको छ ।[२३]

गुठी अन्तर्गतको आधारभूत विद्यालयको लागि गाउँ शिक्षा समिति, नगर शिक्षा समिति र माध्यमिक विद्यालयको लागि सम्बन्धित जिल्ला शिक्षा समितिको सिफारिस सहित तोकिएको अधिकारी समक्ष निवेदन दिनुपर्ने र तोकिएको अधिकारीले स्वीकृत दिने व्यवस्था गरेको छ । नेपाल सरकारले घुम्ति विद्यालय सञ्चालन गर्ने व्यवस्था गरेको छ ।[२४]

नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट मातृभाषी शिक्षा प्रदान गर्ने विद्यालयको व्यवस्थापन गर्न सकिने व्यवस्था रहेको छ ।[२५]

**२. साझा अधिकारक्षेत्रको प्रयोगमा तहगत सरकारले सम्पादन गर्नुपर्ने कार्यको स्पष्ट खाका, वर्गीकरण मापदण्ड नबनेकोः**

प्रदेश विश्वविद्यालय र केन्द्रिय विश्वविद्यालयबीचको परिभाषा, वर्गीकरण र मापदण्ड प्रष्ट छैन । के हालसम्म सञ्चालनमा रहेका सबै विश्वविद्यालय र क्याम्पस केन्द्रिय तहका मात्र हुन् ? के प्रदेशले प्रदेशस्तरको विश्वविद्यालय र उच्च शिक्षा छुट्टै नै खोल्नुपर्ने हो ? त्यसो हो भने प्रदेश विश्वविद्यालय र उच्च शिक्षाको आकार, क्षमता र गुणस्तर के भिन्न हुन्छन् भन्ने प्रश्न रहेको छ । पुस्तकालय, वाचनालय, संग्रहालय, अभिलेखालय, आदि संघ, प्रदेश र स्थानीय तीन वटै तहको अधिकारक्षेत्रमा रहेको हुँदा संघ, प्रदेश र स्थानीय तहले स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने त्यस्ता सेवाको स्पष्ट परिभाषा, नीति र मापदण्ड निर्धारण भएको छैन ।

**३. तहगत सरकारका समानान्तर शैक्षिक कार्यप्रणाली र संरचना :**

संघले प्रत्येक जिल्ला प्रशासन कार्यालय अन्तर्गत शिक्षा विकास तथा समन्वय इकाईको गठन गरी माध्यमिक शिक्षा सम्बन्धी विभिन्न कार्यहरु गर्दै आएको छ ।

---

२३ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् ऐन, २०४५

२४ शिक्षा ऐन, २०२८ (नवौं संशोधन २०७४), दफा ३ को उपदफा (३) र दफा ११ को (ठ)

२५ अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५, दफा २८

यसले संघ र स्थानीय तहबीच शिक्षा क्षेत्रको अधिकार र जिम्मेवारी बाँडफाँडमा दोहोरोपना र अन्यौल कायम रहेको छ । शिक्षा विकास तथा समन्वय इकाईको कार्यविवरण[२६] अनुसार स्थानीय तहसँग दोहोरो पर्ने अधिकारक्षेत्रहरु निम्न देखिन्छ,

- प्रचलित कानून बमोजिम माध्यमिक शिक्षा सम्मको कार्यजिम्मेवारी, सम्पत्ति, दायित्व तथा बजेट स्थानीय सरकारमा हस्तान्तरण गर्नुपर्नेमा सो कार्य अपुरो नै रहेको छ ।[२७]
- जिल्ला शिक्षा विकास इकाईको कार्यविवरणमा स्थानीय तहको माध्यमिक शिक्षा सम्बन्धी कार्यजिम्मेवारीसँग दोहोरो रहने गरी व्यवस्था भएको छ ।[२८]
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद संघको कार्यविवरणमा समावेश गरेकोले माध्यमिक तहसम्मको प्राविधिक शिक्षाको सञ्चालन, प्रबर्द्धन र विकास स्थानीय तह र उच्च शिक्षा प्रदेशले सञ्चालन गर्न सक्ने संवैधानिक अधिकार कार्यान्वयन गर्नसक्ने व्यवस्थासँग दोहोरो अधिकारक्षेत्र कायम भएको छ ।

---

२६ नेपाल सरकारको मिति २०७५/०१/११ को मन्त्रीस्तरको निर्णय र आदेश बमोजिम शिक्षा विकास तथा समन्वय इकाईको कार्य विवरण तोकिएको ।

२७ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०४ बमोजिम नेपाल सरकारका विषयगत मन्त्रालयले २०७४ चैत्र मसान्तभित्र आफ्नो मातहतका निकायहरूको संगठनात्मक संरचना पुनरावलोकन गरी गाउँपालिका, नगरपालिकाको कार्यजिम्मेवारी अनुसार सम्पत्ति, दायित्व तथा बजेट सम्बन्धित गाउँपालिका वा नगरपालिकामा स्थानान्तरण हुनेगरी व्यवस्था गर्नुपर्नेमा जिल्ला शिक्षा विकास तथा समन्वय इकाईको कार्यविवरणमा आ.व. २०७४/०७५ को स्वीकृत कार्यक्रम र बजेट अनुसारका सम्पादन हुन बाँकी रहेका बजेट तथा कार्यक्रम इकाईमा स्थानान्तरण गर्ने व्यवस्था भएको छ । साविक जिल्ला शिक्षा कार्यालयमा कार्यरत कर्मचारीहरु अर्को व्यवस्था नभएसम्म इकाईमा नै बसी कामकाज गर्ने व्यवस्था भएको तथा जिल्ला शिक्षा विकास तथा समन्वय इकाईका लागि स्वीकृत दरबन्दी र उत्तरदायित्व नेपाल सरकारको शिक्षा मन्त्रालयप्रति रही रहने र कार्यसम्पादनको प्रतिवेदन मन्त्रालय वा अन्तरगतका केन्द्रीय निकायमा गर्ने व्यवस्था भई स्थानीय तहसँगको समन्वय संयन्त्र समेत कमजोर रहेको छ ।

२८ शिक्षा विकास तथा समन्वय इकाईको कार्यविवरणमा विद्यालय क्षेत्र विकास योजनाको कार्यक्रमको जिल्लास्तरमा कार्यान्वयन गर्ने (बुँदा २), स्थानीय पाठ्यक्रम निर्माण, कक्षा कोठामा गरिने शिक्षकहरूको कार्यमूलक अनुसन्धान, मातृभाषामा शिक्षा, विशेष प्रकृतिका विद्यालयहरूको सञ्चालन, द्वैभाषिक शिक्षा, बहु-कक्षा, बहुवर्ग शिक्षण जस्ता विषयमा प्रबोधीकरण र मागको आधारमा सहजीकरण गर्ने (बुँदा ५), जिल्ला भित्रका समसामयिक शैक्षिक मुद्दाहरूको पहिचान गरी सोको सम्बोधन तथा शैक्षिक सुधारका लागि सम्बन्धित निकायमा प्रस्तु गर्ने (बुँदा ११), स्थानीय सरकारबाट माग भै आए बमोजिम समय समयमा विद्यालयहरूमा भैरहेको पठनपाठनको निरीक्षण गर्ने (बुँदा १८), शिक्षक नियुक्ति बढुवा र पदस्थापना सम्बन्धी शिक्षक सेवा आयोगबाट तोकिए बमोजिमका निर्देशित वा प्रत्यायोजित कार्य गर्ने (बुँदा १९) जस्ता परस्पर समान अधिकारक्षेत्रको व्यवस्था भएको छ ।

- विद्यालय तहका शिक्षकको सेवा, शर्त र योग्यता निर्धारण गर्ने अधिकार संघ र प्रदेशले राखेको छ । एकातर्फ यी दुई तहले निर्धारण गरेको सेवा, शर्त र योग्यता कुन मान्य हुने हो भन्ने प्रश्न छ भने अर्कातर्फ शिक्षकको अधिकतम सेवा, शर्त र सुविधा स्थानीय तहले निर्धारण गर्न र शिक्षक नियुक्ती र मुल्याङ्कन गर्ने अधिकार संविधान अनुकूल अन्य कानूनले व्यवस्था गरेको देखिदैन ।

**४. मौलिक हकको कार्यान्वयनका लागि संघ र प्रदेशबाट अपुग सहयोगः** मौलिक हकको कार्यान्वयनका लागि देहायका कार्यजिम्मेवारी स्थानीय तह समेतले सम्पादन गर्नुपर्ने व्यवस्था रहेको छ । तथापि, सोको प्रभावकारी कार्यान्वयनका लागि संघ र प्रदेशबाट आवश्यक समन्वयात्मक कार्यप्रणाली, जनशक्ति, प्राविधिक क्षमता र वित्तीय दायित्व वा स्रोतको प्रत्याभूति हुन सकेको छैन ।

- प्रदेश सरकार वा स्थानीय तहले निर्धारण गरेको पाठ्यक्रम बमोजिमको पाठ्यपुस्तक सम्बन्धित तहले नै तयार गरी प्रकाशन र निशुल्क वितरण गर्ने,[२९]
- परम्परागत शिक्षा (गुरूकुल, गुम्बा, मदरसा जस्ता विद्यालय वा संस्था सञ्चालन गर्न) प्रदान गर्ने,[३०]
- नागरिकको प्राविधिक शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने,[३१]
- अविभावक पहिचान नभएका बालबालिकाको लागि आधारभूत तहसम्मको शिक्षा उपलब्ध गराउने जिम्मेवारी स्थानीय तहको हुने[३२]
- आधारभूत तहसम्मका आर्थिक रूपले विपन्न बालबालिकालाई कापी, कलम लगायत शैक्षिक सामाग्री प्रदान गर्ने र प्रयोगशाला, कम्प्यूटर तथा सूचना प्रविधिमा पहुँचको व्यवस्था गर्नुपर्ने,[३३]

---

२९ अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५

३० अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को दफा १६

३१ ऐ.ऐ., दफा १७

३२ ऐ.ऐ., दफा १८

३३ ऐ.ऐ., दफा २२

- छात्रवृत्ति प्रदान गर्ने, सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई प्राथमिक स्वास्थ्योपचार, स्वास्थ्य परामर्श सेवा दिने ।[३४]

**५. प्रदेश सरकारबाट स्थानीय तहको अधिकारक्षेत्रका समान प्रकृतिका शैक्षिक क्रियाकलाप सञ्चालन भएको:**

प्रदेश सरकारका योजना तथा कार्यक्रममा स्थानीय तहको अधिकारक्षेत्रभित्रका समान प्रकृतिका शैक्षिक क्रियाकलाप गर्ने गरी कानूनी प्रबन्ध गरिएको छ ।[३५] यस्ता कार्यक्रम प्रदेश सरकारले स्वयं सञ्चालन गर्दा कामका साथै प्रशासन, जिम्मेवारी, उत्तरदायित्व र स्रोतको दोहोरोपना सिर्जना भएको छ ।

## ३.२ स्वास्थ्य

### ३.२.१ कार्य अधिकारक्षेत्रको बाँडफाँड

नेपालको संविधानले संघलाई 'स्वास्थ्य नीति, स्वास्थ्य सेवा, स्वास्थ्य मापदण्ड, गुणस्तर र अनुगमन, राष्ट्रिय वा विशिष्ट सेवा प्रदायक अस्पताल, परम्परागत उपचार सेवा, सरूवा रोग नियन्त्रण' को अधिकार दिएको छ । संविधानले प्रदेशको क्षेत्राधिकारमा 'स्वास्थ्य सेवा' राखेको छ । स्थानीय तहको क्षेत्राधिकारमा 'आधारभूत स्वास्थ्य र सरसफाई' साझा अधिकारमा 'स्वास्थ्य' रहेको छ । स्वास्थ्य सेवा सम्बन्धमा नेपालको संविधानले व्यवस्था देहायको तालिका बमोजिम रहेको छ ।

---

३४ ऐ.ऐ., दफा २३ र २४

३५ उदाहरणका लागि प्रदेश नं. ३ सरकारले संविधानको अनुसूची ८ को स्थानीय तहको एकल अधिकारभित्रको 'आधारभूत स्वास्थ्य र सरसफाई'सँग सम्बन्धीत एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ जारी गरी प्रदेश भित्रका आधारभूत र माध्यमिक विद्यालयमा एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ । कार्यविधिको बुँदा ८ मा विद्यालय नर्सको १९ वटा काम, कर्तव्य र अधिकार निर्धारण गरेको छ जुन स्थानीय तह समेतले गर्ने समान प्रकृतिका रहेका छन् ।

**तालिका ३.४ : स्वास्थ्य सेवासम्बन्धी संवैधानिक व्यवस्था**

| संघ | प्रदेश | स्थानीय तह | संघ र प्रदेशको साझा | संघ, प्रदेश र स्थानीय तहको साझा |
|---|---|---|---|---|
| १६. स्वास्थ्य नीति, स्वास्थ्य सेवा, स्वास्थ्य मापदण्ड, गुणस्तर र अनुगमन, राष्ट्रिय वा विशिष्ट सेवाप्रदायक अस्पताल, परम्परागत उपचार सेवा, सरूवा रोग नियन्त्रण | ९. स्वास्थ्य सेवा | ९. आधारभूत स्वास्थ्य र सरसफाई | १२ ... चिकित्सा, आयुर्वेद चिकित्सा, आम्ची र अन्य पेशा | ३. स्वास्थ्य |

प्रचलित अन्य कानूनी व्यवस्था बमोजिम संविधान अन्तर्गतको स्वास्थ्य अधिकारक्षेत्रको बाँडफाँडलाई देहाय बमोजिम विस्तृतीकरण गरिएको छ ।

**तालिका ३.५ तहगत सरकारमा स्वास्थ्य सम्बन्धी दोहोरो अधिकार तथा कार्यजिम्मेवारीको बाँडफाँड**

| नेपाल सरकार (मन्त्रिपरिषद्) कार्य विभाजन नियमावली, २०७४ | प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ |
|---|---|---|
| २१ (१) स्वास्थ्य तथा पोषणसम्बन्धी नीति, कानून र मापदण्ड<br>२१ (७) विशष्ट सेवा प्रदायक अस्पताल सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन | ५ (९) स्वास्थ्य सेवा, पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन | (११) (२) (झ) (१) आधार भूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,<br>(११) झ (२) आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रबर्द्धन |

| नेपाल सरकार (मन्त्रिपरिषद्) कार्य विभाजन नियमावली, २०७४ | प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ |
| --- | --- | --- |
| २१ (४) राष्ट्रिय तथा केन्द्रीय अस्पताल, स्वास्थ्य प्रतिष्ठानहरूको स्थापना, सञ्चालन र नियमन<br>२१ (५) नर्सिङ्ग होम लगायतका स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन, | ५ (१४) राष्ट्रिय मापदण्ड अनुरूप अस्पताल, नर्सिङ होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन | (११) (२) झ (३) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन<br>(११) (४), (ख) (२) जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन<br>(११) (४) (ख) (९) स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भिलेन्स) |
| २१ (२) राष्ट्रियस्तरमा प्रबर्द्धनात्मक उपचारात्मक, पुनर्स्थापनात्मक र निवारण सम्बन्धी प्राज्ञिक, व्यवसायिक र पेशागत संघ संस्था सम्बन्धी नीति, कानून र मापदण्ड | ५ (१०) प्रदेशस्तरमा आवश्यक पर्ने प्रबर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन | (११) (४) (ख)<br>(१०) स्थानीयस्तरको प्रबर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन<br>(११) (४) (ख) (११) स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रबर्द्धन |

| नेपाल सरकार (मन्त्रिपरिषद्) कार्य विभाजन नियमावली, २०७४ | प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ |
|---|---|---|
| २१ (९) आयुर्वेदिक, युनानी, आम्ची, होमियाप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी नीति, कानून र मापदण्ड<br>२१ (१९) जडिबुटी, जीवजन्तु र खनिज (हर्बल एनिमल र मिनरल) को औषधीय अनुसन्धान | ५ (२८) आयुर्वेदिक, युनानी, आम्ची होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन | (११) (४) (ख) (१४) आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन |
| २१ (१०) सर्ने र नसर्ने रोग रोकथाम तथा नियन्त्रण सम्बन्धी नीति तथा मापदण्ड | ५ (२४-२५) सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम | (११) (४) (ख) (१६) रोगको नियन्त्रण तथा रोकथाम |
| २१ (१२) स्वास्थ्य बीमा तथा सामाजिक स्वास्थ्य सुरक्षा | ५ (१५) राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन | (११) (४) (ख) (४) स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन |

| नेपाल सरकार (मन्त्रिपरिषद्) कार्य विभाजन नियमावली, २०७४ | प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ |
|---|---|---|
| २१ (१७) अति आवश्यक स्वास्थ्य सामग्री (खोप र परिवार नियोजन साधन) आपूर्ति तथा व्यवस्थापन | ५ (१८-१९) खोप र परिवार नियोजन | (११) (२) (भ) (११) परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन<br>(११) (२) (भ) (१२) महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन |
| २१ (१६) औषधि खरिद तथा आपूर्ति व्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन | ५ (१९-२०) संवेनदशील औषधि तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन | (११) (४) (ख) (७) स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण |
| २१ (२२) आधारभूत स्वास्थ्य सेवा र क्षेत्रको मापदण्ड<br>२१ (२९) जनसंख्या, बसाई सराई, परिवार नियोजन, मातृशिशु कल्याण, प्रजनन स्वास्थ्य सम्बन्धी राष्ट्रिय नीति, कानून र मापदण्ड | ५ (२५-२६) राष्ट्रिय मापदण्ड अनुरूप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन | (११) (२) (भ) (४) स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन<br>(११) (४) (ख) (१) संघीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण |

| नेपाल सरकार (मन्त्रिपरिषद्) कार्य विभाजन नियमावली, २०७४ | प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ |
|---|---|---|
| २१ (१४) स्वास्थ्य सेवा तथा वस्तुको शुल्क सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन | ५ (१३) राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामाग्रीको उत्पादन तथा संचय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम विसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामाग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन, अनुमति र नियमन | ११ (४) (ख(५) स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन |
| २१ (३) स्वास्थ्य सम्बन्धी प्राज्ञिक, व्यवसायिक र पेशागत संघ संस्था सम्बन्धी नीति, कानून र मापदण्ड | ५ (११) स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेशागत संघ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन | |

**तालिका ३.६ आधारभूत स्वास्थ्य सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहबीच दोहोरो कार्यजिम्मेवारी**[३६]

| दफा | तहगत सरकारको साझा दायित्व |
|---|---|
| ३ (४) | आधारभूत स्वास्थ्य सेवा परिभाषित गरिएका सेवाहरु :<br>(क) खोप सेवा, (ख) एकीकृत रूपमा नवजात शिशु तथा बाल रोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा, (ग) सरूवा रोग, (घ) नसर्ने रोग तथा शारिरीक विकलाङ्गता, (ङ) मानसिक रोग, (च) जेष्ठ नागरिक स्वास्थ्य, (छ) सामान्य आकस्मिक अवस्था, (ज) स्वास्थ्य प्रबर्द्धन, (झ) आयुर्वेद तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य, (ञ) नेपाल सरकारले तोकेका अन्य सेवाहरु |
| ७ (३) | तहगत सरकारले तोकिएका मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थाको स्थापना गरी आवश्यक जनशक्ति, प्रविधि तथा उपकरणको व्यवस्था मिलाउनु पर्ने । |
| २१ (७) | संघ, प्रदेश र स्थानीय तहले स्वास्थ्य संस्था सञ्चालन गर्न इजाजत पत्र दिन सक्नेछ । |
| २४ (१) | प्रदेश तथा स्थानीय तहले विद्यालय स्वास्थ्य सेवा प्रदान गर्नसक्ने |

### ३.२.२ केही मुख्य सवाल तथा अस्पष्टताहरू

#### (क) समग्र स्वास्थ सेवा सम्बन्धी

**१. संघ, प्रदेश र स्थानीय तहको स्वास्थ्य सेवा सम्बन्धमा एउटै प्रकृतिको कार्यअधिकार क्षेत्र रहेको:**

- प्रबर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको सञ्चालन तथा व्यवस्थापन तीन वटै तहको कार्यअधिकार क्षेत्रमा रहेको,
- आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको कार्यान्वयन एवं व्यवस्थापन प्रदेश र स्थानीय तहको दोहोरो अधिकारक्षेत्रमा रहेको,

३६ जनस्वास्थ्य सेवा ऐन, २०७५

- प्रदेश र स्थानीय सरकारबीच पोषण कार्यक्रम कार्यान्वयनमा दोहोरो अधिकारक्षेत्र रहेको,
- रोगको नियन्त्रण तथा रोकथाम प्रदेश र स्थानीय तहको दोहोरो अधिकारक्षेत्रमा रहेको,
- स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन प्रदेश र स्थानीय तहको दोहोरो अधिकारक्षेत्रमा रहेको,
- औषधि तथा स्वास्थ्य सामाग्री खरिद गर्ने अधिकार प्रदेश र स्थानीय तहको दोहोरो अधिकारक्षेत्रमा रहेको,
- परिवार नियोजन प्रदेश र स्थानीय तहको दोहोरो अधिकारक्षेत्रमा रहेको,
- राष्ट्रिय मापदण्ड अनुरूप प्रदेशले रिफरल अस्पताल सञ्चालन गर्न पाउने वा नपाउने स्पष्ट कार्यक्षेत्र निर्धारण नभएको ।

**२. औषधि उत्पादन र वितरणमा दोहोरो अधिकारक्षेत्रः**

औषधि ऐन, २०३५ (दोश्रो संशोधन, २०५७) को दफा ७, ८ र १० मा औषधीको उत्पादन र वितरण नेपाल सरकारको क्षेत्राधिकारभित्र रहने व्यवस्था गरेको छ । यसैगरी प्रदेश सरकार कार्यविभाजन नियमावलीको ५ को बुँदा १३ मा प्रदेशको क्षेत्राधिकारभित्र औषधि उत्पादन गर्ने कुरा रहेको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (४) (ख) को (३) ले स्थानीय तहलाई पनि औषधि उत्पादन र वितरणको अधिकार दिएको छ ।

**३. स्वास्थ्य सेवा (चिकित्सा सेवा)को सञ्चालन तथा व्यवस्थापनमा अधिकारक्षेत्रको अस्पष्टताः**

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ (चौथो संशोधन, २०७०) को दफा ३ र ४ ले स्वास्थ्य सेवाको गठन र स्वास्थ्य सेवामा रहने तह निर्धारण गरेको छ । यसै गरी संविधानको अनुसूची ६ को बुँदा ९ ले स्वास्थ्य सेवा प्रदेश तहको एकल अधिकारक्षेत्रमा राखेकोले स्वास्थ्य सेवाको गठन, सञ्चालन तथा व्यवस्थापनमा तहगत सरकारको स्पष्ट भूमिका आवश्यक देखिएको छ ।

यसका साथै प्रत्येक स्थानीय तहले १५ शैयासम्मको जनरल अस्पताल सञ्चालन गर्न सकेको देखिदैन । भएका अस्पतालहरूमा पनि आवश्यक प्राबिधिक जनशक्तिको अभाव रहेकोले सेवामा पहुँच र प्रभावकारिता नभएको अवस्था छ । उदाहरणका लागि नेपाल सरकारले आ.व. २०७५।७६ को बार्षिक नीति तथा कार्यक्रममार्फत सबै वडामा स्वास्थ्य संस्था र सबै स्थानीय तहमा एकजना डाक्टर पुऱ्याउने घोषणा गरेको थियो । अहिले ७५३ स्थानीय तहका ६७४३ वडाहरूमध्ये १२०० वडामा स्वास्थ्य चौकी छैनन् भने ४६९ स्थानीय तहमा एकजना पनि डाक्टर छैनन् ।[३७]

### ४. सूर्तीजन्य तथा लागू पदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन गर्ने कार्यमा दोहोरोपना :

सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ (केही नेपाल ऐन संशोधन ऐन, २०७२ बाट संशोधित समेत) ले सूर्तीजन्य पदार्थको दर्ता, लेबुल तथा ट्रेडमार्क, निकोटिनको मात्रा, हानिकारक तत्व, चेतावनीमूलक सन्देश राख्ने र विज्ञापन गर्न र गर्भवती र नाबालकलाई बिक्री वितरणमा बन्देज गर्ने व्यवस्था संघमा मात्र रहको छ । प्रदेशहरूको (कार्यविभाजन) नियमावली, २०७४ ले 'सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन' गर्ने अधिकार प्रदेशमा राखेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसूची ९ सँग सम्बन्धित ११ (ख) को १३ मा 'सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिबृद्धि'को अधिकार स्थानीय तहमा राखेको छ ।

समान प्रकृतिका कार्य गर्ने गरी तहगत सरकारबीच भएको अधिकारक्षेत्रको बाँडफाँडले तहगत सरकारबीच के कस्तो सीमाभित्र रही समन्वयमा त्यस्तो अधिकारको प्रयोग गर्ने हो भन्ने अन्यौल रहेको छ । तहगत सरकारबाट गरिने फरक फरक कानूनी प्रबन्धको प्रभाव के पर्छ भन्ने बारेमा समेत तहगत सरकारबीच साझा धारणा बन्न सकेको छैन ।

३७ स्रोत : नयाँ पत्रिका, माघ १, २०७५

**५. कार्यअधिकार क्षेत्रको बाँडफाँड र क्षमताबीच तालमेल नहुनु :**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा ४ खण्ड ख (५) ले स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन कार्य गर्ने अधिकारक्षेत्र सेवाको प्रभावक्षेत्र र स्थानीय तहको क्षमतासँग मिल्ने देखिदैन ।

**६. प्रदेश कानूनबाट स्थानीय तहको अधिकारक्षेत्रसँग बाझिने एवं दोहोरो कार्यक्षेत्र भएको:**

प्रदेशले तोकिए बमोजिमका विधि वा प्रक्रियाबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क उपलब्ध गराउने उल्लेख गरेको छ । यस्तो सेवा जनस्वास्थ्य सेवा ऐन, २०७५ ले परिभाषित गरे बमोजिम संविधानको अनुसूची ८ को बुँदा ९ अन्तर्गत स्थानीय सरकारको एकल अधिकारक्षेत्रसँग दोहोरो भएको छ ।[३८]

**(ख) आधारभूत स्वास्थ सम्बन्धी**

**१. आधारभूत स्वास्थ्य सेवा प्रवाहमा दोहोरोपना:**

ऐनबाट आधारभूत स्वास्थ्य सेवाको परिभाषा गरी संविधान बमोजिमको आधार भूत स्वास्थ्य स्थानीय सरकारको एकल अधिकारक्षेत्रभित्र रहेको तर कार्यान्वयन तहमा आधारभूत स्वास्थ्य सेवा संघ र प्रदेशसँग दोहोरो अधिकारमा परेको देखिन्छ ।

---

३८ प्रदेश नं. ३ सरकारको प्रदेश स्वास्थ्य सेवा विधेयक, २०७५ (प्रदेश सभाबाट पारित गरी प्रमाणीकरणको सिलसिलामा रहेको) ले प्रदेशले तोकिए बमोजिमका विधि वा प्रक्रियाबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क उपलब्ध गराउने उल्लेख गरेको छ । जुन सेवा जनस्वास्थ्य सेवा ऐन, २०७५ ले परिभाषित गरे बमोजिम संविधानको अनुसूची ८ को बुँदा ९ अन्तर्गत स्थानीय सरकारको एकल अधिकारक्षेत्रसँग दोहोरो भएको छ ।

**२. स्थानीय तहलाई संघ र प्रदेशबाट गर्ने सहयोगको खाका प्रष्ट नहुनु :** स्थानीय तहको आवश्यक क्षमता विकास, जनशक्ति उत्पादन र प्रबिधि एवं उपकरण र सार्वजनिक जग्गामा बनेका विद्यालय र सेवा केन्द्रको जमीन हस्तान्तरणमा संघ र प्रदेशको स्पष्ट दायित्व अर्थात वित्तीय व्यवस्थापनको विषय निर्धारण हुन सकेको छैन ।

**३. अपुरो अधिकारक्षेत्रः**

संघ, प्रदेश र स्थानीय तहले स्थापना गर्ने स्वास्थ्य संस्थाहरूले कस्तो प्रकारको सेवा कुन तहले उपलब्ध गराउने हो भन्ने बारे स्तरीकरण र वर्गीकरण नगरिएको अवस्थामा कुन स्तर र मापदण्डका स्वास्थ्य संस्थाको सञ्चालन इजाजतपत्र कुन तहले दिने भन्ने स्पष्ट हुन सकेको छैन ।

**४. स्थानीय तहको अधिकारक्षेत्रभित्रका कार्यजिम्मेवारी प्रदेशबाट सञ्चालनः** संविधानको अनुसूची ८ को बुँदा ९ मा आधारभूत स्वास्थ्य र सरसफाईसम्बन्धी एकल अधिकार र सोही अनुसूचीको बुँदा ८ मा आधारभूत र माध्यमिक शिक्षाको अधिकार स्थानीय सरकारको एकल भएको सम्बन्धमा प्रदेशबाट सोही प्रकृतिका एक विद्यालय एक नर्स जस्ता कार्य गर्ने व्यवस्थाले काम, स्रोत र जनशक्ति व्यवस्थापनमा दोहोरोपना रहेको छ ।

## ३.३ कृषि तथा पशु विकास

### ३.३.१ कार्यअधिकार क्षेत्रको बाँडफाँड

संविधान बमोजिम तहगत सरकारमा कृषि तथा पशु विकाससम्बन्धी देहायको एकल तथा साझा अधिकारक्षेत्रको बाँडफाँड गरिएको छ ।

**तालिका ३.७ कृषि तथा पशु विकास सम्बन्धी सविधान बमोजिमको अधिकार तथा कार्यजिम्मेवारी**

| संघको एकल अधिकार | प्रदेशको एकल अधिकार | संघ र प्रदेशको साझा अधिकार | स्थानीय तहको एकल अधिकार | संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार |
|---|---|---|---|---|
| १८ क्वारेन्टाइन | २० कृषि तथा पशु विकास, | १२ पशु चिकित्सा | ११ कृषि सडक<br>१५ कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी ।<br>१८ कृषि प्रसारको व्यवस्थापन सञ्चालन र नियन्त्रण | ४ कृषि |

पशुपन्छी विकास सम्बन्धी विषयमा प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहबीच समान प्रकृतिका देहाय बमोजिमको अधिकारक्षेत्रको विस्तृतीकरण र कार्यान्वयनको व्यवस्था गरेको छ ।

## तालिका ३.८ कृषि तथा पशु विकास सम्बन्धी अन्य कार्यजिम्मेवारीको बाँडफाँड

| नेपाल सरकार (मन्त्रिपरिषद्) कार्यविभाजन नियमावली, २०७४ (संशोधित २०७५) | प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ |
|---|---|---|
| **(क) पशुपन्छी विकास** | | |
| (१५) पशु चिकित्सा सम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड र व्यवस्थापन | ७ (१) पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन | (११) (२) (ण) (१) पशुपालन, पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन, |
| (१९) ...पशुपन्छी बीमा सम्बन्धी नीति र मापदण्ड | ७ (१२)... तथा पशुपन्छी बीमा सम्बन्धी नीति, योजना तर्जुमा र कार्यान्वयन | (११) (२) (ण) (१२) पशुपन्छी सम्बन्धी बीमा र कर्जा सहजीकरण |
| (२०) पशु सेवा सम्बन्धी प्रयोगशालाको सम्बद्धता | ७ (५) ... पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन | (११) (२) (ण) (१३) पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य |
| (१६) पशु चिकित्सकको दर्ता अनुमति, नवीकरण, खारेजी र नियमन | | (११) (२) (ण) (४) पशुपन्छी चिकित्सा सेवा व्यवस्थापन |
| (११) ... मत्स्य, पशुपन्छी उद्योग व्यवसायको अन्तर प्रादेशिक विकास, प्रबर्द्धन र समन्वय | ७ (३) ... पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रबर्द्धन | (११) (२) (ण) (२) ... तथा पशुपन्छी बजार सूचना, बजार तथा हाट बजारको पूर्वाधार निर्माण, ..., तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, ... र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन |

| नेपाल सरकार (मन्त्रिपरिषद्) कार्यविभाजन नियमावली, २०७४ (संशोधित २०७५) | प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ |
|---|---|---|
| **(ख) कृषि विकास** | | |
| (१) कृषि तथा कृषिजन्य जैविक विविधता र जैविक प्रविधि सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन | ७ (१) कृषि, ... खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन | ११ (२) (ण) (१) कृषि ... कृषि उत्पादन र व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन<br>११ (२) (द) (१) कृषि प्रसार सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन |
| (३) कृषि तथा पशुपन्छीजन्य औषधी, सुक्ष्म पोषण तत्व र जैविक विषादी, रासायनिक विषादीको उपयोग र व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन | ७ (१७) कृषिजन्य र पशुपन्छीजन्य औषधी, विषादी र सुक्ष्म पोषण तत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन | ११(२) (द) (४) कृषि विउविजन, नस्ल, मलखाद र रसायन तथा औषधीहरूको आपूर्ति, उपयोग र नियमन |

| नेपाल सरकार (मन्त्रिपरिषद्) कार्यविभाजन नियमावली, २०७४ (संशोधित २०७५) | प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ |
|---|---|---|
| (९) रासायनिक तथा जैविक मल उत्पादन, आयात तथा प्रयोग सम्बन्धी नीति, कानून, मापदण्ड, गुणस्तर निर्धारण, समन्वय र नियमन<br>(११) कृषि औद्योगिकीकरण, मत्स्य, ..... उद्योग व्यवसायको अन्तर प्रादेशिक विकास, प्रबर्द्धन र समन्वय | ७ (९) कृषि मल, विउ र विषादी आपूर्ति व्यवस्था र नियमन<br>७ (३) कृषि औद्योगीकरण, ...... उद्योग व्यवसायको विकास तथा प्रबर्द्धन | (११) (२) (ण) (२) कृषि तथा ... बजार सूचना, बजार तथा हाट बजारको पूर्वाधार निर्माण, ..., तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री, आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन<br>(११) (२) (ण) (७) उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रबर्द्धन, विकास तथा बजारीकरण |
| (१९) कृषि तथा ... बीमा सम्बन्धी नीति र मापदण्ड | ७ (१२) कृषि तथा ... बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन | |
| | ७ (१५) सामुहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रबर्द्धन | (११) (२) (द) (५) कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय संघ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन |
| | ७ (५) कृषि, ...प्रयोगशाला व्यवस्थापन र नियमन | |
| | ७ (१०) कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तिकरण | (११) (२) (द) (२) कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन<br>(११) (२) (द)(३) कृषकहरूको क्षमता अभिबृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण |

उल्लिखित कार्यका साथै नागरिकको मौलिक हकको कार्यान्वयन अन्तर्गत नागरिकको खाद्य तथा खाद्य सम्प्रभुताको अधिकारको व्यवस्था भएको छ । खाद्य तथा खाद्य सम्प्रभुताको अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ ले तहगत सरकारको कार्यजिम्मेवारी तथा अधिकारक्षेत्रको सम्बन्धमा गरेका दोहोरो कार्यजिम्मेवारी भएका मुख्य मुख्य विषयहरु र स्पष्ट गर्नुपर्ने विषयहरु देहाय बमोजिम उल्लेख गरिएको छ ।[३९]

**तालिका ३.९ : खाद्य तथा खाद्य सम्प्रभुत्ताको अधिकारको तहगत बाँडफाँड र दोहोरोपना**

| दफा | कार्यजिम्मेवारी | सं. | प्र. | स्था. | टिप्पणी |
|---|---|---|---|---|---|
| ४ | **भोकमरीको रोकथाम र नियन्त्रण** : नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले भोकमरी र त्यसको नियन्त्रणको लागि पारस्परिक समन्वयमा प्राथमिकीकरणको आधारमा गर्ने कार्यहरु (भोकमरी वा भोकमरीको जोखिममा रहेका व्यक्ति, परिवार र समुदाय नियमित रूपमा पहिचान गर्ने र अभिलेख राख्ने, खाद्य सञ्चितिको वितरणको व्यवस्था गर्ने, भोकमरी रोकथाम तथा नियन्त्रणको लागि तत्कालीन, अल्पकालिन र दीर्घकालिन उपायहरु अवलम्वन गर्ने । | √ | √ | √ | संघ, प्रदेश र स्थानीय सरकारले मौलिक अधिकारकारको कार्यान्वयन सम्बन्धी एउटै प्रकृतिको कार्य सबैले गर्ने व्यवस्था भएको, कुन तहले के गर्ने र कुन तहको दायित्व के हुने भन्ने स्पष्ट बाँडफाँड स्पष्ट नभएको ।<br>संघ, प्रदेश र स्थानीय तहबाट देहायका कार्यजिम्मेवारी निर्वाह गर्ने कार्ययोजना बनाई लागू गर्ने ।<br>**संघ र प्रदेशः** बार्षिक रूपमा खाद्य उपलब्धताको स्थितिको अद्यावधि गर्ने, खाद्यको सञ्चिति तथा भण्डारण गर्ने र आवश्यक पर्ने पालिकाहरुमा वितरण गर्ने ।<br>**स्थानीय तहः** भोकमरी वा भोकमरीको जोखिममा रहेका व्यक्ति, परिवार र समुदायको नियमित पहिचान गरी अभिलेख राख्ने, प्रदेश तथा संघमा जानकारी गराउने र संघ तथा प्रदेशबाट उपलब्ध भएको खाद्य पदार्थलाई वितरण गर्ने स्थानीय उत्पादनको भण्डारणको व्यवस्था गर्ने । |

३९ खाद्य तथा खाद्य सम्प्रभुताको अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५

| दफा | कार्यजिम्मेवारी | सं. | प्र. | स्था. | टिप्पणी |
|---|---|---|---|---|---|
| ७ | **निःशुल्क खाद्य सहायता उपलब्ध गराउनु पर्ने :** नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले लक्षित घरपरिवारलाई सहुलियत मूल्यमा र खास प्रकृतिका लक्षित घरपरिवारलाई तोकिएबमोजिम निःशुल्क खाद्य सहायता उपलब्ध गराउनु पर्ने । | √ | √ | √ | ▪ संघ तथा प्रदेशले गर्ने कार्यविवरणलाई स्पष्ट गरिनु पर्ने ।<br>▪ एकीकृत अभिलेख र एकद्वार सहायता प्रणाली अवलम्वन गर्ने । |
| १३ | कृषि पेशाको संरक्षण र किसानको जीवनस्तरको प्रबर्द्धन गर्ने । | | | | संघ तथा प्रदेशले कृषि पेशाको संरक्षण र किसानको जीवनस्तरको प्रबर्द्धनका लागि मूल्य श्रृंखलामा आधारित कृषि व्यवसायको प्रबर्द्धन गर्न स्थानीय तहमा आवश्यक हुने जनशक्ति, प्रविधि, स्रोत, प्रयोगशाला, उपकरण तथा औजार पर्याप्त मात्रामा व्यवस्था गरी स्थानीय तहमा हस्तान्तरण गरिनु पर्ने । प्रदेशले चिस्यान केन्द्र र थोक विक्री केन्द्रको व्यवस्था गर्ने, संघले अनुसन्धान र प्रविधि हस्तान्तरण गर्ने । |
| १५ | कृषियोग्य भूमिको दिगो उपयोग गर्ने | √ | √ | √ | सन्निकटताको सिद्धान्त अनुसार स्थानीय तहले सञ्चालन गर्दा प्रभावकारी र जवाफदेही हुने हुँदा संघ तथा प्रदेशले जनशक्ति तथा स्रोत उपलब्ध गराई स्थानीय तहबाट कार्यान्वयन गर्नुपर्ने । |
| १६ | स्थानीय कृषि बाली तथा पशुजन्य उत्पादनको प्रवर्द्धन गर्ने । | √ | √ | √ | |

| दफा | कार्यजिम्मेवारी | सं. | प्र. | स्था. | टिप्पणी |
|---|---|---|---|---|---|
| १८ | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले लक्षित कृषि विकास कार्यक्रम सञ्चालन (दलित, लोपोन्मुख, आदिवासी, किसान वा भूमिहीन किसान) गर्ने । | √ | √ | √ | स्थानीय तहमार्फत समन्वयमा कार्यान्वयन गर्ने ।<br><br>कामका साथै वित्तीय स्रोत उपलब्ध गराउनु पर्ने । |
| २२ | स्थानीय तहले प्रत्येक वर्ष खाद्य तथा पोषण सुरक्षाका लागि तोकिए बमोजिम आवश्यक कार्यक्रम सञ्चालन गर्नेछ । | | | √ | |

### ३.३.२ केही प्रमुख सवाल तथा अस्पष्टताहरू

संविधानमा "पशु विकास" प्रदेशको एकल अधिकारक्षेत्रमा तथा "पशुपालन" स्थानीय तहको एकल अधिकारक्षेत्रमा र "पशु चिकित्सा" संघ र प्रदेशको साझा अधिकारक्षेत्रमा राखिएको छ । पशु विकास र पशुपालनलाई थप प्रष्ट गरी के कस्तो कार्यजिम्मेवारी प्रदेश र स्थानीय तहले निर्वाह गर्नुपर्ने हो निर्धारण गर्नुपर्ने अवस्था रहेको छ । कृषि तथा पशुपन्छी विकास सम्बन्धी विषय प्रत्येक किसानसँग व्यक्तिगतस्तरमा सम्बन्धित विषय भएको र किसानको दैनन्दिन सम्पर्कमा तुलनात्मक रूपमा स्थानीय सरकार सहज र बढी पहुँचमा हुने हुँदा सन्निकटताको सिद्धान्त बमोजिम देहायका कार्यअधिकार क्षेत्र बाँडफाँडमा स्पष्टता ल्याउन आवश्यक छ ।

#### १. विषयक्षेत्र/उपक्षेत्रगत स्पष्टता, कार्यजिम्मेवारीको पुनर्वितरण

- कृषि प्रयोगशाला प्रदेशको कार्य विभाजन नियमावली बमोजिम प्रदेशको अधिकारक्षेत्रमा रहेको तर कृषि प्रयोगशाला नेपाल सरकारबाट समेत सञ्चालन भईरहेको देखिन्छ । माटोको पिएच (अम्लिय/क्षारीय), नाइट्रोजन, फसफोरस, पोटास र जैविक सुक्ष्म तत्व मापन गर्ने प्रयोगशालाको सेवामा

कृषकको पहुँच बढाउन यस्तो सेवा स्थानीय तह वा स्थानीय तहको संयुक्त व्यवस्थापनमा सञ्चालन गर्ने प्रष्टता नभएको देखिन्छ ।

- प्रदेशको कार्यविभाजन नियमावली अनुसार पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन प्रदेशको अधिकारक्षेत्रमा रहेको तथा पशुस्वास्थ्यको अधिकार स्थानीय तहमा रहेको परस्पर विरोधाभाषपूर्ण व्यवस्था देखिन्छ । पशुसेवा प्रयोगशालाबाट पक्षघात (लकुवा), थुनेलो, बाँझोपन, आन्तरिक परजीवि जस्ता रोगहरूको परीक्षण हुने तथा यस्तो सेवा कृषकको सहज पहुँचमा पुऱ्याउन स्थानीय तहबाट सेवा प्रवाह हुने गरी नीतिगत तथा संस्थागत सुधार आवश्यक देखिन्छ ।
- कृषि तथा कृषिजन्य र मत्स्य तथा पशुपन्छीजन्य साना तथा घरेलु उद्योग व्यवसायको विकास तथा प्रबर्द्धन गर्ने अधिकार संघ र प्रदेशले प्रयोग गरिरहेको छ । यस्तो अधिकार स्थानीय तहमा नहुँदा साना तथा घरेलु उद्योग सम्बन्धी स्थानीय तहमा भइरहेका कार्यहरु समेतले मान्यता पाउन सकेको छैन । तथापि, संशोधित स्थानीय सरकार सञ्चालन ऐनले घरेलु उद्योग स्थानीय तहको अधिकारक्षेत्रमा समेत थप गरेको छ ।
- देहायका अन्य कार्यजिम्मेवारी बाँडफाँडमा तहगत सरकारका काममा स्पष्टता हुन नसकेकोः
    - पशु चिकित्सकको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन गर्ने अधिकार (संघ वा प्रदेश),
    - सहकारी तथा समुदायमार्फत पशु बीमा कार्यक्रम सञ्चालन तथा निरन्तर गर्ने (स्थानीय वा प्रदेश),
    - कृषि तथा बाली बीमा (प्रदेश वा स्थानीय),
    - प्याराभेटेरीनरी व्यवसायीको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन (स्थानीय वा प्रदेश) ।

## २. संरचनागत सामञ्जस्य

प्रदेश अन्तर्गत जिल्ला तहमा कृषि ज्ञान केन्द्र, भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र स्थापना गरिएको छ । जसको कार्यक्षेत्र गाउँपालिका

वा नगरपालिकाभित्र रहने गरेको छ । ति निकायहरूले गाउँपालिका तथा नगरपालिका तहको समान प्रकृतिका कार्यहरू समेत गरिरहेको अवस्था छ ।

नेपाल सरकार अन्तर्गत कृषि र पशुसेवा सम्बन्धी विभिन्न प्रकृतिका प्रयोगशाला, स्रोत केन्द्र र कृषि विकास फार्म, आलु, तरकारी तथा मसला बाली विकास केन्द्र जस्ता विकास केन्द्रहरू रहेका छन । ती मध्ये कुन राष्ट्रियस्तरको हुने र कुन प्रदेश वा स्थानीय तहमा हस्तान्तरण हुनुपर्ने हो सोको स्पष्ट खाका तयार भएको देखिदैन । यसले गर्दा संघ, प्रदेश र स्थानीय तहबीच संस्थागत रूपमा समेत दोहोरो कार्यप्रणाली विद्यमान रहेको छ ।

भेटेरेनरी अस्पतालको स्पष्ट वर्गीकरण नभएकोले विशिष्ट र रेफरल सेवाका लागि प्रदेश अन्तर्गतका जिल्ला भेटेनरी अस्पताल सञ्चालन गरी प्रयोगशाला सहितको प्राथमिक पशु स्वास्थ्य अस्पताल गाउँपालिका र नगरपालिकामा स्थापना गर्नुपर्ने आवश्यकता खड्किएको छ ।

**३. योजना, कार्यक्रम र बजेटमा सामञ्जस्य**

प्रादेशिक र स्थानीय तहस्तरका आयोजनाहरूको स्पष्ट परिभाषा र व्याख्या नभएकाले प्रदेश र स्थानीय दुबै तहबाट समान प्रकृतिका कार्यक्रम र योजनाहरू दोहोरो रहने गरेका छन । स्थानीय तहबाट सहभागितामूलक रूपमा छनौट भई वर्गीकरणका आधारमा प्रदेश र प्रदेशबाट संघीय तहमा पेश भएका योजना तथा कार्यक्रमलाई आधार लिने प्रणाली र प्रक्रिया स्थापित हुन सकेको छैन । जसले गर्दा संघ र प्रदेश सरकारले योजना छनौट गर्दा समन्वय हुन सकेको देखिदैन ।

कृषि सम्बन्धी अधिकार तथा कार्यजिम्मेवारी प्रदेश र स्थानीय तहको भूमिका प्रधान रहने विषयलाई संविधानले समेटेको छ । तथापि, समान प्रकृतिका काम गर्ने गरी 'प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना' अन्तर्गत कमाण्ड क्षेत्रभित्रका पकेट, ब्लक, जोन तथा सुपरजोनहरूका लागि प्राविधिक सेवा टेवा दिने कार्यक्षेत्रहरू  संघ, प्रदेश र स्थानीय तहको बीचमा दोहोरो पर्न गएको छ ।

प्रदेशको कानूनी तथा संरचनागत व्यवस्थाको विश्लेषण गर्दा स्थानीय तहले गर्दा प्रभावकारी हुने कतिपय कार्यक्षेत्रहरु समेत आफूले गर्ने गरी कानून बनाएको देखिन्छ ।[४०] प्रदेश सरकारले सञ्चालन गर्ने आकस्मिक पशुपन्छी रोग नियन्त्रण तथा उपचार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ ले पशुपन्छीमा लाग्ने आकस्मिक रोग नियन्त्रण तथा उपचार कार्यक्रम सञ्चालनबाट कृषकहरूलाई फाइदा पुग्न जाने देखिन्छ । ठूला-ठूला पशुपालन फार्महरूको विकास गर्ने, यान्त्रीकरण गर्ने कार्य प्रदेशस्तरमा हुनु सकारात्मक कुरा भएपनि प्रदेशस्तरबाट जिल्ला पशु सेवा कार्यालय स्थापना गरी पाँच वटा गाई वा तीन वटा भैंसी पाल्ने किसानसँग सम्बन्धीत कार्यक्रम पनि प्रदेश सरकारले सञ्चालन गर्दा कार्यअधिकार क्षेत्रमा दोहोरोपना कायम रहेको छ ।

स्थानीय तहको कृषि सम्बन्धी कार्यजिम्मेवारीको पुनरावलोकन गर्दा कतिपय क्षेत्रमा प्रदेशको अधिकारक्षेत्रका विषयमा पनि समान प्रकृतिको कार्यअधिकार क्षेत्र सिर्जना गरेको देखिन्छ । जस्तै, कृषि आयमा कर प्रदेशको एकल अधिकारक्षेत्र भएता पनि स्थानीय तहले कृषि आयमा छुट दिने नीति त्यस्तो प्रदेश कानूनसँग बाझिएको छ ।[४१]

## ३.४ भौतिक पूर्वाधार विकास

नेपालको संविधानले भौतिक पूर्वाधारक्षेत्र (सडक, यातायात, विद्युत, खानेपानी, सिचाईं, उद्योग, पर्यटन, सम्बन्धी तहगत सरकारमा देहाय बमोजिम अधिकार र कार्यजिम्मेवारीको बाँडफाँड गरेको छ ।

४० प्रदेश नं. २ सरकारले पशु व्यवसायलाई यान्त्रिकरण गर्ने, घाँसलाई साईलेज वनाई संरक्षण गर्न साइलोपिट निर्माण गर्न किसानलाई सहयोग गर्ने, पछाडी परेका साना कृषक तथा विपन्न किसान समुदायलाई बाख्रा र कुखुरापालनमा सहयोग गर्ने, एकल महिलाको जिविकोपार्जनका लागि पशुपालन कार्यक्रम सञ्चालन गर्ने र युवा लक्षित व्यवसायिक पशुपन्छीपालन कार्यक्रम कार्यान्वयन कार्यविधि ल्याएको छ ।

४१ बिरेन्द्रनगर र चामुण्डा बिन्द्रासैनी नगरपालिकाका कृषि व्यवसाय प्रबर्द्धन ऐन, २०७४ ले कृषि व्यवसायलाई प्रबर्द्धन गर्न स्थानीय कर निकासीमा छुट दिने व्यवस्था गरिएको (दफा ८), जुन स्थानीय तहको क्षेत्राधिकारमा पर्दैन ।

**तालिका ३.१०: संघ, प्रदेश र स्थानीय तहको भौतिक पूर्वाधार विकास सम्बन्धी अधिकारक्षेत्र**

| संघको एकल अधिकार | प्रदेशको एकल अधिकार | स्थानीय तहको एकल अधिकार | संघ तथा प्रदेशको साझा अधिकार | संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार |
|---|---|---|---|---|
| १४. केन्द्रीयस्तरका ठूला विद्युत, सिचाईं र अन्य आयोजना तथा परियोजना<br>२०. राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन<br>२९. भूउपयोग नीति, वस्ती विकास नीति, पर्यटन नीति, वातावरण अनुकूलन | ७. प्रदेशस्तरको विद्युत, सिचाईं र खानेपानी सेवा, परिवहन<br>१२. प्रदेश लोकमार्ग<br>१४. प्रदेश सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र अन्य आवश्यक विषय | ७. स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरु<br>११. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिचाईं<br>१९. खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा | १५. उद्योग तथा खनिज र भौतिक पूर्वाधार<br>१८. पर्यटन खानेपानी तथा सरसफाई | ५. विद्युत, खानेपानी, सिचाईं जस्ता सेवाहरु |

संवैधानिक अधिकारक्षेत्रहरूलाई प्रचलित कानून बमोजिम विस्तृतीकरण गरी संघ, प्रदेश र स्थानीय तहबाट कार्य भइरहेको छ । संविधानको व्यवस्थाका आधारमा संघीय ऐन तथा कार्यविधिहरू, प्रादेशिक कानूनहरू, स्थानीय तहका ऐन तथा कार्यविधिहरू लगायत नेपाल सरकार (मन्त्रिपरिषद्) कार्यविभाजन नियमावली, २०७४, प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का साथै सम्वन्धित विषयक्षेत्रगत ऐन कानून, कार्यविधि र निर्देशिकाले तहगत सरकारबीच भौतिक पूर्वाधार विकास सम्वन्धमा देहाय बमोजिमको अधिकारक्षेत्र तथा कार्यजिम्मेवारीको व्यवस्था गरेको छ ।

**तालिका ३.११ः भौतिक पूर्वाधार विकास सम्बन्धी अधिकारक्षेत्रको विस्तृतीकरण**

| **(क) सडक यातायात अन्य पूर्वाधार** | | |
|---|---|---|
| **नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४** | **प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४** | **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** |
| १० (४) राष्ट्रिय रेलमार्ग, शहरी मेट्रो रेल लगायत रेल प्रणाली, रेल सुरक्षा प्रणाली सम्बन्धी नीति, कानून र मापदण्ड<br>१० (७) राष्ट्रिय लोकमार्ग सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन<br>१० (१६) ...जलमार्ग लगायत वैकल्पिक यातायात सम्बन्धी, नीति, कानून र मापदण्ड | ४ (१६) प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तर उन्नती, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान... | ११ ट (१) स्थानीय, ग्रामीण तथा कृषि सडक र सिचाईं सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा कार्यान्वयन, अनुगमन र नियमन |

| (क) सडक यातायात अन्य पूर्वाधार | | |
|---|---|---|
| **नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४** | **प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४** | **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** |
| १० (५) राष्ट्रिय तथा अन्तरदेशीय रेल सेवा सञ्चालन<br>१० (८) राष्ट्रिय लोकमार्ग अन्तर्गतका आयोजना पहिचान, अध्ययन, निर्माण, मर्मत सम्भार, महसुल र व्यवस्थापन<br>१० (९) राष्ट्रिय लोकमार्गमा फ्रन्टल एक्सेस नियन्त्रण, शाखा सडकको पहुँच विन्दु र सडक सीमा क्षेत्रको व्यवस्थापन र नियमन<br>१० (१२) सडक तथा अन्य वैकल्पिक यातायात प्रविधि लगानी र अन्तरदेशीय यात्रुबाहक यातायात सेवा सञ्चालन | ४ (१५) रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रबर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन | ११ ट (२) स्थानीय, ग्रामीण तथा कृषि सडक, झोलुङ्गे पुल, पुलेसा, सम्बन्धी गुरूयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत, सम्भार र नियमन<br>११ ट (५) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी अन्य कार्य |
| १० (३) वातावरण, अपाङ्गता र लैङ्गिकमैत्रीपूर्ण तथा विपद् जोखिम संवेदनशील यातायात प्रविधिको प्रबर्द्धन | | |

संविधानले संघको एकल अधिकारभित्र राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन तथा केन्द्रीय योजना निर्धारण गरिदिएको छ । यसैगरी प्रदेशको एकल अधिकार क्षेत्रभित्र प्रदेश लोकमार्ग र स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र स्थानीय सडक, कृषि सडक र ग्रामीण सडक रहेको छ ।

स्थानीय सरकारको अधिकारभित्र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय सडक, ग्रामीण तथा कृषि सडक, झोलुङ्गे पुल, पुलेसाको

निर्माण तथा कार्यान्वयन गर्ने अधिकार रहेको छ । यी प्रत्येक तहका सरकारले आफ्ना क्षेत्राधिकारभित्रका विषयमा तत् सम्बन्धी नीति, कानून र मापदण्ड कार्यान्वयन र नियमन गर्ने अधिकार राख्दछन् ।

राष्ट्रिय लोकमार्ग, प्रदेश लोकमार्ग, स्थानीय, ग्रामीण तथा कृषि सडक, झोलुङ्गे पुल, पुलेसा सम्बन्धी स्पष्ट मापदण्ड नहुँदा संघ, प्रदेश र स्थानीय तह सबैले समान प्रकृतिका योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने गरेका छन् । यस्तो कार्य बन्द गरी आ–आफ्नो अधिकारक्षेत्रमा सीमित रहन आवश्यक छ । यसका साथै वातावरण, अपाङ्गता र लैङ्गिकमैत्रीपूर्ण तथा विपद् जोखिम संवेदनशील यातायात प्रविधिको प्रबर्द्धन तथा कार्यान्वयन तीनवटै तहबाट हुनुपर्ने कुरालाई स्पष्ट गर्नुपर्ने आवश्यकता रहेको छ ।

सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ मा नेपाल सरकारले सार्वजनिक सडकको वर्गीकरण, सडक सीमा, जग्गा प्राप्ती गर्नसक्ने र दफा ३ (क) मा तोकिएको फासलाभित्र भवन आदि वनाउन निषेध गर्नसक्ने, दफा ४ मा सार्वजनिक सडक र सडक सीमाको निमित्त जग्गा प्राप्त गर्नसक्नेजस्ता अधिकार नेपाल सरकारमा रहेको छ । तर, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४५ ले स्थानीय तहलाई सडकको अधिकार क्षेत्र तोक्नसक्ने राष्ट्रिय र प्रदेशस्तरीय सडकको अधिकार क्षेत्रको पालना गराउनु पर्ने, सडकको अधिकार क्षेत्रभित्र वनेका संरचना भत्काउन आदेश दिने, अधिकार क्षेत्र परिवर्तन गर्दा वा प्राप्त गर्दा क्षतिपूर्ति दिनुपर्ने व्यवस्थाको अधिकार स्थानीय तहलाई दिएकोले दोहोरो अधिकारक्षेत्रको अभ्यास भइरहेको छ ।

| (ख) बस्ती विकास, शहरी विकास र आवास विकास | | |
|---|---|---|
| नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ | प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ |
| २० (२) बस्ती विकास, शहरी विकास आवास विकास सम्बन्धी नीति, कानून मापदण्ड र नियमन | ४ (१८) प्रदेश भित्रको शहरी विकास योजना तर्जुमा, शहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत सम्भार र आवास तथा भवन सम्बन्धी योजनाहरूको कार्यान्वयन र मार्ग निर्देशन | ११ (छ) (५) संघीय तथा प्रदेश कानूनको अधिनमा रही शहरी विकास, वस्ती विकास र भवन सम्बन्धी नीति, कानून मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा आयोजना पहिचान, अध्ययन कार्यान्वयन र नियमन |
| २० (३) राष्ट्रिय भवनसंहिता सम्बन्धी नीति, कानून र मापदण्ड | ४ (२०) प्रदेशस्तरमा राष्ट्रिय भवनसंहिताको कार्यान्वयन र नियमन | ११ (छ) (६) राष्ट्रिय भवनसंहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन |
| २० (५) राष्ट्रिय शहरी पूर्वाधार विकास, संघीय सरकारी आवास, भवन निर्माण तथा मर्मत सम्भार | ४ (१७) प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन | ११ (छ) (७) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण र मर्मत सम्भार तथा सञ्चालन र व्यवस्थापन |
| २० (७) राष्ट्रियस्तरका संयुक्त र बहुतले आवास सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन | ४ (१९) प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रबर्द्धन | ११ (छ) (९) सुरक्षित वस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन |
| २० (६) विशिष्ट शहरी संरचना | ४ (२१) प्रदेशको राजधानी र प्रादेशिक शहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण | |

स्थानीय सरकार सञ्चालन ऐनले गरेको व्यवस्था अनुरूप स्थानीय तहको अधिकार क्षेत्रमा शहरी पूर्वाधार निर्माण, सञ्चालन, नियमन, मर्मत सम्भार र आवास तथा भवनसम्बन्धी योजनाहरूको कार्यान्वयन गर्ने रहेको छ । प्रदेश कार्य विभाजन नियमावलीको व्यवस्थाले त्यस्तो अधिकार प्रदेश तहले गर्ने कार्यजिम्मेवारी तोकिएको छ ।

स्थानीय तहको केन्द्र र शहरोन्मुख वस्ती विकास एवं आवास तथा पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, संयोजन गर्ने कार्य स्थानीय सरकारको कार्यअधिकार क्षेत्रमा रहनुपर्ने देखिन्छ । यस कार्यका लागि स्थानीय तहलाई सशर्त अनुदानमार्फत संघ र प्रदेशको वित्तीय र प्राबिधिक सहयोग प्राप्त हुनु आवश्यक हुन्छ ।

**(ग) सिचाईं**

| नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ | प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ |
|---|---|---|
| ४ (१२) संघीय र अन्तर प्रदेश सिचाईं प्रणालीको बाँध, जलाशय, अन्य संरचना, मूल नहरको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड र कार्यान्वयन | ४ (६) प्रदेश भित्रको जलस्रोत उपयोग हुने आयोजनाको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय | ११ (ट) (२) स्थानीय, ... सिचाईं र तटबन्धन सम्बन्धी गुरूयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत, सम्भार र नियमन |
| ४ (१०) संघीय र अन्तरप्रादेशिक सिचाईं र अन्तरप्रदेश जलउत्पन्न प्रकोप नियन्त्रण आयोजनाको पहिचान, अध्ययन, निर्माण र नियमन | ४ (२) प्रदेशस्तरमा ..., सिचाईं तथा ..., सम्बन्धी सेवाको गुणस्तर र सेवाशुल्कको आधार निर्धारण र नियमन | ११ (४)(ग) (३) अनुसूची ९: स्थानीय साना सतह भूमिगत सिचाईं प्रणालीको सञ्चालन तथा मर्मत सम्भार सेवाशुल्क निर्धारण र संकलन सम्बन्धी व्यवस्थापन |

| (ग) सिचाईं | | |
|---|---|---|
| **नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४** | **प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४** | **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** |
| ४ (४) नदी बेसिन योजना र जल उपयोग सम्बन्धी गुरूयोजना र नियमन<br>४ (५) जलस्रोत, ... सिचाईं र भूमिगत जलस्रोत सम्बन्धी अध्ययन, अनुसन्धान र प्रविधि विकास | ४ (७) प्रदेशस्तरमा जलाधार संरक्षण तथा जल उपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन | ११ प (१) जलाधार, ... संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन<br>११ प (४) भूसंरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन |

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारको सूचीमा सिचाईंको कार्यजिम्मेवारी र अधिकारक्षेत्र विभाजन गरेको छ । संघको एकल अधिकारभित्र केन्द्रीयस्तरका ठूला सिचाईं आयोजना तथा परियोजना, प्रदेशको एकल अधिकार क्षेत्रभित्र प्रदेशस्तरको सिचाईं र स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र पनि सिचाईं रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन तथा नेपाल सरकार र प्रदेश सरकार कार्यविभाजन नियमावलीले पनि सिचाईं सम्बन्धमा तीन वटै तहका सरकारको अधिकारक्षेत्रको व्यवस्था गरेको छ । यसका साथै अन्य प्रचलित नेपाल कानून समेतमा तहगत सरकारबीच बाझिएको तथा दोहोरिएको अधिकार र संविधानको व्यवस्थासँग तादाम्य नभएको व्यवस्था रहेका छन् ।

जलस्रोत ऐन, २०४९ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी बनेको सिचाईं नियमावली, २०५६ (संशोधित २०६०) को नियम ३ मा नेपाल सरकारले निर्माण गरी सञ्चालन गरेको, मर्मत सम्भार गरेको वा कृषक समूहबाट निर्माण भई सञ्चालन भएको उपभोक्ता समिति दर्ता गर्ने कार्य नेपाल सरकारको सिचाईं कार्यालयले गर्ने व्यवस्था रहेको छ । सोको नियम ४ अनुसार विधान

विपरित कामगर्ने उपभोक्ता समिति विघटन गर्ने अधिकार सिचाईं विभागमा रहेको छ । नियम २६ ले नेपाल सरकारले विकास तथा सञ्चालन गरेको वा उपभोक्तालाई हस्तान्तरण गरेको परियोजनाबाट सेवा उपभोग गरेबापत बुझाउनु पर्ने सेवाशुल्क निर्धारण गर्नका लागि चार सदस्यीय समिति गठन गर्ने अधिकार पनि सो नियमावलीले गरेको छ । नियमावलीको अनुसूची ३ मा कृषक उपभोक्ताहरूबाट उठ्ने सिचाईं सेवा शुल्कको केन्द्रीय मर्मत सम्भार कोष सिचाईं विभाग, नेपाल सरकार र उपभोक्ताले पाउने गरी विभाजनको खाका दिएको छ । जलस्रोत ऐनको यस्तो व्यवस्था स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहले निर्माण गरी सञ्चालन गरेको सिचाईं आयोजनाको उपभोक्ता समितिको गठन, सञ्चालन, सिचाईं शुल्क निर्धारण जस्ता कुराहरु स्थानीय तहले गर्नुपर्ने व्यवस्थासँग बाझिई कार्यजिम्मेवारीको दोहोरोपना रहेको छ । उल्लिखित सन्दर्भमा संविधानको भावना र प्राबधान बमोजिम सिचाईं आयोजनको वर्गीकरण र स्पष्ट परिभाषित हुनुपर्ने आवश्यकता रहेको छ ।

नेपाल सरकारले संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको बर्गीकरण तथा बाँडफाँड सम्बन्धी मापदण्ड, २०७६ पारित गरेको छ । जस अनुसार गरिएको वर्गीकरण व्यवहारिक हुन सकेको देखिदैन । साथै स्थानीय तहको सिचाईं सम्बन्धी कार्यजिम्मेवारी र अधिकारक्षेत्रको उल्लेख यस मापदण्डमा पनि गरिएको छैन ।

(घ) विद्युत/ऊर्जा

| नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ | प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ |
|---|---|---|
| ठूला विद्युत<br>४ (२) जलस्रोत र ऊर्जा पूर्वाधार संरचना निर्माण सम्बन्धी एकिकृत नीति, कानून, मापदण्ड र नियमन | ४ (४) राष्ट्रिय जलस्रोत नीति र संघीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन | ११ ध (३) एक मेगावाट सम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन<br>११ ध (७) ...,साना जलविद्युत आयोजना तथा वैकल्पिक ऊर्जा सम्बन्धी अन्य कार्य<br>११ ध (४) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, नियमन |
| ४ (१) जलस्रोत र ऊर्जाको दिगो विकास संरक्षण, उपयोग र पानीको बाँडफाँड सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन | ४ (१) प्रदेशस्तरको ऊर्जा, विद्युत ..., व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानून, मापदण्ड, गुरूयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत सम्भार, समन्वय र नियमन<br>४ (६) प्रदेश भित्रको जलस्रोत उपयोग तथा ...सम्बन्धी योजना तथा गुरूयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन | |

| (घ) विद्युत/ऊर्जा | | |
|---|---|---|
| **नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४** | **प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४** | **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** |
| ४ (२०) नवीकरणीय र वैकल्पिक ऊर्जाको उपयोग, गुणस्तर र मापदण्ड | ४ (३) ऊर्जा, विद्युत …सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रबर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन | ११ (द) (६) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिबृद्धि र प्रबर्द्धन |

विद्युत ऐन, २०४९ को दफा ४ ले विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरण गर्न चाहने व्यक्ति वा संगठित संस्थालाई नेपाल सरकारले तोकेको अधिकारीले अनुमति दिने व्यवस्था गरेको छ । ऐनको दफा ३ मा स्वदेशी व्यक्ति वा संगठित संस्थाले १००० किलोवाट सम्मको विद्युत सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरण गर्न अनुमति लिनु नपर्ने व्यवस्था गरिएको छ । ऐनको दफा ११ अनुसार अनुमति प्राप्त व्यक्तिले प्रति युनिट (किलोवाट घण्टा) सरदर बिक्री मूल्यको २ प्रतिशतका दरले नेपाल सरकारलाई रोयल्टी बुझाउनु पर्ने व्यवस्था समेत उल्लेख छ ।

यस्तो व्यवस्था प्रदेश सरकार (कार्यविभाजन) नियमावली २०७४, र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थासँग बाझिएको र विद्युत ऐनको त्यस्तो व्यवस्थाले प्रदेश र स्थानीय सरकारको क्षेत्राधिकारलाई संकुचन तथा नियन्त्रण गरेको छ ।

तथापि, तहगत सरकारले आफैले निर्माण एवं सञ्चालन गर्ने आयोजनाहरूको हकमा प्रचलित कानूनहरूले राखेको आयोजना क्षमताको सीमा अव्यवहारिक देखिन्छ ।

प्रदेशस्तरको ऊर्जा तथा विद्युत आयोजनाको वर्गीकरण नभएको हुँदा स्थानीय तहले सञ्चालन गर्ने त्यस्तै प्रकारका आयोजनासँग दोहोरो हुनसक्ने भएकोले

स्पष्ट परिभाषित गरी प्रदेश र स्थानीय तहले गर्ने आयोजनाहरु वर्गीकरण गर्नुपर्ने देखिन्छ ।

वैकल्पिक ऊर्जा सम्बन्धी अधिकार संविधानको अनुसूची ८ को बुँदा १९ ले स्थानीय तहको एकल अधिकारमा राखेको तर वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत सो कार्य संघले सञ्चालन गर्दै आएको परिप्रेक्ष्यमा संघ तथा प्रदेशले स्थानीय तहलाई उक्त अधिकारक्षेत्रको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्नु संविधानको भावना अनुकूल हुने देखिन्छ ।

**(ङ) खानेपानी तथा सरसफाई**

| नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ | प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ |
|---|---|---|
| ७ (१) खानेपानी ....र सरसफाई सम्बन्धी नीति, कानून र मापदण्ड<br>७ (२) राष्ट्रियस्तरको ठूला खानेपानी आयोजना र अन्तर प्रदेश खानेपानी आयोजना | ४ (१) प्रदेशस्तरको खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवा शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, मर्मत सम्भार, समन्वय र नियमन | ११ ध (१) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| ७ (३) राष्ट्रियस्तरका प्रशोधन सहितका बृहत ढल र अन्तरप्रदेश ढल प्रशोधन सहितका आयोजनाहरुको पहिचान, निर्माण र नियमन | | स्थानीयस्तरमा सरसफाई र फोहोरमैला व्यवस्थापन |

संविधानमा प्रदेश र स्थानीय तहको एकल अधिकारमा 'खानेपानी' रहेको छ । संघ र प्रदेशको र संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तर्गत अनुसूची ९ र ७ मा पनि 'खानेपानी' रहेको छ ।

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ को ४ (२४) मा प्रदेशस्तरको खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण र कार्यान्वयनको अधिकार प्रदेश सरकारमा राखेको छ । यसैगरी सो नियमावलीको नियम ४ को उपनियम २५ मा खानेपानी तथा सरसफाई सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रबर्द्धन सम्बन्धी नीति तथा मापदण्ड र कार्यान्वयन गर्ने अधिकार प्रदेश सरकारको रहेको छ । सो नियमावलीको नियम ४ को उपनियम २६ ले सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाई तथा स्वच्छतामा पिछडिएको वर्गका पहुँच सुनिश्चितता गर्ने कार्यजिम्मेवारी पनि प्रदेश सरकारमा रहेको कुरा स्पष्ट पारेको छ ।

खानेपानी महसुल निर्धारण आयोग ऐन, २०६३, खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३, नेपाल खानेपानी संस्थान ऐन, २०४६ ले स्वच्छ खानेपानी उपलब्ध गराउन र ढल निकास प्रणालीलाई समुचित व्यवस्था गर्न, कुनै सरकारी निकाय वा संस्थानले सञ्चालन गरिरहेको एक वा एकभन्दा बढी नगरपालिकाक्षेत्रको सेवा प्रणाली तथा सेवालाई प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न, खानेपानी तथा सरसफाई सेवाको महसुल निर्धारण गर्न नेपाल सरकार अन्तर्गत विभिन्न संस्थान/बोर्ड स्थापना गर्ने व्यवस्था रहेको छ ।

यसबाट तहगत सरकारबाट अधिकारक्षेत्रको प्रयोग र कार्य प्रणालीमा अन्यौल र दोहोरोपना आएको छ । यस विषयलाई ध्यानमा राखी उल्लिखित ऐनहरूलाई खारेजीको प्रस्ताव गर्दै खानेपानी तथा सरसफाई सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ संसदमा विचाराधीन रहेको छ । प्रस्तुत विधेयक प्रस्तावित स्वरूपमा नै पारित भएमा तहगत सरकारमा खानेपानी तथा सरसफाई सम्बन्धी कार्य अधिकारक्षेत्रको वितरणमा देहायका द्विविधा र कार्यजिम्मेवारीमा अस्पष्टता कायम नै रहने देखिन्छ ।

**तालिका ३.१२ खानेपानी तथा सरसफाई सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ बमोजिम तहगत सरकारको कार्यजिम्मेवारीमा दोहोरोपना**

| विधेयकको दफा | मुख्य कार्यजिम्मेवारी | तहगत सरकारको भूमिका र जिम्मेवारी | | | टिप्पणी |
|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | |
| ५ | पानीको स्रोत तथा मुहानको संरक्षण (नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको समन्वयमा हुने) | √ | √ | √ | पानीको मुहान कुनै न कुनै स्थानीय तहमा रहने हुँदा सोको संरक्षणको जिम्मा स्थानीय तहलाई स्थानीय तहको माग र आवश्यकता अनुसार सुरक्षा उपलब्ध गराउने जिम्मेवारी संघ र प्रदेशको हुँदा प्रभावकारी व्यवस्थापन हुने । |
| ७. | स्वच्छ तथा गुणस्तरीय खानेपानी र सरसफाई सेवाको सञ्चालन तथा व्यवस्थापन (आधारभूत खानेपानी सेवा समेत) (नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले स्वच्छ तथा गुणस्तरीय खानेपानी र सरसफाई सेवाको सञ्चालन तथा व्यवस्थापन गर्ने) | √ | √ | √ | कुन तहको सरकारले कस्तो सेवाको सञ्चालन र व्यवस्थापन गर्ने हो स्पष्ट नभई समान प्रकृतिको काम सबै तहका सरकारबाट गर्ने कुरालाई प्रोत्साहन हुने खालको व्यवस्था भएकोले अन्यौल सिर्जना हुने । |

| विधेयकको दफा | मुख्य कार्यजिम्मेवारी | तहगत सरकारको भूमिका र जिम्मेवारी | | | टिप्पणी |
|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | |
| ८ | खानेपानी र सरसफाई सेवाको जिम्मेवारी तथा दायित्व (नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने) | √ | √ | √ | विधेयकमा तहगत सरकारको कार्यजिम्मेवारी प्रस्ताव गर्दा तोकिए बमोजिमको क्षेत्रमा तोकिए बमोजिमको लागत अनुमान वा जनसंख्यालाई खानेपानी सेवा दिने भन्ने उल्लेख भएकोले त्यस्तो विषय तोक्दा तहगत सरकारबीच समन्वयको पद्धति र संरचना नहुँदा र सेवाको वर्गीकरण नहुँदा नेपाल सरकारले तोकेको विषयमा मात्र सेवा दिनसक्ने अवस्था रहेको छ । |
| ८ (७) | आफ्नो क्षेत्रभित्रको खानेपानी तथा सरसफाईको नियमन | √ | √ | √ | संयुक्त नियमन प्रणाली र पद्धतिको उल्लेख नभएकोले एउटै कार्यको तीन तहबाट नियमन हुने भएकोले दोहोरो कार्यजिम्मेवारी रहने । |
| २९ | उपभोक्ताले तिर्नुपर्ने महसुल निर्धारण गर्न नेपाल सरकारले खानेपानी तथा सरसफाई सेवा महसुल आयोग गठन गर्ने व्यवस्था | √ | | | महसुल निर्धारणको मापदण्डसम्म संघले दिई तहगत सरकारबाट महसुल निर्धारण गर्ने प्रक्रियाले कार्यगत स्वायत्तता प्रत्याभूत हुने । |

| विधेयकको दफा | मुख्य कार्यजिम्मेवारी | तहगत सरकारको भूमिका र जिम्मेवारी | | | टिप्पणी |
|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | |
| ३९ | प्रयोगशालाको स्थापना र सञ्चालन (नेपाल सरकारले खानेपानी तथा फोहोर पानीको गुणस्तर मापन तथा परीक्षणको लागि प्रयोगशाला स्थापना गर्ने) | √ | | | प्रदेश तहमा समेत यस्तो अधिकारक्षेत्र रहेमा सेवामा पहुँच बढ्ने । |
| ५० | कार्यक्रम सञ्चालन गर्न सकिने (वस्तीलाई स्वच्छ, सफा र सुन्दर बनाईराख्न) | √ | √ | √ | नागरिक र वस्तीसँग सम्बन्धित कार्यक्रम स्थानीय तहमार्फत गर्न प्रभावकारी हुने । |
| ५६ | समन्वय समितिको गठन (मन्त्रीको संयोजकत्वमा नेपाल सरकारका विभिन्न मन्त्रालयका सचिव र आयोजना क्षेत्रको प्रदेशको प्रमुख सचिव) | √ | | | तहगत सरकारबीचको समन्वयको कल्पना नगरेकोले यस्तो व्यवस्था गर्न आवश्यक हुने । |

खानेपानी, सरसफाई तथा ढल निकास सेवा सम्बन्धमा प्रस्तावित विधेयकको उल्लिखित दोहोरो अधिकारक्षेत्रका कारण सेवा प्रवाह जवाफदेहितामा अन्यौल निरन्तर हुन जाने देखिन्छ । उक्त विधेयकमाथि प्रदेश र स्थानीय तहका सरकारका प्रतिनिधिहरूबीच समेत छलफल गरी संविधानको भावना बमोजिम कार्य अधिकारक्षेत्रको पुनर्वितरण गर्न आवश्यक देखिन्छ ।

**तालिका ३.१३ स्थानीय सरकारको अधिकारक्षेत्रसँग बाझिएका र दोहोरो भएका अन्य प्रचलित कानूनको व्यवस्था**

| प्रचलित कानून (ऐन) | स्थानीय तहको अधिकारक्षेत्रसँग बाझिएको विषय |
|---|---|
| नगर विकास ऐन, २०४५ (चौथो संशोधन, २०७५) | संविधानको अनुसूची ८ को बुँदा ७ ले स्थानीय तहलाई स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू सञ्चालन गर्ने अधिकार दिएको छ । संविधानको सो व्यवस्था अनुसार स्थानीय तह आफैले बनाएको कानून अनुसार शहरी विकास, वस्ती विकास र भवन सम्बन्धी कार्यजिम्मेवारीको प्रयोग गर्न पाउनु पर्नेमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (छ) को बुँदा ५, ६, ७ र ९ ले स्थानीय तहलाई राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम संघीय तथा प्रदेश कानूनको अधिनमा रही शहरी विकास, वस्ती विकास र भवनसम्बन्धी नीति, कानून, मापदण्ड र कार्यान्वयनको अधिकार दिएको छ ।<br><br>नगर विकास ऐन, २०४५ ले नगरपालिका तथा गाउँपालिकाको समानान्तर संगठन (नगर विकास समिति) निर्माण गरी सोमार्फत स्थानीय तहले गर्ने भनी तोकिएका समान प्रकृतिका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ । |

| प्रचलित कानून (ऐन) | स्थानीय तहको अधिकारक्षेत्रसँग बाझिएको विषय |
|---|---|
| पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ | पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ को दफा २ को (क) ले पूर्वाधार भित्र पर्ने विषयवस्तुहरु विस्तृत रूपमा समावेश गरी नेपाल सरकारले उक्त पूर्वाधार संरचना निर्माण गर्ने अधिकारक्षेत्रको व्यवस्था गरेको छ ।<br><br>नेपालको संविधान बमोजिम तीनवटै तहका सरकारले आ-आफ्ना अधिकार क्षेत्रभित्र पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी व्यवस्था आफै गर्नसक्ने हुँदा अधिकार तथा कार्यजिम्मेवारीको दोहोरोपना रहेको छ । |
| स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७५ | नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७५ ले प्रतिनिधि सभा र राष्ट्रिय सभाका सदस्यहरूको निर्वाचन क्षेत्रमा स्थानीय तहले गर्ने समान प्रकृतिका योजना तथा आयोजना छनौट गर्नसक्ने गरी योजना प्रक्रियामा दोहोरोपन सिर्जना भएको छ ।<br><br>संघीय तहको अधिकार क्षेत्रमा संघ र प्रदेश तहको क्षेत्राधिकारका विषयमा प्रदेश सरकार र स्थानीय तहका अधिकार क्षेत्रमा स्थानीय तहलाई जिम्मेवार र जवाफदेही बनाउनु पर्ने हुन्छ । अन्यथा दोहोरोपन र खप्टिने कार्यले सुशासन कायम गर्न कठिन हुनजान्छ । |

परिच्छेद ४

# मौलिक हकको कार्यान्वयनमा तहगत सरकारको कार्यजिम्मेवारी र दायित्व

# ४ मौलिक हकको कार्यान्वयनमा तहगत सरकारको कार्यजिम्मेवारी र दायित्व

संविधान जारी भएको (२०७२ असोज ३) तीन बर्षभित्र (२०७५) मौलिक हकको कार्यान्वयन गर्न कानूनहरु निर्माण गर्नुपर्ने संविधानको व्यवस्था बमोजिम मौलिक हकको कार्यान्वयन सम्बन्धी संघीय कानूनहरु जारी भएका छन । मौलिक हकको कार्यान्वयन र परिपालनामा संघ, प्रदेश र स्थानीय सबै सरकारहरु जवाफदेही हुने व्यवस्था संविधानले गरेको छ । मौलिक हकको कार्यान्वयन सम्बन्धी ऐनहरुमा[४२] संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारी र भूमिका बाँडफाँड सम्बन्धमा भएका दोहोरो कार्यजिम्मेवारी र भूमिका प्रष्ट नभएका विषयहरुलाई यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

## ४.१ रोजगारीको हक सम्बन्धमा

संविधानको धारा ३३ बमोजिम रोजगारीको हकको कार्यान्वयन गर्न नेपाल सरकारले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ लागू गरेको छ । उक्त कानून बमोजिम संघ, प्रदेश र स्थानीय सरकारले निर्वाह गर्नुपर्ने भूमिका र दायित्व देहाय बमोजिम रहेको छ ।

४२ यस विश्लेषणमा रोजगारीको हक, सामाजिक सुरक्षाको हक, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार,उपभोक्ताको हक संरक्षण, बालबालिकाको हक सम्बन्धी ऐनहरु मात्र समेटिएको छ ।

**तालिका ४.१ : रोजगारीको हक सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारी र दायित्व**

| नेपाल सरकार | प्रदेश सरकार | स्थानीय सरकार |
|---|---|---|
| (१०) प्रत्येक स्थानीय तहमा एक रोजगार सेवा केन्द्र स्थापना गर्ने | | (१०) स्थानीय तह मातहत हुने |
| | १७ (२) प्रदेश ... तहमा तोकिए बमोजिम निर्देशक समिति रहनेछ | १७ (२) ... स्थानीय तहमा तोकिए बमोजिम निर्देशक समिति रहनेछ |
| (२०) बेरोजगार सहायता कार्यक्रम गर्ने (सूचना, तालिम, सहुलियत, ऋण) | (२०) बेरोजगार सहायता कार्यक्रम गर्ने (सूचना, तालिम, सहुलियत, ऋण) | (२०) बेरोजगार सहायता कार्यक्रम गर्ने (सूचना, तालिम, सहुलियत, ऋण) |
| (२३) नेपाल सरकारले कार्यक्रम सञ्चालन बजेट व्यवस्था गर्ने | (२३) नेपाल सरकारबाट कार्यक्रम सञ्चालन बजेट बार्षिक विनियोजनबाट व्यवस्था हुने | (२३) नेपाल सरकारबाट कार्यक्रम सञ्चालन बजेट बार्षिक विनियोजनबाट व्यवस्था हुने |
| (२९) अनुगमन निरीक्षण गर्ने | (२९) अनुगमन निरीक्षण गर्ने | (२९) अनुगमन निरीक्षण गर्ने |

बेरोजगार सहायता कार्यक्रम गर्ने (सूचना, तालिम, सहुलियत, ऋण), अनुगमन निरीक्षण गर्ने कार्य तहगत सरकारबाट गर्ने र समान प्रकृतिको एउटै कार्य सबै तहबाट गर्ने व्यवस्था भएकोले के–कस्तो कार्यजिम्मेवारी र दायित्व कसको हुने भन्ने किटान गर्न नसकिने अवस्था छ । साथै, रोजगार सेवा केन्द्र, निर्देशक समितिजस्ता प्रदेश र स्थानीय तहका संरचना र कार्यप्रणाली समेत नेपाल सरकारले तोक्ने निर्देशित व्यवस्थाले प्रदेश र स्थानीय सरकारबीच राम्रो गर्न हुने प्रतिष्पर्धालाई निरूत्साहित गर्ने सम्भावना देखिन्छ ।

## ४.२. सामाजिक सुरक्षाको हक सम्बन्धमा

संविधानको धारा ४३ तथा अनुसूची ९ को बुँदा १० बमोजिम सामाजिक सुरक्षाको हकको कार्यान्वयन सम्बन्धमा सामाजिक सुरक्षा ऐन, २०७५ लागू भएको छ । उक्त कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहका सरकारले निर्वाह गर्नुपर्ने भूमिका र दायित्व निर्धारण गरेको छ । यस ऐनले स्थानीय तहको भूमिका अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ को (च) को (१) देखि (६) बमोजिमको कार्यजिम्मेवारी र दायित्व वहन गर्ने व्यवस्था गरेको छ । ऐनले सामाजिक सुरक्षा ऐनमा रहेका प्राबधानहरूको कार्यान्वयन गर्न स्थानीय तहले अभिलेख संकलन, अभिलेख अद्यावधिक र भत्ता वितरणका साथसाथै कर्मचारी र व्यवस्थापन खर्च व्यहोर्नुपर्ने व्यवस्था गरेको छ ।

## ४.३ सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धमा

नेपालको संविधानको धारा ३८ अन्तर्गत सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारको कार्यान्वयन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ ले तहगत सरकारको कार्यजिम्मेवारी र दायित्वको देहाय बमोजिम उल्लेख गरेको छ ।

**तालिका ४.२ : सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी तहगत सरकारको दायित्व**

| नेपाल सरकार | प्रदेश सरकार | स्थानीय सरकार |
|---|---|---|
| (२२) बजेटमार्फत प्रत्येक प्रदेश र स्थानीय तहलाई अनुदान रकम विनियोजन गर्ने | (२२) बजेटमार्फत प्रत्येक स्थानीय तहलाई अनुदान रकम विनियोजन गर्ने | (२३) स्थानीय तहले आफ्नो बार्षिक बजेटमा मातृत्व तथा प्रजनन स्वास्थ्य सेवाको प्रयोजनका लागि आवश्यक बजेट विनियोजन गर्नुपर्ने |

| नेपाल सरकार | प्रदेश सरकार | स्थानीय सरकार |
|---|---|---|
| (३०) मानसिक रूपले अशक्त घरपरिवार वा आफन्तबाट तिरस्कृत, बलात्कृत महिलाको प्रजनन स्वास्थ्य संरक्षणको लागि त्यस्ता महिलालाई संरक्षण गृहमा राख्ने गरी संघ, प्रदेश र स्थानीय तहले पारस्परिक समन्वयमा आवश्यक व्यवस्था मिलाउनु पर्ने | (३०) मानसिक रूपले अशक्त घरपरिवार वा आफन्तबाट तिरस्कृत, बलात्कृत महिलाको प्रजनन स्वास्थ्य संरक्षणको लागि त्यस्ता महिलालाई संरक्षण गृहमा राख्ने गरी संघ, प्रदेश र स्थानीय तहले पारस्परिक समन्वयमा आवश्यक व्यवस्था मिलाउनु पर्ने | (३०) मानसिक रूपले अशक्त घरपरिवार वा आफन्तबाट तिरस्कृत, बलात्कृत महिलाको प्रजनन स्वास्थ्य संरक्षणको लागि त्यस्ता महिलालाई संरक्षण गृहमा राख्ने गरी संघ, प्रदेश र स्थानीय तहले पारस्परिक समन्वयमा आवश्यक व्यवस्था मिलाउनु पर्ने |

संघ, प्रदेश र स्थानीय तहहरूले पारस्परिक समन्वयमा उत्पीडित तथा जोखिममा रहेका महिलाको प्रजनन स्वास्थ्य संरक्षणको लागि त्यस्ता महिलालाई संरक्षण गृहमा राख्ने गरी आवश्यक व्यवस्था मिलाउने भन्ने व्यवस्था भएको, तर त्यस्ता महिलाको पहिचान, अभिलेखिकरण कसरी र कसले गर्ने? संरक्षण गृहको निर्माण, सञ्चालन तथा व्यवस्थापन कसले गर्ने? समन्वयको संरचनागत व्यवस्था र कार्यप्रणाली के हुने भन्ने प्रष्ट नहुँदा कानूनको प्रभावकारी कार्यान्वयन चुनौतिपूर्ण रहेको छ ।

## ४.४ उपभोक्ताको हक सम्बन्धमा

नेपालको संविधानको धारा ४४ मा व्यवस्था गरेको मौलिक हकको कार्यान्वयन गर्नको लागि उपभोक्ता संरक्षण ऐन, २०७५ जारी भएको छ । उक्त ऐन कार्यान्वयन गर्ने सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहसँग सम्बन्धित कार्यजिम्मेवारी दायित्वको व्यवस्था देहायको तालिकामा दिईएको छ ।

**तालिका ४.३ : उपभोक्ता हकहित संरक्षण सम्बन्धी तहगत सरकारको दायित्व**

| नेपाल सरकार | प्रदेश सरकार | स्थानीय सरकार |
|---|---|---|
| | | (२८) स्थानीय बजार अनुगमन समिति, टोली/उपसमिति गठन गर्नसक्ने |
| (३२) बजार तथा आपूर्ति व्यवस्थालाई प्रभावकारी वनाई उपभोक्तालाई उचित मूल्यमा गुणस्तरयुक्त वस्तु वा सेवा सरल एवं सहज रूपमा उपलब्ध गराउने कार्यको अनुगमन गर्न विभागले तोकिए बमोजिम निरीक्षण अधिकृत नियुक्ति गर्न वा निरीक्षण अधिकृतको रूपमा काम गर्न नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै अधिकृत कर्मचारीलाई तोक्न सकिनेछ | (३२) बजार तथा आपूर्ति व्यवस्थालाई प्रभावकारी वनाई उपभोक्तालाई उचित मूल्यमा गुणस्तरयुक्त वस्तु वा सेवा सरल एवं सहज रूपमा उपलब्ध गराउने कार्यको अनुगमन गर्न विभागले तोकिए बमोजिम निरीक्षण अधिकृत नियुक्ति गर्न वा निरीक्षण अधिकृतको रूपमा काम गर्न नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै अधिकृत कर्मचारीलाई तोक्न सकिनेछ | (३२) बजार तथा आपूर्ति व्यवस्थालाई प्रभावकारी वनाई उपभोक्तालाई उचित मूल्यमा गुणस्तरयुक्त वस्तु वा सेवा सरल एवं सहज रूपमा उपलब्ध गराउने कार्यको अनुगमन गर्न विभागले तोकिए बमोजिम निरीक्षण अधिकृत नियुक्ति गर्न वा निरीक्षण अधिकृतको रूपमा काम गर्न नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै अधिकृत कर्मचारीलाई तोक्न सकिनेछ<br>(२८) गाउँ/नगर कार्यपालिकाले उपभोक्ता अधिकार संरक्षणका लागि वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धता सम्बन्धी विषयमा अनुगमन गर्न स्थानीय बजार अनुगमन समिति गठन गर्न सक्ने<br>२८(४) स्थानीय बजार अनुगमन समितिले आवश्यकता अनुसार बजार अनुगमन टोली वा उप-समिति गठन गर्न सक्ने |
| | | (५४) सहयोग गर्नुपर्ने : (१) यो ऐन कार्यान्वयन गर्ने सिलसिलामा विभागले स्थानीय प्रशासन तथा प्रहरीको सहयोग मागेमा त्यस्तो सहयोग गर्नु स्थानीय प्रशासन तथा प्रहरीको कर्तव्य हुने |

संविधानको अनुसूची ८ को बुँदा १० मा स्थानीय बजार व्यवस्थापनको एकल अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११

(ञ) बमोजिम उपभोक्ता हकहित संरक्षण तथा अनुगमनको संस्थागत भूमिका स्थानीय तहमा रहेको छ ।

उपभोक्ता संरक्षण ऐन, २०७५ ले कार्यजिम्मेवारी बाँडफाँड गर्दा बजार तथा आपूर्ति व्यवस्थालाई प्रभावकारी वनाई उपभोक्तालाई उचित मूल्यमा गुणस्तरयुक्त वस्तु वा सेवा सरल एवं सहज रूपमा उपलब्ध गराउने कार्यको अनुगमन गर्नुपर्ने व्यवस्था गरेको छ । यसका लागि नेपाल सरकारले तोके बमोजिम निरीक्षण अधिकृत नियुक्ति गर्ने वा निरीक्षण अधिकृतको रूपमा काम गर्न नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै अधिकृत कर्मचारीलाई तोक्न सक्ने व्यवस्था गरेको छ । साथै स्थानीय तहले समेत स्थानीय बजार अनुगमन समिति गठन गर्नसक्ने र सो समितिले आवश्यकता अनुसार अनुगमन टोली गठन गर्नसक्ने वयवस्था गरेको छ साथै सो टोलीलाई निरीक्षण अधिकृतको अधिकार रहने व्यवस्था रहेको छ । यसबाट तहगत सरकारका काम र अधिकारक्षेत्रमा दोहोरोपना सिर्जना हुने भएकोले उच्चस्तरको समन्वयको आवश्यकता रहेको छ ।

## ४.५ बालबालिकाको हक सम्बन्धमा

नेपालको संविधानको धारा ३९ मा व्यवस्था गरेको मौलिक हकको कार्यान्वयन गर्नको लागि बालबालिका सम्बन्धी ऐन, २०७५ जारी भएको छ । उक्त ऐन कार्यान्वयन गर्ने सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहको साझा कार्यजिम्मेवारी सम्बन्धी प्रावधानहरूको उल्लेख तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.४ : बालबालिका सम्बन्धी तहगत सरकारको साझा कार्य तथा दायित्व**

| ऐनको व्यवस्था | साझा जिम्मेवारी, अस्पष्टता र दोहोरोपना |
|---|---|
| दफा ५२ : संघ, प्रदेश र स्थानीय तहले आवश्यकता अनुसार बालगृहको स्थापना तथा सञ्चालनः (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने प्रयोजनको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार बालगृहको स्थापना गर्ने छन् । | **बालगृहको स्थापना र सञ्चालन तीन वटै तहले गर्नेगरी काममा दोहोरोपनाः** संघ तथा प्रदेशबाट मापदण्ड, स्रोत साधन र क्षमता स्थानीय तहलाई उपलब्ध गराउने र स्थानीय तहबाट आवश्यकता अनुसार त्यस्तो बालगृहको स्थापना र सञ्चालन गरिनु उपयुक्त हुन्छ । |

| ऐनको व्यवस्था | साझा जिम्मेवारी, अस्पष्टता र दोहोरोपना |
|---|---|
| दफा ५९: राष्ट्रिय बालअधिकार परिषद् : (१) बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र सम्वर्द्धन गर्न नेपाल सरकार, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रीको अध्यक्षतामा तोकिएको बमोजिम एक राष्ट्रिय बाल अधिकार परिषद् रहने ।<br><br>दफा ६०: प्रदेश र स्थानीय तहको बाल अधिकार समिति : (१) प्रत्येक प्रदेशमा प्रदेशको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रीको अध्यक्षतामा प्रदेश बालअधिकार समिति रहनेछ । (२) प्रत्येक स्थानीय तहमा गाउँ कार्यपालिका वा नगरकार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुखले तोकेको त्यस्तो गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्यको अध्यक्षतामा स्थानीय बाल अधिकार समिति रहने । | **राष्ट्रिय बालअधिकार परिषद्मा प्रदेश र स्थानीय तहको प्रतिनिधित्व नहुँदा समन्वयात्मक कार्यप्रणालीमा कमी:** दफा ५९ को प्रावधान कार्यान्वयको सन्दर्भमा राष्ट्रिय बालअधिकार परिषद्मा प्रदेश तथा स्थानीय तहको प्रतिनिधित्व हुनुपर्ने र दफा ६० (१) अनुसार गठन हुने प्रदेश बालअधिकार समितिमा स्थानीय तहको प्रतिनिधित्व एवं सहभागिता सुनिश्चित गरिनु पर्ने । |
| दफा ६३: बाल कोष : (१) बालबालिकालाई तत्काल उद्दार, राहत र पुनर्स्थापना गर्ने तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि एक बाल कोष रहने प्रावधान अनुरूप तीनै तहको सरकारबाट प्राप्त हुने रकम कोषमा रहने व्यवस्था रहेको छ । | **बाल कोष जस्ता कार्यमूलक संरचना संघमा मात्र नभई प्रदेश र स्थानीय तहमा पनि रहन सक्ने:** दफा ६३ को प्रावधान कार्यान्वयनको लागि स्थापना हुने बालकोषमा कुल राष्ट्रिय बजेटको अंश जुन जुन तहकका सरकारले जति जति प्रतिशत प्राप्त गर्ने हो सोही प्रतिशतका आधारमा सम्बन्धित बालकोष स्थापनाका लागि योगदान गर्नु उपयुक्त हुन्छ । |

| ऐनको व्यवस्था | साझा जिम्मेवारी, अस्पष्टता र दोहोरोपना |
|---|---|
| दफा ६४ : स्थानीय तहले बालबालिकाको अधिकार प्रचलन गराउने : (१) कसैले बालबालिकाको अधिकार उल्लंघन गरेमा वा दायित्व पूरा नगरेमा सो अधिकारको प्रचलन वा दायित्व पूरा गराउनको लागि सम्बन्धित बालबालिका वा सरोकारवालाले बालबालिका रहे बसेको स्थानीय तहको न्यायिक समितिमा निवेदन दिन सक्नेछ । | **बालवालिकाको हक सम्बन्धी न्यायिक समितिको ज्ञान, सीप र क्षमता बढाउने:** दफा ६४ को प्रावधान कार्यान्वयनका लागि स्थानीय तहले बालबालिकाको अधिकार प्रचलन गराउने सम्बन्धमा संघ तथा प्रदेशले स्थानीय तहहरूका न्यायिक समितिको क्षमता विकास गर्नुपर्ने । |

## ४.६ केही अन्तरराष्ट्रिय सन्धि, महासन्धि र अभिसन्धिहरूहरूको कार्यान्वयनमा तहगत सरकारको कार्यजिम्मेवारी र दायित्व सम्बन्धमा

राष्ट्रिय कानूनको अभिन्न अंगका रूपमा रहेको नेपाल पक्ष भएको केही प्रमुख अन्तर्राष्ट्रिय सन्धि, महासन्धि र अभिसन्धिका केही मुख्य दायित्वहरु तल तालिकामा प्रस्तुत गरिएको छ । यसको पालना तथा सम्पादनमा तहगत सबै सरकारहरु जिम्मेवार हुनुपर्ने हुन्छ । नेपाल पक्ष राष्ट्रका हैसियतले गरेका यस्ता महासन्धि, सन्धि र अभिसन्धिहरु नेपालको कानून सरहको मान्यता हुनेहुँदा संघ, प्रदेश र स्थानीय तहले आ–आफ्ना क्षेत्राधिकार भित्र पर्ने तथा समन्वय गर्नुपर्ने विषयहरूमा सम्बन्धित तहका सरकारहरु जिम्मेवार भई कार्यान्वयन गर्नुपर्ने हुन्छ । यसको कार्यान्वयनको लागि संघीय सरकारले आधारभूत मापदण्ड तयार गरी सम्बन्धित प्रदेश र स्थानीय तहलाई क्षमता विकास सहित अन्य सहयोग पुर्‍याउनु पर्ने देखिन्छ ।

यस सन्दर्भमा संघका अतिरिक्त प्रदेश र स्थानीय तहहरूले पालना गर्नुपर्ने मानव अधिकारसँग सम्बन्धित केही प्रमुख जिम्मेवारी तथा दायित्वहरु निम्न बमोजिम रहेका छन् ।

**तालिका नं. ४.५ केही अन्तर्राष्ट्रिय सन्धि, महासन्धि कार्यान्वयन सम्बन्धमा आपसी समन्वयमा तहगत सरकारहरूले गर्नुपर्ने कार्यजिम्मेवारी र दायित्व**

| केही मुख्य सन्धि महासन्धिहरू | तहगत सरकारहरूले आपसी समन्वयमा गर्नुपर्ने कार्यजिम्मेवारी र दायित्व |
|---|---|
| भियना : मोन्ट्रीयल प्रोटोकल (१९८५) | ▪ ओजोन तह र मानव स्वास्थ्य र वातावरणमा पर्ने असर बारे सूचना आदान प्रदान,<br>▪ सन्धि कार्यान्वयन गर्न उपयुक्त कानून, प्रशासन, मापदण्ड तयार गरी लागू गर्ने । |
| जैविक विविधता सम्बन्धी महासन्धी १९९२ (Convention on Biological Diversity, 1992) | ▪ जैविक विविधता संरक्षण र तिनको दिगो उपयोग र अनुवांशिक स्रोतहरूको न्यायोचित लाभ प्राप्ति, प्रविधि हस्तान्तरण र खर्च व्यवस्था गर्ने,<br>▪ रैथाने ज्ञान, प्रविधि व्यवहारको प्रयोग, त्यसबाट लाभको बाँडफाँड गर्ने, आदी । |
| (ग) आदिवासी तथा जनजाति सम्बन्धी महासन्धी, १९८९ नेपालले अनुमोदन गरेको मिति : १४ सेप्टेम्बर, २००७ ILO (76th Assembly) | ▪ राज्यले कानूनी, प्रशासनिक कार्य, प्रक्रिया र कार्यविधिहरूमा आदिवासी जनजातिको प्रतिनिधित्व गराउने, उनीहरूका प्रतिनिधिमूलक संस्थाहरूलाई मान्यता दिने,<br>▪ आदिवासी जनजातिसँग सम्बन्धित संस्थागत विकासका लागि स्रोत उपलब्ध गराउने,<br>▪ तहगत आयोजना, कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनमा सहभागी गराउने,<br>▪ भूमिमा आधारित प्राकृतिक स्रोतहरूको अधिकारलाई विशेष सुरक्षित गर्ने,<br>▪ व्यवसायिक तालिममा समान अवसर प्रदान गर्ने,<br>▪ सम्बन्धित जनताको निर्वाहमुखी अर्थतन्त्र - शिकार खेल्ने, माछा मार्ने, पासो थाप्ने जस्ता परम्पराहरू सांस्कृतिक सम्वर्द्धन तथा आर्थिक निर्भरतालाई - महत्वपूर्ण तत्वका रूपमा मान्यता दिइने,<br>▪ बालबालिकालाई व्यवहारिक भएसम्म मातृभाषा वा सबभन्दा बढी बोलिने भाषा पढ्न र लेख्न सिकाइने, आदि । |

| केही मुख्य सन्धि महासन्धिहरू | तहगत सरकारहरूले आपसी समन्वयमा गर्नुपर्ने कार्यजिम्मेवारी र दायित्व |
|---|---|
| बाल अधिकार सम्बन्धी महासन्धी, १९९० | ▪ बालबालिकाको स्याहार वा संरक्षणका लागि सुरक्षा, स्वास्थ्यका निर्धारित मापदण्डहरु सुनिश्चित गर्ने,<br>▪ दर्ता, नाम, राष्ट्रियता र सम्भव भएसम्म आफ्ना आमा बाबु थाहा पाउने र स्याहार पाउने अधिकार,<br>▪ बालबालिकाको सामाजिक, आध्यात्मिक र नैतिक कल्याण तथा शारीरिक र मानसिक स्वास्थ्य प्रबर्द्धन गर्ने उद्देश्यका लागि विविध स्रोतबाट पाउने जानकारी र सामाग्री उपर पहुँच सुनिश्चित गर्ने,<br>▪ बाल स्याहार सेवा र सुविधाहरु सुनिश्चित गर्ने,<br>▪ विशेष संरक्षण र सहयोग प्राप्त गर्ने अधिकार - वैकल्पिक हेरचाह,<br>▪ असक्त बालबालिकाहरूको हेरचाह (परिस्थिति अनुकूल) गर्ने, आदि । |
| (ङ) महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी (CEDAW), १९७९ नेपाल पक्ष : १९९१ (२०४८) | ▪ अस्थायी विशेष तथा सकारात्मक उपायहरु अवलम्वन गर्ने,<br>▪ मातृत्व रक्षा गर्ने उपायहरु अवलम्वन गर्ने,<br>▪ पुरूष र महिलाको व्यवहारको सामाजिक तथा सांस्कृतिक ढाँचामा परिवर्तन गर्ने,<br>▪ रूढीवादी धारणा उन्मुलन गर्ने लक्ष्य हासिल गर्न सहयोगी हुने सह-शिक्षा पाठ्यपुस्तक तथा विद्यालय कार्यक्रम परिमार्जन र शिक्षण विधिहरु ग्रहण गर्ने,<br>▪ बाल स्याहार सञ्जाल स्थापना गर्ने,<br>▪ गर्भवती र दुध खुवाउने अवधीमा पर्याप्त पोषण उपलब्ध गराउने,<br>▪ विवाहलाई पञ्जिकाधिकारी समक्ष अनिवार्य दर्ता गर्ने, आदि । |

| केही मुख्य सन्धि महासन्धिहरू | तहगत सरकारहरूले आपसी समन्वयमा गर्नुपर्ने कार्यजिम्मेवारी र दायित्व |
|---|---|
| मानव अधिकारको विश्वव्यापी घोषणापत्र (१९४८ डिसेम्बर १०) | ▪ मानव अधिकार पालनामा शिक्षण र शिक्षाको माध्यमबाट पालना सुनिश्चित गर्न प्रयत्न गर्ने,<br>▪ मौलिक अधिकारहरूको उल्लंघन गर्ने कार्य विरूद्ध उपचार पाउने,<br>▪ समान काम समान पारिश्रमिक,<br>▪ प्रत्येक व्यक्तिलाई आफ्नो र परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचार सुविधा र आवश्यक सामाजिक सेवाहरु लगायत पर्याप्त जीवनस्तरको अधिकार तथा बेरोजगारी, बिरामी, अशक्तता, विधवा, बुढेसकाल वा आफ्नो काबू बाहिरका परिस्थितिहरूमा जिविकोपार्जन उपायका अभावमा सुरक्षा पाउने अधिकार,<br>▪ शिक्षा (प्रारम्भिक) अनिवार्य । |
| संयुक्त राष्ट्र संघको वडा पत्र (२६ जुन, १९४५) - २४ अक्टोबर १९४५ देखि लागू<br>अन्तर्राष्ट्रिय श्रम संगठन ILO – Convention 169 (1989) Indigenous and Tribal Peoples Convention, 1989 (Entry into force: 05 Sep, 1991) | ▪ असमानता हटाउने,<br>▪ सामाजिक, आर्थिक, सांस्कृतिक अधिकार र पहिचान (परम्परा-संस्कृति, संस्था) का लागि विशेष उपायहरु अवलम्वन गर्ने (व्यक्ति, संस्था, सम्पत्ति तथा वातावरणीय सुरक्षा),<br>▪ मूल्य-मान्यता, व्यवहार तथा संस्थाहरूको सम्मान गर्ने,<br>▪ परम्परागत रूपमा भोगचलन गरेका जग्गाको पहिचान गरी त्यसको स्वामित्वको संरक्षण गर्ने, प्राकृतिक स्रोत माथिको अधिकार संरक्षण गर्ने, (उपयोग, व्यवस्थापन र संरक्षणका सहभागिताका अधिकार) (खानी-खनिज क्षतिपूर्ति),<br>▪ समान काम समान पारिश्रमिक, व्यवसायिक तालिम, ग्रामीण उद्योग/उद्यम,<br>▪ सहभागिता- विशेष तालिम, व्यवहारिक आवश्यकता तालिम, परम्परागत पेशाको मान्यता र विकास, प्रविधिमा प्रोत्साहन । |

परिच्छेद ५

# निष्कर्ष तथा सुझावहरू

५

# निष्कर्ष तथा सुझावहरू

संविधान लागू भएको छोटो समयमा संघीयताको कार्यान्वयन गर्न चाहिने न्यूनतम आधारभूत नीति तथा कानूनको निर्माण, संस्थागत पुनःसंरचना, जनशक्ति व्यवस्थापन तथा तहगत सरकारमा निर्वाचनमार्फत राजनीतिक नेतृत्व कायम हुनु उल्लेख्य हो । यसबाट संघ, प्रदेश र स्थानीय तहका सरकारले नागरिकलाई आधारभूत सेवा प्रवाह गर्न र विकासमा ध्यान केन्द्रित गर्न वातावरण तयार भएको छ । तथापि, हासिल उपलब्धीहरू पूर्ण तथा पर्याप्त छैनन् ।

संघीयताको सफल कार्यान्वयनका लागि कानूनी, संस्थागत र कार्यप्रणालीगत विकास र सुधार गरी तहगत सरकारको अधिकारक्षेत्र र कार्यजिम्मेवारी थप प्रष्ट पार्ने, तद्नुरूपको संस्थागत संरचना निर्माण र मिलान गर्ने, परिष्कृत कार्यप्रणाली लागू गर्ने प्रक्रिया निरन्तर हुने देखिन्छ । हाल संघ, प्रदेश र स्थानीय सरकारहरूको अधिकार, कार्यजिम्मेवारी र भूमिकाहरू परस्पर अन्तरनिहित र दोहोरो हुनु, एक अर्को तहको विभिन्न विषयक्षेत्रमा समान प्रकृतिको अधिकार रहनु, संविधानको भावना बमोजिम प्रचलित कानून, संस्थाहरूको तादाम्यता कायम भइ नसकेको अवस्था छ । कतिपय विषयक्षेत्रमा कुन अधिकार वा के कार्य कुन तहको सरकारले सम्पादन गर्ने, सफल कार्यसम्पादनको श्रेय कुन तहको सरकारले लिने र गर्न नसकिएको कामको जिम्मेवारी कुन तहको सरकारले वहन गर्ने भन्ने विषयमा तहगत सरकार र सरोकारवालाहरूबीच साझा धारणा र स्पष्टता छैन । कार्यअधिकार क्षेत्रको दोहोरोपना हुनुको प्रत्यक्ष प्रभाव तहगत सरकारका निर्णय प्रक्रिया, योजना तथा बजेट प्रक्रियाका साथै

प्रभावकारी र जवाफदेही रूपमा प्रवाह हुनुपर्ने तहगत सरकारका सार्वजनिक सेवामा परिरहेको छ ।

## ५.१. सूचीकृत संवैधानिक अधिकार बारेको साझा बुझाई निर्माण

तहगत सरकारको अधिकारक्षेत्र र कार्यजिम्मेवारीसँग सम्वन्धित संवैधानिक तथा कानूनी आधार, संस्थागत एवं कार्यप्रणालिगत विषयको अध्ययन, पुनरावलोकन, छलफल, परामर्श र सुझाव एवं पहिचान भएका मुख्य सवालहरु समेतलाई आधार मानी देहायका सुझावहरु प्रस्तुत गरिएका छन् ।

१. एकल अधिकारको प्रयोग गर्दा आफ्नो अधिकारक्षेत्रका विषयमा प्राथमिकता दिई कार्य गर्ने । संघ, प्रदेश र स्थानीय तहले आफ्नो एकल अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार त्यस्तो कार्यअधिकार क्षेत्र वा उपकार्यक्षेत्रको कार्यान्वयन जिम्मेवारी किटान गरी अर्को तहको सरकारबाट सम्पादन गर्न अनुरोध गर्न सक्ने साझा धारणा निर्माण गर्ने ।

२. दुई वा तीन तहका सरकारको एकल अधिकारमा रहेका सह एकल अधिकार को प्रयोग गर्दा दुई वा तीन तहका सरकारको एकल अधिकारमा रहेका अधिकारक्षेत्रलाई विषयक्षेत्रगत/ उपक्षेत्रगत आधारमा कार्यविस्तृतीकरण गरी जुन तहको सरकारले त्यस्तो क्षेत्रगत/उपक्षेत्रगत कार्य गर्दा बढी प्रभावकारी र कम खर्चिलो हुन्छ सोही तहबाट प्रयोग गर्ने गरी नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था गर्ने । साथै कानून, नीति निर्माण र कार्यान्वयन चरणमा तहगत सरकारबीच परामर्श र छलफलका आधारमा गर्ने गरी समन्वय संरचना र कार्यप्रणाली बनाई लागू गर्ने । जनतासँग प्रत्यक्ष सम्बन्धित सेवाहरु प्रवाह गर्नका लागि सन्निकटताको सिद्धान्त (principle of subsidairity) बमोजिम जनताको नजिकको सरकारबाट त्यस्तो सेवा प्रवाह गर्ने गरी कार्यजिम्मेवारीको बाँडफाँड, वितरण वा पुनर्वितरण गर्ने ।

३. एकल र साझा अधिकारक्षेत्र दुबैमा उल्लिखित अधिकारको प्रयोग गर्दा तहगत सरकारको एकल र साझा दुबै सूचीमा परेको अधिकारको प्रयोग गर्दा एकल अधिकारभित्र परेको तहगत सरकारको अधिकारसँग साझा अधिकारक्षेत्र बाझिएमा जुन तहको एकल अधिकारमा परेको छ त्यसले मान्यता वा प्राथमिकता पाउने प्रबन्ध गर्ने । त्यस्तो अधिकारको प्रयोग गर्न सम्वन्धित तहको सरकारको समन्वयात्मक नेतृत्व र अन्य तहको वित्तीय तथा प्राबिधिक सहयोगमा सम्पादन गर्ने ।

४. साझा अधिकारक्षेत्रको प्रयोग गर्दा तहगत सरकारबीच समन्वय र सम्वन्धका लागि अन्तर सरकारी समन्वय संरचना र कार्यप्रणाली बनाई लागू गर्ने । साझा अधिकार तथा कार्यजिम्मेवारीको बाँडफाँड गर्दा सेवाको किसिम तथा दायरा, आयातनको अर्थलाभ (economy of scale), सेवामा अन्य वाह्य प्रभाव वा भार (spill over effect), उच्चस्तरको प्राबिधिक ज्ञान, सीप, र जनशक्तिको व्यवस्थापनको क्षमता समेतका आधारमा स्थानीय तहले गर्न सक्ने र गर्दा प्रभावकारी हुने कार्यजिम्मेवारी सोही तहमा र सोबाहेकका कार्यजिम्मेवारी क्रमशः प्रदेश र संघबाट सम्पादन गर्ने गरी कानूनतः बाँडफाँड गर्ने । कुन कार्यजिम्मेवारी कुन तहको सरकारले गर्ने हो एकल रूपमा जवाफदेही हुने किसिमले स्पष्ट गर्ने । जुन तहको कार्यजिम्मेवारी हो, त्यही तहको सरकारप्रति उत्तरदायी हुने प्रशासनिक, प्राविधिक र शैक्षिक जनशक्तिको व्यवस्था गर्ने । यस्तो व्यवस्थाले तहगत र इकाईगत जवाफदेही शासन प्रणालीको विकास गर्न मद्दत गर्छ ।

## ५.२. राजस्व अधिकारक्षेत्रको बाँडफाँडमा प्रष्टता

१. तहगत सरकारको संविधानप्रदत्त वित्तीय अधिकारलाई संकुचन गर्ने गरी भएका कानूनी प्राबधानहरूमा संशोधन र सुधार गर्ने । यस्तो सुधार गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (घ) तथा खण्ड ६ को बुँदा ५ मा रहेको 'संघीय तथा प्रदेश कानूनको अधिनमा रही' भन्ने प्राबधान तथा खण्ड (ज) को बुँदा १ मा माध्यमिक शिक्षा र शिक्षक सम्बन्धी विषय समावेश नभएकोले स्थानीय तहको

संविधानको अनुसूची ८ को एकल अधिकारभित्रको विषयमा संविधानको धारा ५७ बमोजिम कानून बनाउन पाउने अधिकारलाई सीमित तथा संकुचन गरेकोले उक्त वाक्यांश हटाउने र संविधान अनुकूल हुने गरी थप गर्ने । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधित २०७५) ले ढुङ्गा, गिट्टी, वालुवा एवं माटोजन्य वस्तु, दाउरा, जराजुरी, दहत्तर वहत्तर आदिको बिक्रीको अधिकारक्षेत्र स्थानीय सरकारलाई दिएकोमा सोसँग बाभिने गरी प्रदेशले तोकेको दर र लगाएको कर खारेज गर्ने ।

२. राजस्व सम्बन्धमा भएको दोहोरो अधिकारक्षेत्रबीच तादम्य कायम गर्ने मनोरञ्जन कर प्रदेश र स्थानीय सरकार दुबैको एकल अधिकारमा रहेकोले सोही तहबीच बाँडफाँड हुने व्यवस्था गर्ने, संघले आवश्यक राष्ट्रिय मापदण्ड तोक्ने र विदेशी चलचित्रमा लिदै आएको शुल्क प्रदेश र स्थानीय तहको मनोरञ्जन कर अन्तर्गत समावेश गर्ने । नेपाल सरकारका कार्यालयबाट अर्को व्यवस्था नभएसम्मका लागि सवारी साधन कर तथा घरजग्गा रजिष्ट्रेसन शुल्क उठाइ रहेकोमा समयबद्ध कार्ययोजना बनाई त्यस्तो काम, जिम्मेवारी, संरचना वा कार्यालय, स्रोत, साधन र जनशक्ति सम्बन्धित सेवा प्रदायक सरकार तहमा हस्तान्तरण गर्ने । कृषि आयमा करको परिभाषा, दर तथा उठाउने वा नउठाउने भन्ने सम्बन्धमा द्विविधा र अन्यौल रहेकोले सो अन्यौल हटाउन राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सरोकारवालाहरूबीच परामर्श र छलफल गरी साभा धारणा बनाई तदनुकूल नीतिगत तथा कानूनी व्यवस्था गर्ने ।

**३. राजस्व बाँडफाँडमा पारदर्शिता कायम**

- स्थानीय सरकारले विज्ञापन कर र मनोरञ्जन करबाट उठेको रकम कानून बमोजिम स्थानीय विभाज्य कोषमार्फत प्रदेश सरकारको सञ्चित कोषमा नियमितरूपमा जम्मा गर्ने,
- प्रदेश सरकारले सवारी साधन करबाट उठेको रकम स्थानीय तहलाई मासिक रूपमा बाँडफाँड गर्ने,
- कुनै स्थानीय तह र प्रदेश सरकारले कानून बमोजिम लगाउनु पर्ने कर नलगाई छुट दिने देखिएकोले त्यस्तो कार्य निरूत्साहित गर्न सम्बन्धित

प्रदेश र स्थानीय सरकारको राजस्व सम्भाव्यता र प्रयासलाई आधार लिई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सूचना तथा तथ्याङ्क अध्यावधिक गर्ने र अनुदान प्रणालीसँग आवद्ध गरी लागू गर्ने ।

## ४. सूचना तथा सूचकमा आधारित अनुदान तथा राजस्व बाँडफाँड प्रणालीको स्थापना

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले खर्चको आवश्यकताको लेखाजोखा गर्दा स्थानीय तहको चालु खर्च कटाएर दिगो विकास लक्ष्य प्राप्तिको लागि आवश्यक न्यूनतम पूर्वाधार विकासका लागि के कति रकम आवश्यक पर्छ र सोको पूर्ति कसरी हुन्छ भन्ने विषयमा अध्ययन गरी आधार तयार गर्ने,
- खर्चको आवश्यकता बमोजिम वित्तीय हस्तान्तरणका लागि प्रदेश र स्थानीय तहको आवधिक योजना वा मध्यावधी खर्च संरचना वा क्षेत्रगत रणनीतिक योजनाहरु तयार गरी उक्त योजनाले न्यूनत्तम राष्ट्रिय मापदण्ड बमोजिम क्षेत्रगतरूपमा (शिक्षा, स्वास्थ्य, कृषि, पशु, पूर्वाधार, आदि) हासिल गर्नु पर्ने नतिजाका लागि आवश्यक पर्ने खर्चको मूल्याङ्कन गरी क्रमशः लागू गर्ने,
- प्रदेश र स्थानीय तहलाई संविधान वा कानूनले दिएको अधिकार बमोजिम संभावित राजस्वको आधारमा पाँच बर्षभित्र बार्षिक रूपमा उठाउनुपर्ने न्यूनतम राजस्वको सीमा कायम गरी उक्त सीमा बमोजिमको राजस्व नउठाएमा समानीकरण अनुदानद्वारा क्षतिपूर्ति नहुने व्यवस्था कडाईसाथ लागू गर्ने,
- नगरपालिकाहरूको पूर्वाधारको आवश्यकता बमोजिम विभिन्न सूचकहरु जस्तैः शहरी क्षेत्र, सडक घनत्व, भौतिक संरचना निर्मित क्षेत्र (कि.मी/वर्ग कि.मी) नयाँ सडकहरु बन्न सक्ने क्षेत्र, प्रति घरधुरी खानेपानी तथा विद्युतको पहुँच, शौचालयको सुविधा लगायत फोहरमैला व्यवस्थापन, ढल आदिलाई आधार मानी खर्चको मूल्याङ्कन गर्ने प्रणाली लागू गर्ने,
- सशर्त अनुदान प्रदान गर्दा सानातिना क्रियाकलापहरु तोक्नुको सट्टा विषयगत क्षेत्रका लागि नतिजाको सूचक तोकी एकमुष्ठ अनुदान प्रदान गर्ने व्यवस्था गर्नुपर्ने ।

**५. प्रभावकारी अनुगमन व्यवस्था लागू गर्ने**

- तहगत सरकारबाट करको दर तोक्ने र उठाउने विषयमा प्रचलित कानून बमोजिम कार्यान्वयन भए वा नभएको सुनिश्चित गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र जिल्ला समन्वय समितिले नियमित अनुगमन गर्ने,
- एक अर्को तहको अधिकारक्षेत्रभित्रको विषयमा अतिरिक्त कर उठाउने कुरालाई रोक लगाई सोको नियमित अनुगमन गर्ने,

## ५.३. विषयक्षेत्रगत सुझाव

### ५.३.१ शिक्षा

१. संसदमा विचाराधीन शिक्षा बिधेयकमाथि संघ, प्रदेश र स्थानीय तहका प्रतिनिधिहरूबीच परामर्श र छलफल गरी संविधानको प्रावधान र भावना बमोजिम आधारभूत तथा माध्यमिक तहसम्मको विद्यालय गाउँपालिका र नगरपालिकाबाट सञ्चालन गर्ने व्यवस्था गर्ने,

२. आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी देहायका विषयमा बाझिएका र दोहोरो अधिकारक्षेत्र सिर्जना गर्ने प्रचलित नेपाल कानूनमा संशोधन गरी स्थानीय तहको कार्यजिम्मेवारीमा रहने गरी व्यवस्था गर्ने,

- विशेष सुविधा सम्पन्न नमुना विद्यालय वा विशिष्टीकृत विद्यालय वा घुम्ती विद्यालय खोल्न वा यस्तै अन्य विशेष प्रकारको विद्यालय स्थापना र सञ्चालन गर्न अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, दफा ३४ मा संशोधन गर्ने,
- विद्यालय व्यवस्थापन समितिको गठन तथा विघटन, विद्यालय सार्ने, गाभ्ने, नाम परिवर्तन, आदि स्थानीय तहबाट मात्र गर्ने व्यवस्था गर्ने ,
- प्राविधिक तथा व्यवसायिक शिक्षण संस्था वा विद्यालय स्थापना तथा सञ्चालन स्थानीय तहसँगको समन्वयमा गर्ने शिक्षा सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक २०७५, दफा ५१ मा संशोधन गर्ने,

- उच्च शिक्षासम्मको प्राबिधिक तथा व्यवसायिक तालिम प्रदेश र माध्यमिक तहसम्मको प्राबिधिक तथा व्यवसायिक तालिम तथा शिक्षाको कार्यजिम्मेवारी स्थानीय तहमा रहने गरी प्राबिधिक तथा व्यवसायिक तालिम परिषद ऐन, २०४५ मा संशोधन गर्ने र तदनुकूलको संस्थागत सुधार गर्ने,
- नेपाल सरकारले घुम्ति विद्यालय सञ्चालन गर्ने सम्बन्धी (शिक्षा ऐन, २०२८ (नवौं संशोधन २०७४), दफा ३ को उपदफा (३) र दफा ११ को (ठ) को प्रावधान हटाउने । यस्तो व्यवस्था स्थानीय सरकारको नेतृत्व र समन्वयमा मात्र गर्ने व्यवस्था गर्ने,
- नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट मातृभाषी शिक्षा प्रदान गर्ने विद्यालयको व्यवस्थापन गर्ने सकिने अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५, दफा २८ को व्यवस्था स्थानीय तहसँगको नेतृत्व र समन्वयमा मात्र गर्ने,

४. देहायका साझा अधिकारक्षेत्रका विषयमा कुन तहको सरकारले के गर्ने भन्ने विषयमा सम्पादन गर्नुपर्ने कार्यको संविधान बमोजिमको स्पष्ट खाका र मापदण्ड बनाई लागू गर्ने,
   - प्रदेश विश्वविद्यालय र केन्द्रिय विश्व विद्यालय तथा क्याम्पसको वर्गीकरण र मापदण्ड,
   - संघ, प्रदेश र स्थानीय तहको पुस्तकालय, वाचनालय, संग्रहालय, अभिलेखालयको स्तर र मापदण्ड,

५. नेपाल सरकारका देहायका विद्यमान शैक्षिक संरचना र कार्यहरु स्थानीय तह र प्रदेशमा हस्तान्तरण र समायोजन गर्ने,
   - जिल्ला शिक्षा विकास इकाई,
   - प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद,

६. नागरिकको मौलिक हकको रूपमा माध्यमिक तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्ने दायित्व तीन वटै तहका सरकारमा भएकोले सोको कार्यान्वयन स्थानीय तहबाट गर्ने र संघ तथा प्रदेशबाट

उल्लिखित कार्यजिम्मेवारी पूरा गर्न आवश्यक पर्ने जनशक्ति, प्राविधिक क्षमता र वित्तीय हस्तान्तरण सुनिश्चित गर्ने,

७. शिक्षकहरूको व्यवस्थापन (आयोगबाट योग्यता परीक्षण भए बमोजिम नियुक्ती), पालिकाभित्रको सरूवा, बढुवा, अनुगमन, मूल्याङ्कन, दण्ड र पुरस्कार स्थानीय तहले गर्ने, शिक्षकको न्यूनतम सेवाका शर्तहरु संघले निर्धारण गर्ने र अधिकतम सेवा, सुविधाका शर्त र थप बजेटको व्यवस्था प्रदेश र स्थानीय तहले गर्ने,

८. प्रदेशले शैक्षिक कार्यक्रम गर्दा अन्तरपालिका तह तथा महत्वका कार्यक्रम मात्र सञ्चालन गर्ने ।

### ५.३.२ स्वास्थ्य

१. संघ, प्रदेश र स्थानीय तहबीच स्वास्थ्य सेवा सम्बन्धमा दोहोरो र तेहरो अधिकार र कार्यजिम्मेवारी रहेका देहायका विषयमा संघीय व्यवस्थाका अनुभव तथा कार्यविभाजनका सिद्धान्तहरु र तहगत सरकारबीच परामर्श र छलफल गरी कुन तहको सरकारले के गर्ने हो संविधान अनुकूल हुने गरी स्पष्ट गर्ने,

- स्थानीय तहको जनरल अस्पताल, प्रदेशले प्रदान गर्ने स्वास्थ्य सेवा र संघले सञ्चालन गर्ने स्वास्थ्य सेवा तथा राष्ट्रिय वा विशिष्ठ सेवा प्रदायक अस्पतालको कामको प्रकृति, स्तर तथा मापदण्ड,
- प्रबर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको सञ्चालन तथा व्यवस्थापन,
- पोषण कार्यक्रम कार्यान्वयन,
- रोगको नियन्त्रण तथा रोकथाम,
- स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रम,
- औषधि तथा स्वास्थ्य सामाग्री खरिद,
- परिवार नियोजन, वैकल्पिक स्वास्थ्य सेवा तथा सर्ने र नसर्ने रोगको रोकथाम, नियन्त्रण,

- संघ, प्रदेश र स्थानीय तहबीच सूर्तीजन्य तथा लागू पदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन,
- प्रदेश तथा स्थानीय तहले विद्यालय स्वास्थ्य सेवा प्रदान गर्नसक्ने ।

२. संघ, प्रदेश र स्थानीय तहले सञ्चालन तथा व्यवस्थापन गर्ने स्वास्थ्य संस्थाहरूको वर्गीकरण, सेवाको मापदण्ड स्पष्ट गर्ने,
   - आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको कार्यान्वयन एवं व्यवस्थापन स्थानीयस्तरको जनरल अस्पताल लगायत अन्य सेवा,
   - राष्ट्रिय मापदण्ड अनुरूप प्रदेशले रिफरल तथा विशिष्टीकृत अस्पताल सञ्चालन ।

३. औषधि उत्पादन, खरिद र वितरणको अधिकार संघ, प्रदेश र स्थानीय तहमा रहेकामा औषधिको किसिम, उत्पादनको मापदण्ड, उत्पादन, प्रबिधि हस्तान्तरण र नियमन नेपाल सरकार तथा प्रदेश सरकारले गर्ने, औषधि खरिदको एकीकृत बोलपत्र संघले स्वीकृत गरी आ-आफ्नो तहको आवश्यकता अनुसारको औषधि खरिद तीनै तहले गरी वितरणको व्यवस्था मिलाउने । स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा ४ खण्ड ख (५) ले स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन गर्ने अधिकारक्षेत्र उक्त सेवाको प्रभावक्षेत्र र स्थानीय तहको क्षमता हेरी संघ तथा प्रदेशबाट नियमित हुँदा प्रभावकारी हुने ।

४. स्थानीय तहलाई संघ र प्रदेशबाट गर्ने सहयोग र समन्वयको खाका प्रष्ट गरी स्थानीय तहको आवश्यक क्षमता विकास, जनशक्ति उत्पादन र प्रबिधि एवं उपकरण हस्तान्तरणमा संघ र प्रदेशको स्पष्ट दायित्व अर्थात वित्तीय व्यवस्थापनको विषय प्रष्ट गर्ने,

५. स्वास्थ्य सेवा (चिकित्सा सेवा)को उत्पादन, सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा पारामेडिकल तथा प्याराभेटेरेनरी जस्ता पेशागत संस्थाहरूको दर्ता, सञ्चालन र अनुमतिको अधिकार रहने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा थप गर्नुपर्ने ।

### ५.३.३ कृषि तथा पशुसेवा विकास

१. संघ, प्रदेश र स्थानीय तहबीच कृषि तथा पशुसेवा सम्बन्धमा रहेका समान प्रकृतिका देहायका कार्य अधिकारक्षेत्र संविधानको भावना र प्रावधान बमोजिम तहगत सरकारको भूमिका स्पष्ट हुने गरी प्रचलित नेपाल कानूनमा संशोधन र सुधार गर्ने,

- प्रदेशको एकल अधिकारक्षेत्रभित्रको पशु विकास र स्थानीय तहको एकल अधिकारक्षेत्रभित्रको पशुपालनबीचको समानता र फरक पक्ष छुट्ट्याइ स्पष्ट गर्ने,
- पशुपन्छीजन्य महामारी नियन्त्रण,
- पशु नस्ल सुधार सेवा,
- पशु रोग निदान प्रयोगशाला तथा पशु स्वास्थ्य सम्बन्धी कार्य,
- खाद्य भण्डारण,
- कृषि प्रसार,
- प्रयोगशाला,
- अधिकृत तहको जनशक्ति,
- संकलन केन्द्र, चिस्यान केन्द्र, थोक विक्री केन्द्र, बिउ बैंक, माटोपरीक्षण, प्रविधि, उपकरण/औजार ।

२. पशुपन्छी चिकित्सा विशेषज्ञ सेवा (पशु चिकित्सकको दर्ता, अनुमति, दर्ता, खारेजी) दोहोरो अधिकार क्षेत्रमा रहेकोले उक्त अधिकार प्रदेशमा रहने व्यवस्था गर्ने ।

३. सेवा प्रदायक भेटेरेनरी अस्पताल प्रदेशस्तरीय रिफरल अस्पतालका रूपमा र अनुसन्धान, गुणस्तर मापन र तालिम केन्द्र प्रदेशमा हस्तान्तरण गरी सेवा प्रवाह गर्ने । प्रदेश अन्तर्गत रहेका 'भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र' स्थानीय तहमा समायोजन गर्ने ।

४. संघ र प्रदेशले गुणस्तर निर्धारण तथा नियन्त्रण, टेलिमेडिसिन पद्धतिको स्थापना र सञ्चालन, दक्ष जनशक्ति उत्पादनका लागि प्राविधिक शिक्षा सञ्चालन गर्ने ।

५. स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) (ण) को (४) ले 'पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापन' र सोही दफाको उपदफा (१३)

ले पशु स्वास्थ्य सम्बन्धी अधिकारको व्यवस्था गरेको भएपनि औषधि सम्बन्धी उत्पादन, अनुमति र खरिदका लागि बोलपत्र आव्हान संघबाट गर्ने । औषधि खरिद सम्वन्धित तहबाट हुने व्यवस्था गर्ने ।

६. खाद्य पदार्थको गुणस्तर मापन तथा अनुगमन गर्ने, माटो, पशु रोग, खाद्य गुणस्तर परीक्षण गर्ने कार्यजिम्मेवारी स्थानीय तहसमेतको हुँदा सम्बन्धित प्रयोगशाला सेवाको चाप समेतलाई ध्यानमा राखी स्थानीय तहहरूले एकल वा संयुक्त रूपमा समेत व्यवस्थापन गरी कार्यान्वयन गर्ने ।

### ५.३.४ सडक यातायात

१. सार्वजनिक सडक ऐन २०३१ (संशोधित २०७५) बमोजिम ग्रामीण सडक, कृषि सडक, स्थानीय सडक र शहरी सडकमा वर्गीकरण गरिएकोमा नेपाल सरकार र प्रदेश सरकारका त्यस्ता चालू वा प्रस्तावित आयोजना तत् तत् स्थानीय सरकारमा हस्तान्तरण गर्ने । विद्यमान सडक कुन तहका हुन् स्पष्ट गर्ने र स्तर उन्नती, मर्मत र यातायात सञ्चालन प्रणालीका लागि सम्बन्धीत तहलाई जवाफदेही बनाउने ।

२. प्रदेशबाट स्थानीय तहको एकल अधिकारमा रहेको कृषि सडक कार्य कार्यान्वयन भइरहेकोले संविधानको प्राबधान बमोजिम स्थानीय तहले गर्ने गरी नीतिगत सुधार गर्ने र सोसम्बन्धी आयोजनाहरु सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गर्ने ।

३. प्रदेश तथा स्थानीय तह अन्तर्गत रहनुपर्ने नेपाल सरकारका चालू र प्रस्तावित सडक आयोजनाहरु वर्गीकरणको आधारमा प्रदेश र स्थानीय तहमा बजेट र जनशक्ति सहित हस्तान्तरण गर्ने ।

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४५ ले स्थानीय तहलाई सडकको अधिकार क्षेत्र तोक्नसक्ने राष्ट्रिय र प्रदेशस्तरीय सडकको अधिकार क्षेत्रको पालना गराउनु पर्ने, सडकको अधिकार क्षेत्रभित्र बनेका संरचना भत्काउन आदेश दिने, अधिकार क्षेत्र परिवर्तन गर्दा वा प्राप्त गर्दा क्षतिपूर्ति दिनुपर्ने व्यवस्थाको अधिकारको प्रभावकारी कार्यान्वयन गर्न संघ र प्रदेशले स्थानीय तहलाई वित्तीय र प्राबिधिक सहयोग गर्ने

र समन्वयात्मक कार्यप्रणाली बनाई लागू गर्ने तथा सो अनुकूल विद्यमान संघीय सडक ऐनमा सुधार गर्ने ।

५. नेपाल सरकारले वातावरण, अपाङ्गता र लैङ्गिकमैत्रीपूर्ण तथा विपद् जोखिम संवेदनशील यातायात प्रविधिको प्रबर्द्धन तथा कार्यान्वयन तीनवटै तहबाट सुनिश्चित गर्ने गरी स्पष्ट मापदण्ड तोकी लागू गर्ने ।

### ५.३.५ खानेपानी तथा सरसफाई

१. संसदमा विचाराधीन खानेपानी तथा सरसफाई सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयकमाथि प्रदेश र स्थानीय तहका प्रतिनिधिमूलक संघ महासंघहरूसँग समेत परामर्श तथा छलफल गरी संविधानको भावना र प्राबधान बमोजिम तहगत सरकारको अधिकार र कार्यजिम्मेवारी स्पष्ट हुने गरी व्यवस्था गर्ने ।

२. विधेयकमा प्रस्तावित नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको देहायका दोहोरो अधिकार र कार्यजिम्मेवारी स्पष्ट गरी समन्वयात्मक कार्यप्रणाली लागू गर्न व्यवस्था गर्ने

- पानीको स्रोत तथा मुहानको संरक्षण गर्ने,
- स्वच्छ तथा गुणस्तरीय खानेपानी र सरसफाई सेवाको सञ्चालन तथा व्यवस्थापन गर्ने,
- वस्तीलाई स्वच्छ, सफा र सुन्दर बनाईराख्न कार्यक्रम सञ्चालन गर्न सकिने ।

३. खानेपानी महसुल निर्धारण आयोग ऐन, २०६३, खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३, नेपाल खानेपानी संस्था ऐन, २०४६ को काम,कर्तव्य र अधिकार प्रदेश र गाउँपालिका तथा नगरपालिकाको अधिकार र कार्यजिम्मेवारीसँग समान प्रकृतिको भएकोले उक्त ऐनहरू खारेज गरी त्यस्ता निकायसँग सम्बन्धित संरचना, संयन्त्र र प्राबिधिक जनशक्ति अन्तर पालिकास्तरको सम्बन्धित प्रदेश तथा पालिकास्तरको भए स्थानीय तहमा हस्तान्तरण गर्ने । संसदमा प्रस्तुत उल्लेखित विधेयकमा पनि उपभोक्ताले तिर्नुपर्ने महसुल निर्धारण गर्न नेपाल सरकारले खानेपानी तथा सरसफाई सेवा महसुल

आयोग गठन गर्ने भन्ने उल्लेख भएकोले त्यस्तो संरचना प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण गर्ने व्यवस्था गर्ने ।

४. बिधेयकमा नेपाल सरकारले खानेपानी तथा फोहोर पानीको गुणस्तर मापन तथा परीक्षणको लागि प्रयोगशाला स्थापना गर्ने उल्लेख भएकोमा यस्तो प्रयोगशाला संघले तोकेको मापदण्ड बमोजिम प्रदेश र महानगरपालिका क्षेत्रभित्रको महानगरपालिकाले सञ्चालन गर्ने व्यवस्था गर्ने ।

५. विधेयकमा तीन वटा तहबीच समन्वयमा कार्य गर्ने उल्लेख भएको तर समन्वय समितिको गठनको प्रस्ताव गर्दा नेपाल सरकारका मन्त्रीको संयोजकत्वमा नेपाल सरकारका विभिन्न मन्त्रालयका सचिव र आयोजना क्षेत्रको प्रदेशको प्रमुख सचिव रहने व्यवस्था रहेकोले स्थानीय र प्रदेश सरकारको प्रतिनिधित्व रहने गरी त्यस्तो समन्वय संरचना र कार्यप्रणालीको व्यवस्था गर्ने ।

६. ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति, खानेपानी विभाग तथा खानेपानी डिभिजन र खानेपानी संस्थानले सञ्चालन गर्दै आएका साना खानेपानी आयोजना स्थानीय तहमा हस्तान्तरण गर्ने र अन्तरपालिका स्तरको प्रदेशलाई हस्तान्तरण गर्ने ।

### ५.३.६ सिचाईं

१. जलस्रोत ऐन, २०४९ (संशोधित २०७५) ले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिमका स्तर, क्षमता र परिमाणको खानेपानी, जलविद्युत, सिचाईंको विकास र उपयोग सम्बन्धमा प्रदेश र स्थानीय तहले कानून बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । नेपाल सरकारले यसरी खानेपानी, जलविद्युत, सिचाईंको स्तर तोक्दा प्रदेश सरकार र स्थानीय सरकारका प्रतिनिधिमुलक संघ महासंघहरूसँग परामर्श र छलफल गरी तोक्ने व्यवस्था गर्ने ।

२. तहगत सरकारको भूमिका स्पष्ट गर्ने गरी सिचाई नियमावली, २०५६ (पहिलो संशोधन, २०६०) र स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७५ मा प्रदेश र स्थानीय तहको

अधिकारसँग बाझिएका देहायका विषयमा नेपाल सरकार, प्रदेश र स्थानीय तीन वटै तहको कार्यगत स्वायत्तताका विषय भएको हुँदा संविधान अनुकूल तीन वटै तहको अधिकार हुने गरी संशोधन गर्ने,

- संघ, प्रदेश र स्थानीय तहले निर्माण गरी सञ्चालन गर्ने सिचाईं आयोजनाहरूको शुल्क निर्धारण र संकलन,
- सिचाईं महसुल निर्धारण एवं संकलन,
- उपभोक्ता समितिहरु गठन एवं परिचालन ।

३. सिचाईं आयोजनाको वर्गीकरण देहाय बमोजिम गर्ने

- पालिकाभित्र मात्र सञ्चालन हुने आयोजनाहरु सम्बन्धीत स्थानीय तहबाट,
- अन्तरपालिकास्तरका सिचाईं आयोजनाहरु प्रदेश तहबाट तथा स्थानीय तहको संयुक्त व्यवस्थापनबाट,
- अन्तरप्रदेशस्तर र बिशिष्ट प्रकृतिका सिचाईं आयोजनाहरु संघबाट,
- सम्बन्धीत स्थानीय तहले प्रदेशले गर्न भनी अनुरोध गरेमा विशिष्ट प्रकृतिका आयोजना प्रदेश तहबाट र यसैगरी प्रदेश तहले संघबाट सञ्चालन गर्न अनुरोध गरेमा संघबाट निर्माण गर्ने ।

### ५.३.७ आवास तथा शहरी विकास

१. आवास विकाससँग सम्बन्धित प्रदेश र स्थानीय तहका अधिकारहरूमा रहेको दोहोरोपना हटाई लागू गर्ने,

२. संघीय तहको स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७५ ले प्रदेश तथा स्थानीय तहको कार्यक्षेत्रभित्रका विषयमा समेत संघीय क्षेत्राधिकार रहने व्यवस्था गरेकोले संविधान बमोजिमको तहगत सरकारको अधिकारक्षेत्र हुने गरी संशोधन गर्ने,

३. नगर विकास ऐन तथा नगर विकास समिति खारेज गर्ने,

४. काठमाडौं उपत्यका प्राधिकरण प्रदेशमा हस्तान्तरण गर्ने ।

### ५.३.८ जलस्रोत/ऊर्जा

१. जलस्रोत ऐन, २०४९ (संशोधित २०७५) ले खानेपानी, जलविद्युत, सिचाईंको स्तर, क्षमता र परिमाण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी लागू गर्ने व्यवस्था भएकोमा सो व्यवस्था हटाई

सोही ऐनमा संघ, प्रदेश र स्थानीय तहको योजना बर्गीकरण र मापदण्ड निर्धारण हुनुपर्ने,

२. जलस्रोत ऐन, २०४९ का अन्य प्राबधानहरु र विद्युत ऐन, २०४९ संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहको अधिकार र कार्यजिम्मेवारी सुनिश्चित हुनेगरी संशोधन गर्ने,

३. वैकल्पिक ऊर्जा संविधानतः स्थानीय तहको एकल अधिकारमा रहेको छ । संविधानको भावना विपरित नेपाल सरकारले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत ऊर्जा सम्बन्धी ससाना आयोजना समेत सञ्चालन गरिरहेकोले त्यस्तो अधिकारक्षेत्र स्थानीय तहमा हस्तान्तरण गरी नवीनतम प्रबिधिको विकास र हस्तान्तरण, गुणस्तर तथा मापदण्ड सम्बन्धी कार्यमात्र संघ र प्रदेशले गर्ने गरी अधिकारक्षेत्र स्पष्ट गर्ने । साथै उच्चस्तरको प्रबिधि र राष्ट्रिय ऊर्जा प्रणालीमा उल्लेख्य योगदान दिने ऊर्जा आयोजनाको सञ्चालन व्यवस्थापन नेपाल सरकार र प्रदेश सरकारबाट समेत गर्ने ।

४. विद्युत विकास तथा नवीकरणीय ऊर्जा सम्बन्धमा संघ, प्रदेश र स्थानीय तीन वटै तहको भूमिका निर्धारण गर्ने गरी भएको नेपाल सरकार, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने बिकास कार्य तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँड सम्बन्धी मापदण्ड २०७६ बमोजिम गर्न उपयुक्त हुने ।

## ५.४. मौलिक हकको कार्यान्वयनमा तहगत सरकारको दायित्व

१. मौलिक हकको कार्यान्वयन सम्बन्धी ऐनमा संघ, प्रदेश र स्थानीय तहको साझा दायित्व र कार्यजिम्मेवारीहरुलाई कुन तहले के गर्ने? समन्वय संरचना र कार्यप्रणाली के हुने भन्ने स्पष्ट गर्न नेपाल सरकारका विषयक्षेत्रगत मन्त्रालयले तहगत सरकारको स्पष्ट दायित्व र जिम्मेवारी सहितको राष्ट्रिय नीति तथा कार्यक्रम, कार्यान्वयन कार्ययोजना बनाई लागू गर्ने । सोको कार्यान्वयनका लागि संघले प्रदेश र स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने र तहगत सरकारबीच संयुक्त अनुगमन र प्रतिवेदन प्रणाली लागू गर्ने ।

२. नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धि, सन्धि तथा अभिसन्धिहरूबाट सिर्जना हुने दायित्व पूरा गर्न तहगत सरकारको भूमिका प्रष्ट गरी सोको परिपालन संघ, प्रदेश र स्थानीय तहले गर्ने । सोको कार्यान्वयनका लागि संघले सशर्त अनुदानमार्फत प्रदेश र स्थानीय तहलाई वित्तीय हस्तान्तरण उपलब्ध गराउने र तहगत सरकारबीच संयुक्त अनुगमन र प्रतिवेदन प्रणाली लागू गर्ने ।

## ५.५ अधिकारको हस्तान्तरण गर्ने तथा मानव संशाधन र क्षमता विकास कार्ययोजना निर्माण

१. संघका विषयक्षेत्रगत मन्त्रालयले प्रदेश र स्थानीय तहको अधिकारका विषयसँग सम्बन्धित कार्य, जिम्मेवारी, संरचना, जनशक्ति, भौतिक पूर्वाधार, स्रोत तथा साधन हस्तान्तरण गर्न समयवद्ध कार्ययोजना बनाई लागू गर्ने ।

२. प्रदेश र स्थानीय तहको समग्र क्षमता विकासका लागि नेपाल सरकारले क्षमता आवश्यकता मूल्याङ्कन (Capacity Need Assessment - CNA) दिग्दर्शन तयार गर्ने र सो अनुरूप प्रदेश र स्थानीय तहहरूले आफ्ना लागि संगठन संरचना, कर्मचारीको आवश्यकता, पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास, कर्मचारीहरूको कार्यविवरण, कानून तथा प्रक्रियागत कार्यविधिहरूको आवश्यकता आँकलन सहित क्षमता विकास कार्ययोजना तयार गरी लागू गर्ने,

३. स्थानीय तहको आवश्यकता मूल्याङ्कन कार्ययोजना बमोजिम संघका विषयक्षेत्रगत मन्त्रालय, निकायले प्रदेश र स्थानीय तहको तथा प्रदेश सरकारले स्थानीय तहको विषयक्षेत्रगत विभाग, शाखा, इकाइको क्षमता अभिबृद्धि गर्न सहजीकरण गर्ने । स्थानीय तहको कार्ययोजनाको कार्यान्वयन गर्न जिल्ला समन्वय समितिहरूले प्रदेश र नेपाल सरकारसँग समन्वय गरी सहजीकरण गर्ने ।

## ५.६. योजना तथा बजेट प्रणालीमा तादम्यता

१. तहगत सरकारका अधिकार क्षेत्रका आयोजनाहरूलाई आधार लिई सम्बन्धीत तहले योजना तर्जुमा गर्ने प्रणाली लागू गरी योजना तर्जुमाको समयचक्रमा तालमेल गर्न देहाय बमोजिम गर्ने,

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा स्थानीय, प्रदेश र नेपाल सरकारको बार्षिक नीति, कार्यक्रम, योजना र बजेट पारित गर्ने समय माथिबाट तल (top down) जाने भएकोले तलबाट माथि (bottom up) हुने गरी लागू गर्ने । यसो भएमा स्थानीय तहको बार्षिक योजनामा परेका विषय प्रदेश र नेपाल सरकारको योजनामा नदोहोरिने र प्रदेशबाट छनौट भएका योजना नेपाल सरकारको बार्षिक योजनामा नदोहोरिने गरी सुनिश्चित हुने,
- साझा अधिकार क्षेत्रका कार्यक्रम, योजना, आयोजना कार्यान्वयन गर्ने विषय क्षेत्र अनुसार त्यस्ता कार्यक्रम तथा आयोजनाहरूको तहगत वर्गीकरण गरी एक तहले अर्को तहसँग नदोहोरिने गरी सञ्चालन गर्ने, यसो गरेमा मात्र तहगत सरकार र विषयगत निकाय जवाफदेही हुन सक्ने,
- स्थानीय र प्रदेश तहले योजना छनौट गर्दा क्रमशः प्रदेश सरकार, स्थानीय सरकार र संघीय सरकारको योजना र अधिकारक्षेत्रमा पर्ने योजनाको वर्गीकरण अनुरूप आयोजना बैंक निर्माण गरी सम्बन्धीत तहमा पठाउने । संघ र प्रदेशले पनि सोही मागको आधारमा स्थानीय तह र प्रदेशमा सञ्चालन गरिने आयोजनाहरु आ–आफ्नो योजनामा समावेश गर्ने ।

२. संघले प्रदेश र संघ र प्रदेशले स्थानीय तहभित्र साझा अधिकारक्षेत्रको कुनै कार्यजिम्मेवारी सम्पादन गर्नुपर्दा अलग्गै संयन्त्र, संरचना वा कार्य प्रणाली नबनाई प्रदेश र स्थानीय तहमा सशर्त अनुदान पठाई कार्यान्वयन गर्ने,

३. पालिका तथा वडाबीचको विकास सम्बन्ध र भूमिका स्पष्ट गर्न देहाय बमोजिम गर्ने,

- वडागत रूपमा बजेट विनियोजन गर्दा दामासाही रूपमा बजेट बाँडफाँड नगरी वडाको क्षेत्रफल, जनसंख्या, विकासको अवस्था,

राजस्वको क्षमता र आवश्यकता आदिलाई ध्यानमा दिई सो सूचकका आधारमा बजेट विनियोजन गर्ने प्रणालीको विकास गर्ने, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले यस्ता विषयमा मापदण्ड बनाउने,

- विद्यमान सम्भाव्यताका आधारमा तोकिएको सीमाभन्दा बढी राजस्व उठाउने र वित्तीय अनुशासन कायम गर्ने वडालाई थप अनुदान दिने नीति बनाइ लागू गर्ने । स्थानीय तहले स्थानीय पूर्वाधारलाई सामाजिक पूर्वाधार (social infrastructure), आधारभूत पूर्वाधार (utility infrastructue) र आर्थिक पूर्वाधार (economic infrastrucure) मा वर्गीकरण गरी लगानी नीति बनाउनुपर्ने र सोही बमोजिम प्राथमिकताका आधारमा बजेट छुट्याउने परिपाटी बसाल्नुपर्ने ।

४. प्रदेश तथा स्थानीय तहबाट तयार गरिने बिनियोजन ऐन, बजेट तथा कार्यक्रमका ढाँचामा एकरूपता कायम गरिनुपर्ने ।

## ५.७. संस्थागत सुधार र समन्वय सुदृढीकरण

१. नेपाल सरकारबाट विगतमा केन्द्रीकृत ढाँचामा निर्माण भएका धेरैजसो विषयक्षेत्रगत कार्यान्वयन संयन्त्रहरु संघीयता लागू भएपछि पनि प्रदेश र स्थानीय तहले गर्नुपर्ने केही समान प्रकृतिका काम गरिरहेका छन् । साथै प्रदेश र स्थानीय तहको काम र जिम्मेवारी निर्वाह गर्न ती निकायमा जनशक्ति, स्रोत साधनको पर्याप्त हस्तान्तरण र परिपूर्ति हुन सकेको छैन । यस सन्दर्भमा देहायको सुझाव प्रस्तुत गरिएको छ,

- नेपाल सरकार, अधिकार सम्पन्न संघीय प्रशासनिक पुनःसंरचना समितिको प्रतिवेदन, २०७४ को सुझाव तथा सिफारिशहरु लागू गर्ने,
- नेपाल सरकार, सार्वजनिक खर्च पुनरावलोकन आयोगको सिफारिश बमोजिमका निकाय वा संस्थाहरूको तोकिएको निकायमा हस्तान्तरण, मिलान वा खारेज गर्ने,
- दोहोरो कार्यजिम्मेवारी वहन भइरहेका मूलतः देहायका निकायहरूका बारेमा संघ, प्रदेश र स्थानीय तहबीच छलफल र परामर्श गरी कार्ययोजना बनाई उपयुक्त तहमा हस्तान्तरण र मिलान गर्ने,

| विषयक्षेत्र/उपक्षेत्र | नेपाल सरकारका विद्यमान कार्यालय, निकाय | तहगत सरकारबीच अधिकारक्षेत्र स्पष्ट गर्ने सम्बन्धी सुझावहरू |
|---|---|---|
| पूर्वाधार विकास र यातायात | सडक डिभिजन कार्यालयहरु<br>सवारी परीक्षण कार्यालयहरु | ▪ प्रदेश अन्तर्गत पूर्वाधार कार्यालयहरु गठन भई कार्य गरिरहेकाले सोसँग दोहोरो कार्यविवरण नहुने गरी संघले आयोजना कार्यालय मार्फत कार्य गर्ने,<br>▪ सवारी परीक्षणको काम प्रदेशमा रहेकोमा सम्बन्धीत कार्यालयहरु प्रदेश तह अन्तर्गत रहने गरी हस्तान्तरण गर्ने । |
| शहरी विकास | एकीकृत शहरी विकास आयोजना, काठमाडौं उपत्यका विकास प्राधिकरण, नगर विकास समिति | ▪ संविधान तथा कानून बमोजिम स्थानीय तह र प्रदेशको अधिकारक्षेत्रभित्रका समान प्रकृतिका कार्यजिम्मेवारी भएका संरचना खारेज गरी सम्बन्धित प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण र मिलान गर्ने ।<br>▪ संघीय तहमा अनुगमन र मापदण्ड सम्बन्धी कार्य र चुस्त संरचना राख्ने । |
| खानेपानी तथा सरसफाई | खानेपानी संस्थान, खानेपानी उत्पादन बृद्धि कार्यक्रम, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना, काठमाडौं उपत्यका ढल व्यवस्थापन आयोजना, ढल प्रशोधन केन्द्र, ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति | |
| भूमि व्यवस्था तथा सहकारी (भूउपयोग, बस्ती विकास) | मालपोत कार्यालय (११०) तथा नापी कार्यालय | ▪ घरजग्गा रजिष्ट्रेसन तथा मालपोत संकलन व्यवस्थापनको कार्य गाउँपालिका र नगरपालिकाले सम्पादन गर्नुपर्ने भएकोले सोसँग सम्बन्धित विवरण, जनशक्ति स्थानीय तहमा हस्तान्तरण गरी स्थानीय तहको क्षमता विकास गर्ने । |

| विषयक्षेत्र/उपक्षेत्र | नेपाल सरकारका विद्यमान कार्यालय, निकाय | तहगत सरकारबीच अधिकारक्षेत्र स्पष्ट गर्ने सम्बन्धी सुझावहरू |
|---|---|---|
| कृषि तथा पशुपन्छी विकास | ▪ खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, (५) डिभिजन कार्यालयहरू (३६)<br>▪ वाली विकास तथा कृषि जैविक विविधता सरक्षण केन्द्र,<br>▪ बिउबिजन गुणस्तर नियन्त्रण केन्द्र,<br>▪ आलु, तरकारी तथा मसला बाली विकास केन्द्र,<br>▪ तरकारी वीउ उत्पादन केन्द्र<br>▪ मत्स्य प्रबर्द्धन तथा संरक्षण केन्द्र<br>▪ पशु प्रजनन कार्यालय<br>▪ राष्ट्रिय पशु आहारा तथा लाइभष्टक गुण व्यवस्थापन प्रयोगशाला,<br>▪ याक, गाई, बाखा, भेडा, घाँसेवाली अनुबांशिक स्रोत केन्द्र<br>▪ कृषि विकास फार्म<br>▪ फलफूल विकास केन्द्र, वागवानी केन्द्र, सुन्तला जात फलफूल विकास केन्द्र,<br>▪ कफी, अलैची विकास केन्द्र,<br>▪ मौरी, रेशम विकास केन्द्र | ▪ खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, डिभिजन कार्यालयहरू स्थानीय तथा प्रदेशसँगको कार्य अधिकारक्षेत्र नबाझिने र नदोहोरिने गरी व्यवस्था गर्ने,<br>▪ वाली विकास तथा कृषि जैविक विविधता सरक्षण केन्द्र, बिउबिजन गुणस्तर नियन्त्रण केन्द्र, पशु प्रजनन कार्यालय, राष्ट्रिय पशु आहारा तथा लाइभष्टक गुण व्यवस्थापन प्रयोगशाला, याक, गाई, बाखा, भेडा, घाँसेवाली अनुबांशिक स्रोत केन्द्र जस्ता सेवा निकायहरू प्रदेशले व्यवस्थापन गर्ने, स्थानीय तहको आवश्यकता बमोजिम काम गर्ने र संघले मापदण्ड, नियमनको कार्य गर्ने,<br>▪ प्रत्यक्ष किसानसँग सम्बन्धित सेवा प्रवाहको काम गर्नुपर्ने सेवाको उत्पादन तथा वितरणसँग सम्बन्धित हुने कृषि विकास फार्म, फलफूल विकास केन्द्र, वागवानी केन्द्र, सुन्तला जात फलफूल विकास केन्द्र, कफी, अलैची विकास केन्द्र, आलु, तरकारी तथा मसला बाली विकास केन्द्र, तरकारी वीउ उत्पादन केन्द्र तथा मौरी, रेशम विकास केन्द्र जस्ता संरचनाहरू औचित्यका आधारमा प्रदेश वा स्थानीय तहमा हस्तान्तरण गर्ने । |

२. तहगत सरकारमा अधिकारक्षेत्र बमोजिमको संगठन संरचनाको निर्माण गर्न प्रदेश र स्थानीय तहले आफ्नो अधिकार र विषयक्षेत्रगत कार्यजिम्मेवारी, स्रोत साधनको उपलब्धता र आफ्नो प्राथमिकतालाई सम्बोधन गर्ने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणमार्फत हाल भएको अन्तरिम संगठन संरचनालाई पूनर्व्यवस्थित गरी लागू गर्ने ।

## ५.८. नीतिगत तथा कानूनी सुधार

१. संविधान कार्यान्वयन हुनु अघिदेखि नै एकात्मक र केन्द्रिकृत प्रणाली बमोजिम विद्यमान कतिपय ऐन तथा नियमावलीहरु हाल पनि प्रचलनमा रहेका हुनाले संविधान अनुकूल संशोधन, परिमार्जन गर्ने,

२. प्रचलित विषयक्षेत्रगत आधारमा छरिएर रहेका नेपाल कानूनहरूको पुनरावलोकन गरी संविधानको भावना र प्राबधान बमोजिम तहगत सरकारको खर्चाधिकार, कार्यजिम्मेवारी स्पष्ट हुने गरी आवश्यकता अनुसार संशोधन, सुधार, खारेजी, परिमार्जन गर्ने । यस प्रक्रियामा तहगत सरकारसँग परामर्श र छलफल गरी विषयक्षेत्रगत कानून बनाई लागू गर्ने,

३. संविधान जारी भईसकेपछि बनेका केही कानूनहरु संघीयताको मर्म अनुकूल तहगत सरकारको भूमिका प्रष्ट गर्ने गरी संशोधन, सुधार गर्ने,

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सँग बाझेको वा तादम्यता नमिलेका कानूनहरूमा सो अनुकूल संशोधन तथा सुधार गर्ने,

५. प्रदेश सरकार (कार्यविभाजन) नियमावलीमा उल्लेख गरिएका कार्य जिम्मेवारीहरु सोही तहबाट सम्पादन गर्ने गरी अन्य प्रचलित कानूनमा तादम्यता मिलाउने,

६. संघ तथा प्रदेशले कानून तर्जुमा गर्दा सम्वन्धित विषयमा स्थानीय तहसँग परामर्श र छलफलका आधारमा गर्ने गरी देहाय बमोजिम समन्वयात्मक कार्यप्रणाली कायम गर्ने :

- तहगत सरकारका कानून तर्जुमाका बखत संविधान अनुकूल भयो वा भएन भनी हेर्ने र सुझाव दिने संयन्त्र बनी सकेको छैन ।

संविधानसँग तहगत कानूनहरू बाझियो भन्ने विषय अदालतमा नगई समाधान गर्न सकिने अवस्था छैन, जुन प्रक्रिया लामो छ । बाझिएका कानूनहरू अदालतको सहारामा सुधार गर्नेभन्दा संविधानसँग नबाझिने कानूनहरू बनाउने प्रक्रियालाई सुनिश्चित गरिनु महत्वपूर्ण हुन्छ । यस सन्दर्भमा तहगत सरकारले कानून बनाउँदा अवलम्वन गर्नुपर्ने आधारभूत सिद्धान्त, कानूनी ढाँचा, ध्यान दिनुपर्ने संवैधानिक सीमा र एक अर्को तहबीच त्यस्ता कानूनी पहलहरूको पर्याप्त जानकारी आदान प्रदान गर्ने र अनुगमन गर्ने कार्यप्रणाली र संघीय र प्रदेश तहका संयन्त्र निर्माण गर्ने,

- विद्यमान समन्वय संरचनाहरू जस्तै, प्रदेश समन्वय परिषदको प्रभावकारिता बढाउन आवश्यक कार्यविधि र कार्ययोजना बनाई लागू गर्ने ।

७. साझा अधिकार तथा कार्यजिम्मेवारीको सम्पादनलाई सहजीकरण गर्ने संघीय तथा प्रदेश कानूनहरू प्राथमिकताका साथ तर्जुमा गरी लागू गर्ने, जस्तै,

- अन्तर सरकार सम्बन्ध र समन्वय सम्बन्धी कानून
- प्रदेश लोकसेवा आयोग सम्बन्धी कानून (ऐन, नियम, कार्यविधि)
- प्रदेश र स्थानीय सेवाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, नियम तथा मापदण्ड

## ५.९. तहगत सरकारबीच कार्यजिम्मेवारीको बाँडफाँडबारे साझा धारणा निर्माण गर्न प्रक्रियागत सुझाव

१. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तहगत सरकारबीच कार्यजिम्मेवारी, खर्चाधिकार र राजस्व क्षेत्राधिकारको बाँडफाँड, वितरण तथा पुनर्वितरणका विषयमा साझा धारणा निर्माण गर्न संयोजनकारी भूमिका निर्वाह गर्ने र सरोकारवालाहरूबीच विषयक्षेत्रगत आधारमा समेत निरन्तर सम्वाद र छलफल गर्ने, गराउने,

२. विषयक्षेत्रगत कानून निर्माणमा संविधान बमोजिमको कार्यअधिकार अनुसार तहगत सरकारलाई राजस्व अधिकार बाँडफाँड स्पष्ट भए नभएको सुनिश्चित गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तीन वटै तहका सरकारबीच आवश्यक छलफल र परामर्श गरी तहगत सरकार र सम्बन्धित निकायलाई राय सुझाव दिने प्रणालीको स्थापना गर्ने,

३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले विषयक्षेत्रगत कार्यजिम्मेवारीको वर्गीकरण, कामको प्रकृति तथा स्तर र मापदण्ड निर्धारण गर्न तहगत सरकार र नेपाल सरकारका विषयक्षेत्रगत मन्त्रालयबीच समन्वय गर्ने, गराउने ।

# अनुसूची

## अनुसूची १ : तहगत सरकारको संविधानमा सूचीकृत अधिकार एवं कार्यजिम्मेवारी

| क्र.सं. | मुख्य विषयक्षेत्र | संघको एकल (अनुसूची ५) | प्रदेशको एकल (अनुसूची ६) | स्थानीय तहको एकल (अनुसूची ८) | संघ र प्रदेशको साझा (अनुसूची ७) | संघ, प्रदेश र स्थानीय तहको साझा (अनुसूची ९) |
|---|---|---|---|---|---|---|
| १ | रक्षा र सेना | १. रक्षा र सेना सम्बन्धी | | | | |
| २ | | (क) राष्ट्रिय एकता र भौगोलिक अखण्डताको संरक्षण, | | | | |
| ३ | | (ख) राष्ट्रिय सुरक्षा सम्बन्धी, | | | | |
| ४ | | २. युद्ध र प्रतिरक्षा | | | | |
| ५ | | ३. हातहतियार, खरखजाना कारखाना तथा उत्पादन सम्बन्धी | | | | |

| क्र.सं. | मुख्य विषयक्षेत्र | संघको एकल (अनुसूची ५) | प्रदेशको एकल (अनुसूची ६) | स्थानीय तहको एकल (अनुसूची ८) | संघ र प्रदेशको साझा (अनुसूची ७) | संघ, प्रदेश र स्थानीय तहको साझा (अनुसूची ९) |
|---|---|---|---|---|---|---|
| ६ | गृह मामिला, शान्ति सुरक्षा, प्रहरी प्रशासन तथा अनुसन्धान गृह मामिला, शान्ति सुरक्षा, प्रहरी प्रशासन तथा अनुसन्धान | ४. केन्द्रीय प्रहरी | १. प्रदेश प्रहरी प्रशासन | १. नगर प्रहरी | | |
| ७ | | ४.सशस्त्र प्रहरी बल, | | | | |
| ८ | | ४. राष्ट्रिय गुप्तचर तथा अनुसन्धान, | १३. प्रदेश अनुसन्धान ब्युरो | | | |
| ९ | | २२. नागरिकता, | | | | |
| १० | | २३. वायुमण्डल र अन्तरिक्ष सम्बन्धी | | | | |
| ११ | | ४. शान्ति सुरक्षा | १. शान्ति सुरक्षा | | ३.देशको सुरक्षासँग सम्बन्धित विषयमा निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन र शान्ति सुरक्षाको व्यवस्था | |

| क्र.सं. | मुख्य विषयक्षेत्र | संघको एकल (अनुसूची ५) | प्रदेशको एकल (अनुसूची ६) | स्थानीय तहको एकल (अनुसूची ८) | संघ र प्रदेशको साझा (अनुसूची ७) | संघ, प्रदेश र स्थानीय तहको साझा (अनुसूची ९) |
|---|---|---|---|---|---|---|
| १२ | | | | २०. विपद व्यवस्थापन | १७. प्राकृतिक तथा गैर प्राकृतिक विपद पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभ | ९. विपद व्यवस्थापन |
| १३ | | | | | ६. सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सृजना | |
| १४ | | | | | ४. एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण | |
| १५ | | | | | ७. करार, सहकारी, साझेदारी र एजेन्सी सम्बन्धी<br>८. टाट पल्टेको र दामासाही सम्बन्धी | |
| १६ | | | | | १६. क्यासिनो, चिट्ठा | |

| क्र.सं. | मुख्य विषयक्षेत्र | संघको एकल (अनुसूची ५) | प्रदेशको एकल (अनुसूची ६) | स्थानीय तहको एकल (अनुसूची ८) | संघ र प्रदेशको साझा (अनुसूची ७) | संघ, प्रदेश र स्थानीय तहको साझा (अनुसूची ९) |
|---|---|---|---|---|---|---|
| १७ | अर्थ, मुद्रा, बैंकिङ्ग, वित्तीय संस्था | ५. केन्द्रीय बैंक, वित्तीय नीति, मुद्रा र बैंकिङ्ग, मौद्रिक नीति, | २. नेपाल राष्ट्र बैंकको नीति अनुरूप वित्तीय संस्थाहरूको सञ्चालन, | | | |
| १८ | | ५. विदेशी अनुदान, सहयोग र ऋण<br>१८. विनिमय, | २. केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोग | | | |
| १९ | | २८. बीमा नीति, | | | २०. बीमा व्यवसाय सञ्चालन र व्यवस्थापन | |
| २० | | २८. धितोपत्र, | | | | |

| क्र.सं. | मुख्य विषयक्षेत्र | संघको एकल (अनुसूची ५) | प्रदेशको एकल (अनुसूची ६) | स्थानीय तहको एकल (अनुसूची ८) | संघ र प्रदेशको साझा (अनुसूची ७) | संघ, प्रदेश र स्थानीय तहको साझा (अनुसूची ९) |
|---|---|---|---|---|---|---|
| २१ | परराष्ट्र मामिला, | ६. परराष्ट्र तथा कूटनीतिक मामिला, | | | | |
| २२ | | ६. अन्तर्राष्ट्रिय सम्बन्ध र संयुक्त राष्ट्रसंघ सम्बन्धी | | | | |
| २३ | | ७. अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता, | | | | |
| २४ | | ७. सुपुर्दगी, पारस्परिक कानूनी सहायता | | | | |
| २५ | | ७. अन्तर्राष्ट्रिय सीमा, अन्तर्राष्ट्रिय सीमा नदी, | | | | |
| २६ | | २२. राहदानी, भिसा, | | | | |
| २७ | | २२. अध्यागमन | | | | |

| क्र.सं. | मुख्य विषयक्षेत्र | संघको एकल (अनुसूची ५) | प्रदेशको एकल (अनुसूची ६) | स्थानीय तहको एकल (अनुसूची ८) | संघ र प्रदेशको साझा (अनुसूची ७) | संघ, प्रदेश र स्थानीय तहको साझा (अनुसूची ९) |
|---|---|---|---|---|---|---|
| २८ | सञ्चार तथा विज्ञान प्रबिधि | ८. दूरसञ्चार, | | | १४.सञ्चार माध्यम सम्बन्धी | |
| २९ | | ८. रेडियो फ्रिक्वेन्सीको बाँडफाँड, रेडियो, | ३. रेडियो, एफ. एम, | ३. एफ. एम सञ्चालन | | |
| ३० | | ८. टेलिभिजन | ३. टेलिभिजन सञ्चालन | | | |
| ३१ | | ८. हुलाक | | | | |
| ३२ | | ३१. सुरक्षित छापाखाना | | | | २. पत्रपत्रिका |
| ३३ | | | | | १९. चलचित्र, सिनेमा हल | |
| ३४ | | | | | २२. वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि | |

| क्र.सं. | मुख्य विषयक्षेत्र | संघको एकल (अनुसूची ५) | प्रदेशको एकल (अनुसूची ६) | स्थानीय तहको एकल (अनुसूची ८) | संघ र प्रदेशको साझा (अनुसूची ७) | संघ, प्रदेश र स्थानीय तहको साझा (अनुसूची ९) |
|---|---|---|---|---|---|---|
| ३५ | कर, राजस्व | ९.भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर, राहदानी शुल्क, भिसा शुल्क, | ४. घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, कृषि आयमा कर, | ४. जग्गा रजिष्ट्रेशन शुल्क, सम्पत्ति कर, घर बहाल कर,सवारी साधन कर), भूमिकर (मालपोत), | | ६ र १४, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, |
| ३६ | | | ४.मनोरञ्जन कर, | ४.मनोरञ्जन कर, | | |
| ३७ | | | ४.विज्ञापन कर, | ४.विज्ञापन कर, | | |
| ३८ | | | | ४.व्यवसाय कर, | | |
| ३९ | | ९. पर्यटन दस्तुर, | ४.पर्यटन ..., | ४.पर्यटन शुल्क, | | ६. पर्यटन शुल्क |

| क्र.सं. | मुख्य विषयक्षेत्र | संघको एकल (अनुसूची ५) | प्रदेशको एकल (अनुसूची ६) | स्थानीय तहको एकल (अनुसूची ८) | संघ र प्रदेशको साझा (अनुसूची ७) | संघ, प्रदेश र स्थानीय तहको साझा (अनुसूची ९) |
|---|---|---|---|---|---|---|
| ४० | कर, राजस्व | ९.सेवा शुल्क दस्तुर, | ४. सेवा शुल्क दस्तुर, | ४.सेवा शुल्क दस्तुर, | | ६. सेवा शुल्क, दस्तुर |
| ४१ | | ९. दण्ड जरिवाना | ४. दण्ड जरिवाना | ४. दण्ड जरिवाना, | | ६. दण्ड जरिवाना |
| ४२ | सामान्य प्रशासन तथा सरकारी सेवा | १०. संघीय निजामती सेवा, | ५. प्रदेश निजामती सेवा | ५. स्थानीय सेवाको व्यवस्थापन | २२. मानव संसाधन विकास | |
| ४३ | | १०. न्याय सेवा र अन्य सरकारी सेवा | ५. अन्य सरकारी सेवा | | १२.कानून व्यवसाय, लेखापरीक्षण, इन्जिनियरिङ,चिकित्सा, आयुर्वेद चिकित्सा, पशु चिकित्सा, आम्ची र अन्य पेशा | |
| ४४ | | | १५. प्रदेश लोक सेवा आयोग | | | |

| क्र.सं. | मुख्य विषयक्षेत्र | संघको एकल (अनुसूची ५) | प्रदेशको एकल (अनुसूची ६) | स्थानीय तहको एकल (अनुसूची ८) | संघ र प्रदेशको साझा (अनुसूची ७) | संघ, प्रदेश र स्थानीय तहको साझा (अनुसूची ९) |
|---|---|---|---|---|---|---|
| ४५ | संघीय मामिला तथा अन्तर सरकार सम्बन्ध र समन्वय | १७. स्थानीय तह सम्बन्धी मामिला | | | | |
| ४६ | | ३३. संवैधानिक निकायहरु, | | | | |
| ४७ | | ३३. राष्ट्रिय महत्वका आयोगहरु | | | | |
| ४८ | | १७. विशेष संरचना | | | | |
| ४९ | | ३५. संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूचीमा वा साझा सूचीमा उल्लेख नभएको कुनै विषय तथा यो संविधान र संघीय कानूनमा नतोकिएको विषय | | | | |

| क्र.सं. | मुख्य विषयक्षेत्र | संघको एकल (अनुसूची ५) | प्रदेशको एकल (अनुसूची ६) | स्थानीय तहको एकल (अनुसूची ८) | संघ र प्रदेशको साझा (अनुसूची ७) | संघ, प्रदेश र स्थानीय तहको साझा (अनुसूची ९) |
|---|---|---|---|---|---|---|
| ५० | शिक्षा | १५. केन्द्रीय विश्वविद्यालय, विश्वविद्यालय मापदण्ड र नियमन, | ८. प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, | ८. आधारभूत र माध्यमिक शिक्षा | | २. शिक्षा |
| ५१ | | १५. केन्द्रीयस्तरका प्रज्ञा प्रतिष्ठान, | | | | |
| ५२ | | १५. केन्द्रीय पुस्तकालय | ८. पुस्तकालय, संग्रहालय | | | |
| ५३ | | | | | १९. खेलकूद | २. खेलकूद |
| ५४ | जलस्रोत, ऊर्जा, सिचाईं | ११. जलस्रोतको संरक्षण र बहुआयामिक उपयोग सम्बन्धी नीति र मापदण्ड अन्तरदेशीय तथा अन्तरप्रदेश विद्युत प्रसारण लाइन | १९. जल उपयोग | | २३.अन्तर प्रादेशिक रूपमा फैलिएको जल उपयोग १३.प्रदेश सीमा नदी, जलमार्ग | ५. विद्युत, खानेपानी, सिंचाइ जस्ता सेवाहरु |

| क्र.सं. | मुख्य विषयक्षेत्र | संघको एकल (अनुसूची ५) | प्रदेशको एकल (अनुसूची ६) | स्थानीय तहको एकल (अनुसूची ८) | संघ र प्रदेशको साझा (अनुसूची ७) | संघ, प्रदेश र स्थानीय तहको साझा (अनुसूची ९) |
|---|---|---|---|---|---|---|
| ५५ | जलस्रोत, ऊर्जा, सिचाई | १४. केन्द्रीय स्तरका ठूला विद्युत, | ७. प्रदेश स्तरको विद्युत, | १९. साना जलविद्युत आयोजना, | | ५. विद्युत सेवाहरु |
| ५६ | | १४. सिंचाइ | ७. सिचाईं | ११. सिंचाइ | | ५. सिंचाइ सेवाहरु |
| ५७ | | | ७. खानेपानी सेवा, | १९. खानेपानी, | १८. खानेपानी र सरसफाई | ५. खानेपानी सेवाहरु |
| ५८ | | | | १९. वैकल्पिक ऊर्जा | | |
| ५९ | | २३. आणविक ऊर्जा, | | | | |
| ६० | पूर्वाधार तथा यातायात | २०. राष्ट्रिय यातायात नीति, | २०. यातायात, ७. परिवहन | | | |
| ६१ | | | | | | १५. सवारी साधन अनुमति |

| क्र.सं. | मुख्य विषयक्षेत्र | संघको एकल (अनुसूची ५) | प्रदेशको एकल (अनुसूची ६) | स्थानीय तहको एकल (अनुसूची ८) | संघ र प्रदेशको साझा (अनुसूची ७) | संघ, प्रदेश र स्थानीय तहको साझा (अनुसूची ९) |
|---|---|---|---|---|---|---|
| ६२ | पूर्वाधार तथा यातायात | २०. रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन | १२. प्रदेश लोकमार्ग | ११. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, | १५. भौतिक पूर्वाधार | |
| ६३ | स्वास्थ्य | १६. स्वास्थ्य नीति, | ९. स्वास्थ्य सेवा | ९. आधारभूत स्वास्थ्य र सरसफाइ | ९. औषधि र विषादि<br>१०. योजना, परिवार नियोजन र जनसंख्या व्यवस्थापन | ३. स्वास्थ्य |
| ६४ | | १६. स्वास्थ्य सेवा, | ९. स्वास्थ्य सेवा | | | |
| ६५ | | १६. स्वास्थ्य मापदण्ड, गुणस्तर र अनुगमन, | | | | |
| ६६ | | १६. राष्ट्रिय वा विशिष्ट सेवा प्रदायक अस्पताल, | | | | |
| ६७ | | १६. परम्परागत उपचार सेवा, | | | | |
| ६८ | | १६. सरूवा रोग नियन्त्रण | | | | |

| क्र.सं. | मुख्य विषयक्षेत्र | संघको एकल (अनुसूची ५) | प्रदेशको एकल (अनुसूची ६) | स्थानीय तहको एकल (अनुसूची ८) | संघ र प्रदेशको साझा (अनुसूची ७) | संघ, प्रदेश र स्थानीय तहको साझा (अनुसूची ९) |
|---|---|---|---|---|---|---|
| ६९ | कानून, न्याय तथा संसदीय मामिला | १७. संघीय संसद, | १०. प्रदेश सभा, | १२. गाउँ सभा, नगर सभा, जिल्ला सभा, | | |
| ७० | | २१. सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत | | १२. स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन | | |
| ७१ | | २१. न्याय प्रशासन सम्बन्धी कानून | | | १...सार्वजनिक कार्य र अभिलेख र न्यायिक प्रक्रिया | |

| क्र.सं. | मुख्य विषयक्षेत्र | संघको एकल (अनुसूची ५) | प्रदेशको एकल (अनुसूची ६) | स्थानीय तहको एकल (अनुसूची ८) | संघ र प्रदेशको साझा (अनुसूची ७) | संघ, प्रदेश र स्थानीय तहको साझा (अनुसूची ९) |
|---|---|---|---|---|---|---|
| ७२ | कानून, न्याय तथा संसदीय मामिला | ३०. फौजदारी, देवानी कानूनको निर्माण | | | १.फौजदारी तथा देवानी कार्यविधि र प्रमाण र शपथ (कानूनी मान्यता, ५.पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी कानून | |
| ७३ | कार्यपालिका तथा मन्त्रिपरिषद सम्बन्धी | १७. संघीय कार्यपालिका, | १०. प्रदेश मन्त्रिपरिषद सम्बन्धी | (गाउँ कार्यपालिका, नगर कार्यपालिका) | | |

| क्र.सं. | मुख्य विषयक्षेत्र | संघको एकल (अनुसूची ५) | प्रदेशको एकल (अनुसूची ६) | स्थानीय तहको एकल (अनुसूची ८) | संघ र प्रदेशको साझा (अनुसूची ७) | संघ, प्रदेश र स्थानीय तहको साझा (अनुसूची ९) |
|---|---|---|---|---|---|---|
| ७४ | योजना, कार्यक्रम तथा तथ्याङ्क (शहरी विकास समेत) | ५. केन्द्रीय योजना,<br>१३. केन्द्रीय तथ्याङ्क (राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक र गुणस्तर)<br>१४. अन्य आयोजना तथा परियोजना | ६. प्रदेश तथ्याङ्क | ६. स्थानीय तथ्याङ्क र अभिलेख संकलन<br>७. स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू<br>१३. स्थानीय अभिलेख व्यवस्थापन<br>१७. बेरोजगारको तथ्याङ्क संकलन | | ११. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क |

| क्र.सं. | मुख्य विषयक्षेत्र | संघको एकल (अनुसूची ५) | प्रदेशको एकल (अनुसूची ६) | स्थानीय तहको एकल (अनुसूची ८) | संघ र प्रदेशको साझा (अनुसूची ७) | संघ, प्रदेश र स्थानीय तहको साझा (अनुसूची ९) |
|---|---|---|---|---|---|---|
| ७५ | उद्योग, वाणिज्य तथा आपूर्ति (खानी खनिज समेत) | १८. अन्तर्राष्ट्रिय व्यापार, | ११. प्रदेशभित्रको व्यापार<br>२०. व्यापार व्यवसाय,<br>२०. कलकारखाना, औद्योगिकीकरण, | १०. स्थानीय बजार व्यवस्थापन, | २. आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन<br>२१. औद्योगीकरण | |
| ७६ | | १८. बन्दरगाह,<br>१८. क्वारेन्टाइन | | | | |
| ७७ | | २४. बौद्धिक सम्पत्ति (पेटेन्ट, डिजाइन, ट्रेडमार्क र प्रतिलिपि अधिकार समेत) | | | | |
| ७८ | | २५. नाप-तौल | | | | |

| क्र.सं. | मुख्य विषयक्षेत्र | संघको एकल (अनुसूची ५) | प्रदेशको एकल (अनुसूची ६) | स्थानीय तहको एकल (अनुसूची ८) | संघ र प्रदेशको साझा (अनुसूची ७) | संघ, प्रदेश र स्थानीय तहको साझा (अनुसूची ९) |
|---|---|---|---|---|---|---|
| ७९ | | २६. खानी उत्खनन | १७. खानी अन्वेषण र व्यवस्थापन | २१. खानी तथा खनिज पदार्थको संरक्षण | १५.उद्योग तथा खनिज | ८. खानी तथा खनिज |
| ८० | कृषि तथा पशुपन्छी विकास, | | २०. कृषि तथा पशु विकास, | १५. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, १८. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण | | ४. कृषि |

| क्र.सं. | मुख्य विषयक्षेत्र | संघको एकल (अनुसूची ५) | प्रदेशको एकल (अनुसूची ६) | स्थानीय तहको एकल (अनुसूची ८) | संघ र प्रदेशको साझा (अनुसूची ७) | संघ, प्रदेश र स्थानीय तहको साझा (अनुसूची ९) |
|---|---|---|---|---|---|---|
| ८१ | वन तथा वातावरण | २७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरण व्यवस्थापन,<br>२९. वातावरण अनुकूलन | १९. वातावरण व्यवस्थापन | १०. वातावरण संरक्षण | १३. वातावरण संरक्षण, | ७. वातावरण, पर्यावरण |
| ८२ | | २७. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिमसार क्षेत्र, | | २१. जलाधार,<br>१०. जैविक विविधता | १३. जैविक विविधता | ७. जैविक विविधता |
| ८३ | | | | २१. वन्यजन्तु, | | ७. वन्यजन्तु, चराचुरुंगी, |
| ८४ | | २७. राष्ट्रिय वन नीति, | १९. प्रदेशभित्रको राष्ट्रिय वन, | | २३.अन्तर प्रादेशिक रूपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण क्षेत्र | ७. वन, जंगल |
| ८५ | | २७.. कार्बन सेवा | | | | |

| क्र.सं. | मुख्य विषयक्षेत्र | संघको एकल (अनुसूची ५) | प्रदेशको एकल (अनुसूची ६) | स्थानीय तहको एकल (अनुसूची ८) | संघ र प्रदेशको साझा (अनुसूची ७) | संघ, प्रदेश र स्थानीय तहको साझा (अनुसूची ९) |
|---|---|---|---|---|---|---|
| ८६ | भूमि व्यवस्था तथा सहकारी | २८. सहकारी नियमन | २. सहकारी संस्था, | २. सहकारी संस्था<br>१५. सहकारी | | १. सहकारी |
| ८७ | | २९. भूउपयोग नीति, | १६. भूमि व्यवस्थापन, जग्गाको अभिलेख | १४. घर जग्गा धनी पुर्जा वितरण | २४.भूमि नीति र सो सम्बन्धी कानून | |
| ८८ | | २९. बस्ती विकास नीति, | | | | |
| ८९ | | (गुठी सम्बन्धी कानून) | २१. गुठी व्यवस्थापन | | | १३. सुकुम्बासी व्यवस्थापन |

| क्र.सं. | मुख्य विषयक्षेत्र | संघको एकल (अनुसूची ५) | प्रदेशको एकल (अनुसूची ६) | स्थानीय तहको एकल (अनुसूची ८) | संघ र प्रदेशको साझा (अनुसूची ७) | संघ, प्रदेश र स्थानीय तहको साझा (अनुसूची ९) |
|---|---|---|---|---|---|---|
| ९० | श्रम, रोजगार र सामाजिक सुरक्षा | ३२. सामाजिक सुरक्षा र गरीबी निवारण | | | ११ सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, श्रमिकको हक, अधिकार र विवाद सम्बन्धी कार्य<br>२५. रोजगारी र बेरोजगार सहायता<br>२१. गरीबी निवारण | १०. सामाजिक सुरक्षा र गरीबी निवारण |

| क्र.सं. | मुख्य विषयक्षेत्र | संघको एकल (अनुसूची ५) | प्रदेशको एकल (अनुसूची ६) | स्थानीय तहको एकल (अनुसूची ८) | संघ र प्रदेशको साझा (अनुसूची ७) | संघ, प्रदेश र स्थानीय तहको साझा (अनुसूची ९) |
|---|---|---|---|---|---|---|
| ९१ | संस्कृति, पर्यटन र नागरिक उड्डयन | ३४. पुरातात्विक महत्वका स्थान<br>३५. प्राचीन स्मारक | १८. भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग | २२. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास | | १२. पुरातत्व, प्राचीन स्मारक र संग्रहालय |
| ९२ | | १९. अन्तर्राष्ट्रिय विमानस्थल, हवाई उड्डयन, | | | | |
| ९३ | | २९. पर्यटन नीति, | | | १८ पर्यटन | |
| ९४ | महिला, बालबालिका, जेष्ठ नागरिक | | | १६. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन | | |

# सन्दर्भ सामाग्री


नेपालको संविधान, (पहिलो संशोधन), (२०७२) ।

नेपाल सरकार, नेपाल सरकार मन्त्रिपरिषद् (कार्यविभाजन) नियमावली, २०७४ (संशोधित २०७५ समेत), नेपाल राजपत्र, खण्ड ६८, अतिरिक्ताङ्क १५ (ग), २०७५ ।

नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, (२०७५), संवत् २०७५ को ऐन नं. २८ ।

नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन (२०७५), संवत् २०७५ को ऐन नं. २९ ।

नेपाल सरकार, संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँड सम्बन्धी मापदण्ड, २०७६ ।

संसद सचिवालय, खानेपानी तथा सरसफाई सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक,(२०७६), (संसदमा विचाराधीन) ।

नेपाल सरकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल ऐन संङ्ग्रह, खण्ड १७, कानून किताब व्यवस्था समिति, २०७४ ।

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४,(प्रदेश सरकार, प्रदेश नं. २, प्रदेश नं. ३, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश) ।

नेपाल सरकार, प्रशासन सुधार सुझाव समितिको प्रतिवेदन, २०७०, प्रशासन सुधार सुझाव समिति, सिंहदरबार, काठमाडौं, २०७० ।

नेपाल सरकार, अर्थ मन्त्रालय, अन्तर-सरकारी वित्तीय हस्तान्तरण (प्रदेश र स्थानीय तह), आ.व. २०७५/०७६ ।

सार्वजनिक सडक ऐन, २०३१ ।

नगर विकास ऐन, २०४५ ।

काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ ।

नेपाल खानेपानी संस्थान ऐन, २०४६ ।

खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ ।

खानेपानी महसूल निर्धारण आयोग ऐन, २०६३ ।

नेपाल सरकार, अर्थ मन्त्रालय, आर्थिक सर्वेक्षण, आ.व. २०७५/०७६ ।

नेपाल सरकार, जलस्रोत ऐन, २०४९ (संशोधन २०७५ समेत), नेपाल ऐन सङ्ग्रह, खण्ड १३, कानून किताब व्यवस्था समिति, २०७४ ।

नेपाल सरकार, विद्युत ऐन, २०४९ (संशोधन २०७५ समेत), नेपाल ऐन सङ्ग्रह, खण्ड १३, कानून किताब व्यवस्था समिति, २०७४ ।

नेपाल सरकार औषधि ऐन, २०३५, नेपाल ऐन सङ्ग्रह, खण्ड १५, कानून किताब व्यवस्था समिति, २०७४ ।

नेपाल सरकार, सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८, नेपाल ऐन सङ्ग्रह, खण्ड १३, कानून किताब व्यवस्था समिति, २०७४ ।

नेपाल सरकार, स्वास्थ्य बीमा ऐन, २०७४, नेपाल ऐन सङ्ग्रह, खण्ड १३, कानून किताब व्यवस्था समिति, २०७४ ।

नेपाल सरकार, शिक्षा ऐन, २०२८ (संशोधन २०७५ समेत) ।

प्राविधिक तथा व्यावसायिक तालिम परिषद ऐन, २०४५ ।

नेपाल सरकार, सिचाई नियमावली, २०५६, नेपाल राजपत्र, फागुन, २०६० ।

नेपाल सरकार, अर्थ मन्त्रालय, आर्थिक ऐन, २०७५, २०७६ जेष्ठ, २०७५ र २०७६ ।

पौडेल, बालानन्द र सापकोटा, कृष्ण प्रसाद समेत 'संघीयतामा स्थानीय तह; संवैंधानिक व्यवस्था र कार्यान्वयन अवस्था' स्वतन्त्र नागरिक सञ्जाल, काठमाडौं, २०७४ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, जानकारी पुस्तिका, काठमाडौं, २०७५ ।

नेपाल सरकार, नेपाल राजपत्र खण्ड ६७, संख्या ६०, शहरी विकास मन्त्रालयको सूचना १, चैत्र, २०७४ ।

प्रदेश सरकार, प्रदेश नं. ३ 'एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन कार्यविधि, २०७५, हेटौडा, नेपाल ।

प्रदेश सरकार, प्रदेश नं. २, च्याफकटर मेशिन वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ ।

प्रदेश सरकार, प्रदेश नं. २, साइलोपिट निर्माण सम्बन्धी कार्यविधि, २०७५ ।

प्रदेश सरकार, प्रदेश नं. २, सामाजिक रूपमा पछाडी परेका साना कृषक तथा विपन्न किसान वर्ग विशेषको लागि बाख्रा र कुखुरापालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ ।

प्रदेश सरकार, प्रदेश नं. २, आकस्मिक पशुपन्छी रोग नियन्त्रण तथा उपचार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ ।

प्रदेश सरकार, प्रदेश नं. २, एकल महिलाको जीविकोपार्जनको लागि पशुपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ ।

प्रदेश सरकार, प्रदेश नं. २, युवा लक्षित व्यवसायिक पशुपन्छीपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ ।

नेपाल सरकार, खानेपानी महसुल निर्धारण आयोग ऐन, २०६३, नेपाल कानून किताब व्यवस्था समिति, २०६३ ।

नेपाल सरकार खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३, नेपाल कानून किताब व्यवस्था समिति, २०६३ ।

सार्वजनिक सडक ऐन (संशोधन २०७५) २०३१, नेपाल कानून किताब व्यवस्था समिति, २०३१ ।

नेपाल सरकार, पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ ।